ISSN 2631-2298

nepalmag.com.np

आइतबार • २६ माघ २०७६ • मूल्य रु. २५

नेपाल

राष्ट्रिय साप्ताहिक



संक्रामक भाइरसको सन्त्रास

विश्वभरि जलवायु परिवर्तनका असर देखिँदै गर्दा नेपाल पनि स्वास्थ्य संकटको जोखिममा

१५ वर्षपछिका प्रधानन्यायाधीश | माघ १९ सम्झाउने दौडधुप

THE ORIGINAL
XXX RUM
Khukri
SINCE 1959
Khukri
XXX Rum
NEPAL'S FINEST
FULLY MATURED RUM
SINCE 1959
Khukri
XXX Rum
खुकुरि XXX रम
PRODUCT OF NEPAL
Since 1959
EXCELLENT.
SMOOTH.
FULLY MATURED
IN WOODEN VATS.
वर्षौंदेखि सर्वप्रिय
www.khukrirum.com
khukrirumnepal
@khukrirum
Enjoy responsibly.

AMBE STEELS
दीर्घायु भवः
विकास सम्भव छ, मजबुत निर्माणले
मजबुत निर्माण बन्छ अम्बे स्टील्स्‌ले
AMBE GROUP
अम्बे स्टील्स्
जे बन्छ, दिगो बन्छ
ने ग्र १९१
नेपाल गुणस्तर
प्रमाण चिन्हद्वारा सम्मानित ।
8mm देखि 32mm
सम्मको Size मा
CERTIFIED ISO 9001:2008 COMPANY
Fe500 gradesteels
UTM TESTED
TMT STEEL BARS



The prime minister says fewer people have to wear dust masks since he's taken office. But pictures don't lie, and neither do numbers. The Post will bring you both, without fear or favour. See upto-the-minute status of air quality in major cities across the country at :

kathmandupost.com/airquality

THE KATHMANDU POST
WITHOUT FEAR OR FAVOUR

K. L. DUGAR GROUP
AURA
NOW IN NEPAL
Joy of Freshness
Works on Low Voltage
Longer Freshness
Larger Freezer Space
Toughened Glass Shelves
10 YEARS* WARRANTY
AURA INTELLIGENT REFRIGERATORS
Available in 190 liters to 230 liters
* CONDITIONS APPLY
Smart Appliances P Limited
COMPANY SHOWROOM: KATHMANDU: CHARKHAL, DILLIBAZAR: 01-4436920 | CORPORATE OFFICE: CHARKHAL, DILLIBAZAR, KATHMANDU, TEL: 01-4443119
BIRATNAGAR: JAIN BHAWAN, MAIN ROAD: 9801305494 | FOR SERVICE: TOLL FREE NO.: 16600110090 | FOR DEALERSHIP: 9801105114

आइतबार, २६ माघ २०७६ (वर्ष २०, अंक २७)
Nepal National Weekly, 9 Feb 2020 (Vol. 20, No. 27)

नजर महाधिवेशनतिर

| २८

१४
हाम्रो नेपालमा
भरिया जिन्दगी

१६
नेविसंघ
लोकतन्त्रको खोजी

१८
समाजवाद बहस-३
दोभान राई

२२
विशेष
१५ वर्षपछिका प्रधानन्यायाधीश

३०
आवरण
संक्रामक रोगको सन्त्रास



पूर्वराजाको जोगी कार्ड

| २५

सम्पादकीय | ५
प्रतिक्रिया | ६
प्रवेश | ८
परिहास | १०
स्मरण | १३
रङ | ४६
तीन किताब | ४८
पुस्तक | ४९
खेलकुद | ५०
कोलाज | ५२
सामयिकी : किशोर नेपाल | ५३
नेपाल मण्डल | ५४
नोटबुक | ५६

३६
समाज
नक्कली जोडी, सक्कली भिसा

३८
अर्थ
डिजिटल बैंकिङ साँघुरो घेरामै

४०
चिन्तन
युभल नोह हरारी

अझै कति झेल्नुपर्ने हो जलवायु परिवर्तनको दोख

इबोला – सार्स – मर्स – स्वाईनफ्लु – जिका ।

एक्काइसौँ शताब्दी सुरु हुनेबित्तिकै हामीलाई माथिका यी शब्दहरू सुन्ने बानी पर्न थाल्यो । अझै के-के सुन्नुपर्ने हो, किनकि शक्तिराष्ट्रका अझै शक्तिशाली बन्ने होडबाजी अनि तिनीहरूजस्तै बन्न चाहने विकासशील राष्ट्रहरूको तँछाडमछाडका सिकार निर्दोष नागरिकहरू बन्दै छन् । कोरोनाभाइरस त्यसको पछिल्लो दृष्टान्त हो । जलवायु परिवर्तनका बाँकी असरहरू अझै देखिँदै जाने अनुमान गर्न सकिन्छ ।

ठूलो मात्रामा पर्यावरणको दोहन हुनुपूर्व पनि संक्रामक रोगहरू नदेखिएका होइनन् । अभाव र अविकासका विगत वर्षहरूमा मलेरिया, टाइफाइडजस्ता संक्रामक रोगहरूको महामारी थियो । तर पछिल्ला दुई दशक, त्यसमध्येका पनि पछिल्ला वर्षहरूमा विश्वभरिका जनताले भोग्दै आएको क्षतिका पछिल्तिर पर्यावरण संकट कारक छ । जलवायुमा देखा परेको यो बदलावका कारण विश्व नै आतंकित बन्न पुगेको छ, जसलाई आज तीव्र गतिमा विकास भइरहेको चिकित्सा परीक्षणले पनि रोक्न असमर्थ बन्दै छ ।

नेपाल म्यागजिनको यो अंकमा संवाददाता सुनिता लोहनीको कभर स्टोरीले कोरोनाभाइरस र अन्य थुप्रै संक्रामक रोगहरूका कारण उत्पन्न स्वास्थ्य संकटबारे चिरफार गरेको छ । अखबार, म्यागजिन पढ्दा होस् या टिभी खोल्दा- हामी यी संक्रामक रोगहरूका कारण सबै महादेश कुनै न कुनै रूपमा त्रस्त छन् भन्ने खबर पाउँछौँ । अरू बेला राजनीतिक खबरले भरिने हेडलाइनहरूलाई अकस्मात् स्वास्थ्य संकटका समाचारले विस्थापित गर्न पुगेका छन् । विज्ञान, प्रविधिको सहजता यतिविधि बढिसक्दा पनि संक्रामक भाइरसहरूका कारण मानवीय स्वास्थ्यको यो क्षति अकल्पनीय छ ।

केही वर्षअघिसम्म क्लाइमेट चेन्ज अर्थात् जलवायु परिवर्तन सम्भ्रान्त विद्वान्हरूले कोठामा गर्ने बुद्धिविलासको एजेन्डा मानिन्थ्यो । तर असमयमै मर्दै गएका जीवजन्तु, बोटबिरुवा, पग्लिएर कुरूप हुँदै गएका हिमाल, ब्राजिल अस्ट्रेलियाजस्ता देशमा नियन्त्रणबाहिर रहेका आगलागी यही जलवायु परिवर्तनका नकारात्मक नतिजा हुन् । केही वर्षयता बालीनालीमा देखिएका संक्रामक रोगहरू नियन्त्रणबाहिर जाँदै छन् । सबैभन्दा ठूलो क्षति त मानिस स्वयंले भोगिरहेको छ ।

विकासका नाममा प्रकृति सिध्याउने विनाशकारी चक्र नेपालमा पनि प्रवेश गरेको छ । आज पहाड र चुरे क्षेत्रमा मनलाग्दी दोहनको परिणाम बर्सेनि पहाडको पहिरो र तराईको बाढीमा भोग्दै छौँ । राज्यसँग कोरोना, डेंगुजस्ता समस्या समाधान गर्ने न भरपर्दो उपाय छ, न त सम्भावित क्षति टार्न अपनाउनुपर्ने पूर्वसावधानी नै ।

बेलैमा बुद्धि पुऱ्याउन सक्ने हो भने यसको उपचार नभएको पनि होइन । युरोपेली देशहरू शून्य कार्बन उत्सर्जनको दिशातर्फ अग्रसर हुँदै छन् । अमेरिका र चीनजस्ता महाशक्तिहरूले विवेकपूर्ण विकासको पक्षमा आफूलाई उभ्याउने हो भने त्यसको सकारात्मक प्रभाव अन्यत्र पनि पर्न सक्छ । तीव्र गतिमा तात्दै गएको पृथ्वी अनि त्यसको वातावरणीय प्रभाव भोगिरहेको ओजोन तहलाई जोगाउने हो भने विश्व नेतृत्वले साहसिक निर्णयहरू गर्न अब तयार हुनुपर्छ । मानव र समस्त प्राणी-प्रजाति जोगाउन योभन्दा अर्को विकल्प छैन ।

कान्तिपुर पब्लिकेसन्सका लागि अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया** निर्देशक : **स्वस्तिका सिरोहिया** सम्पादक : **बसन्त बस्नेत** सहायक सम्पादक : **सन्तोष आचार्य** नायब प्रमुख संवाददाता : **राजकुमार बानियाँ** वरिष्ठ संवाददाता : **जनक नेपाल, माधव बस्नेत** सहायक वरिष्ठ संवाददाता : **योगेश ढकाल, मनबहादुर बस्नेत** संवाददाता : **सुनिता लोहनी, यम बम, कल्पना भट्टराई** डेस्क : **गोकुल अर्याल, गुरुङ सुशान्त** डिजिटल : **रविराज बराल** तस्बिर : **रवि मानन्धर** (संयोजन), **सरोज बैजु** सज्जा : **चन्द्रकुमार प्रजापति** (संयोजन), **घनश्याम डंगोल, यमन मानन्धर, सुनीता अधिकारी** कार्टुन/ग्राफिक्स : **रवीन्द्र मानन्धर** मार्केटिङ : **असुरारी ज्ञवाली, सन्तोष ढकाल**

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि., सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौँ, पो.ब.नं. ८५५९, फोन नं : ५१३५००० (एक्सटे. १६२२), फ्याक्स : ५१३५०२५, विज्ञापन : ५१३५००० (एक्सटे. ११०७), ग्राहक सेवा : ५१३५००० (एक्सटे. १२१३), इमेल : nepalmag@kmg.com.np, पृथ्वी प्रिन्टिङ प्रेस (प्रा.) लि. काठमाडौँमा मुद्रित, प्रकाशन मिति : १९ माघ २०७६, का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८

nepalpatra@kmg.com.np | **लेख :** nepalmag@kmg.com.np | @NepalMagazine | @NepalMagazine | @nepalmagazine

सेनाको ध्यानाकर्षण

गतांकमा प्रकाशित नेपाली सेना र नेतृत्वबारे आवरण कथा र त्यसमा आधारित सम्पादकीय टिप्पणी भ्रामक, निराधार र कपोलकल्पित देखिन्छ । यसको मूलभूत उद्देश्य राष्ट्रिय सेनाको छवि र गरिमा धूमिल तुल्याउने सुनियोजित प्रयासमा आधारित भएको महसुस हुन्छ । कसैको सुनियोजित उद्देश्य पूर्तिको माध्यम बन्दै राष्ट्रिय सेनाको छविमा आँच पुग्ने समाचारको सम्प्रेषणबाट राष्ट्रिय हितलाई असर पार्छ नै । बृहत् संगठन भएकाले व्यक्तिगत गुनासा हुन सक्छन् तर कसैको क्षणिक तुष्टिका निम्ति राष्ट्रिय सेनाको छवि धुमिल्याउने कुत्सित नियतका यस्ता दुष्प्रचारबाट भ्रममा नपर्न जंगी अड्डा पाठक वर्गमा अनुरोध गर्दछ ।

सेनाजस्तो संगठनमा निरन्तर र कतिपय कालखण्डमा कठिन सुधारको खाँचो पनि हुन्छ । यस्तो अवस्थामा लिइने कतिपय निर्णय अप्रिय लाग्नु स्वाभाविक होलान् तर संवैधानिक परिधिमा रही सेना सञ्चालन भइरहेको विदितै छ । संगठनका लागि जनशक्तिको व्यवस्था गर्दा व्यक्तिको चयन, नियुक्ति, बढुवा आदि समस्त कार्यहरू नैतिकता, कार्यक्षमता, संस्थागत आवश्यकता र स्वीकृत सरकारी मापदण्डका आधारमा हुने गरेका छन् । यसमा कसैलाई कतै द्विविधा हुनुपर्ने कारण देखिँदैन ।

कार्यसम्पादनका सिलसिलामा कदाचित यस क्रममा मर्का पर्न गएको भए त्यसलाई सम्बोधन गराउन संस्थागत व्यवस्था गरिएकै छ । त्यस कारण पत्रकारितालाई सस्तो माध्यम ठानेर उपयोग गर्ने-गराउनेहरूले वास्तविकता आत्मसात गर्न जरूरी छ ।

सेनाले संगठनको सुदृढीकरण र विशिष्ट पहिचानलाई अझ सशक्त बनाउँदै व्यवस्थित कार्यप्रणाली, उदाहरणीय जिम्मेवारी निर्वाहशैली, उत्कृष्ट कार्यसम्पादन प्रक्रियालगायत विविध क्रियाकलापमार्फत प्रणाली र पद्धतिबाट सञ्चालित सशक्त संगठनको रूपमा स्थापित गर्न गतिशील, प्रतिबद्ध र समर्पित रही कार्य प्रदर्शन गर्दै आएको यथार्थ संगठनभित्र देखिएका सकारात्मक परिवर्तनबाट प्रस्ट भएको जगजाहेरै छ । सुधारका लागि चालिएका केही कदम एवं परिवर्तनलाई आत्मसात गर्न नसक्नुको परिणाम हुन सक्छ र यसका लागि समय लाग्न सक्छ । तर सकारात्मक परिवर्तनलाई स्वीकार्नु एवं संगठनको सुधारको कार्यलाई रोक्ने विकल्प नेपाली सेनालाई उपलब्ध छैन ।

■ **रविनकुमार अधिकारी**

सेनानी, मिडिया अप्स, जंगी अड्डा, भद्रकाली

नेपालको जवाफ

समाचार र सम्पादकीयमा प्रस्तुत तथ्य र विश्लेषणप्रति हामी पूर्ण विश्वस्त छौं । नेपाली सेनाले दिएको प्रतिक्रियामा 'समाचार र सम्पादकीय भ्रामक, निराधार र कपोलकल्पित' भनिएको छ । तर रिपोर्टको कुनचाहिं तथ्य भ्रामक र कपोलकल्पित भन्ने खुलाइएको छैन । तथ्यगत खण्डन आए हामी त्यसको स्वागत गर्नेछौं ।

विकृति सार्वजनिक हुँदा सेनाको छविमा आँच आउँदैन बरू सुधारका लागि सहयोग पुग्नेछ । सेना नागरिकको सम्पत्ति हो, त्यस अर्थमा यो संस्था कसरी सञ्चालन भइरहेको छ भनी चासो राख्नु नागरिकको कर्तव्य र अधिकार दुवै हो ।

– सम्पादक

सातामा ७ nepalmag.com.np

१ **विद्युत् पहुँच पुगे पनि सबस्टेसन नबन्दा दुर्घटनाको जोखिम**
जिल्लाको पर्यटकीय गन्तव्य सन्दकपुरमा विद्युत् पहुँच पुगेको छ । कन्काई माईको उद्गमस्थलमा विद्युत् पुर्‍याउनु पर्यटकीय दृष्टिले अनुचित होइन । तत्कालका लागि केही घरधुरीले मात्र उपभोग गर्ने भए पनि सन्दकपुरको पर्यटनबाट एकलौटी फाइदा उठाउँदै आएको भारतीय क्षेत्रभन्दा पहिला नेपाली भू-भागमा बिजुली पुग्नुले पर्यटन गतिविधि फस्टाउने सम्भावनाको ढोका खोलेको छ । तर त्यहाँसम्म बिजुली पुर्‍याउँदा आउने खर्च र प्रणाली हेर्दा भने उदेक लाग्छ ।

२ **नेविसंघमा लोकतन्त्रको खोजी**
पछिल्लोपल्ट कांग्रेस सभापति शेरबहादुर देउवा, रामचन्द्र पौडेल र कृष्णप्रसाद सिटौलाले नेविसंघको केन्द्रीय तदर्थ समितिमा भागबन्डा गरेपछि कांग्रेसको आन्तरिक लोकतन्त्रमाथि प्रश्न उब्जिएको छ । युवा विद्यार्थीले नेविसंघ विधानको व्यवस्थामा टेकेर यसको प्रतिरोध गरिरहेका छन्, जसको झल्को कांग्रेस मुख्यालयमै देख्न सकिन्छ ।

३ **बिदा चाचाजी** !
पुरानो पुस्ताका पत्रकार 'चाचाजी' अर्थात् पन्नालाल गुप्त अब रहेनन् । मुलुकको केन्द्रीय मुकामभन्दा टाढा रहेर स्थानीय पत्रकारितामा लामो योगदान गरेका चाचाजी धेरैका प्रिय पत्रकार थिए । ९२ वर्षको उमेरमा १५ माघ साँझ नेपालगन्जमा उनको निधन भयो । एउटा सरल, सादगी र सक्रिय जीवनको आर्दश भने उनलाई चिन्नेहरूको स्मृतिमा रहिरहनेछ ।

४ **कान्तिपुरी, मोफसल र लाहुरे** (**अभि सुवेदी**)
म इलामको देउमाईमा भएको यो भेलालाई ऐतिहासिक मान्छु किनभने यसअघि निकै वर्षपहिले यहाँ लेखकहरूको भेला भएको थियो । सो भेलामा भाग लिन नेपालका सुविख्यात लेखक पनि यहाँ आएका थिए । आज त्यो इतिहासको सम्झना गर्दा महत्त्वपूर्ण कुरा अगाडि आउँछन् । त्यो सम्मेलनबारे अनेकौं पाठ निस्केका छन् तर म यहाँ केही भिजुअलको प्रसंग ल्याउन चाहन्छु । र, मेरो प्रस्तुति 'कान्तिपुरी, मोफसल र लाहुरे' शीर्षकअन्तर्गत राख्नेछु ।

५ **डाभोसमा हरारी : प्रविधिको विकासले समाप्त हुन सक्छ मानव जाति**
अहिले कृत्रिम बौद्धिकता (एआई) को विकास अझ उन्नत चरणतिर लम्किँदै छ र यसले चाँडै पूर्ण क्षमतामा काम गर्न सक्नेछ । पुराना काम हराउनेछन् र नयाँ काम सिर्जना हुनेछन् । तर ती नयाँ काममा पनि छिटोछिटो परिमार्जन हुनेछ र हराउनेछन् । हामीभन्दा अघिका मानिसले शोषणविरूद्ध संघर्ष गरेका थिए तर एक्काइसौं शताब्दीमा मानिसले असान्दर्भिक हुनबाट बच्न साँच्चिकै ठूलो संघर्ष गर्नुपर्ने हुन्छ । असान्दर्भिक हुनु, शोषित हुनुभन्दा धेरै खतरनाक हो ।

६ **भ्रमपूर्ण 'समाजवादउन्मुख राज्य'** (**पोडकास्ट**)
नेपालको कम्युनिस्ट आन्दोलन स्थापित सत्ताको प्रतिरोधमा कति धेरै व्यस्त भयो भने नेपालमा कम्युनिस्ट विचारधारा वा समाजवाद कस्तो हुने भन्ने प्रश्न नै गौण भइदियो ।

७ **माथिकै छायामा टाक्सिएको नेविसंघ** (**भिडियो रिपोर्ट**)
नेविसंघको महाधिवेशन सुरू भइसकेको थियो । २२ जिल्लामा अधिवेशन सम्पन्न भइसकेका थिए । तर अधिवेशन जारी रहेकै बेला एक वर्षअघि कांग्रेसले नेविसंघ केन्द्रीय समिति भंग गरिदियो । निर्वाचन गराइरहेको समिति भंग गराउनुका पछाडि पनि विद्यार्थीको यो मोर्चामा आफ्नो नियन्त्रण गुम्छ कि भन्ने नेतृत्वको मनसुवाले काम गरेको थियो । केन्द्रीय अधिवेशन गराउन एक वर्षपछि तदर्थ समिति गठन गरिएको छ तर विधान मिचेर ।

सबै स्टोरी पढ्न क्युआर कोड स्क्यान गर्नुहोस् ।

NESY
CLASSIC
The Culture
Of Pleasure
4 Litre
NESY
CLASSIC
GRAPPLE WHITE SWEET WINE
The Culture Of Pleasure
NESY
CLASSIC
RED SWEET WINE
The Culture Of Pleasure
PULL STRIP TO OPEN
NESY
Product of Nepal
Regd No. 10376/226
NESY
Product of Nepal
Grapple
Exclusive fruit wine
White
Sakaro Fermented Beverage (P) Ltd
750 ml
NESY
Product of Nepal
Grapple
Exclusive fruit wine
Rosé
Sakaro Fermented Beverage (P) Ltd.
750 ml
NESY
Product of Nepal
Nettlange
Exclusive fruit wine
White
Sakaro Fermented Beverage (P) Ltd. Kathmandu
750 ml
SAKARO FERMENTED BEVERAGE PVT. LTD.
Kathmandu, Nepal

प्रवेश

सोझै

साताका चर्चित

दिनेश सुनार
पार्कर खेलाडी

'द मस्ट ब्याकवार्ड समरसल्ट अगेन्स्ट ट्राम्पोलिन इन एन आवर' मा चौथो पटक विश्व कीर्तिमान ।

पन्नालाल गुप्त
प्रेस स्वतन्त्रता सेनानी

चाचाजीका नामबाट प्रख्यात पत्रकारको ९२ वर्षमा बांकेमा निधन ।

लीलबहादुर क्षत्री
साहित्यकार

भारत सरकारको शीर्षस्थ सम्मान पद्मश्री प्रदान ।

सौरभ राणा
एसएसपी, सुनसरी

झापाकी एक महिलामाथि यौन शोषणको आरोप लागेपछि गृह मन्त्रालयद्वारा निलम्बन ।

गुलेफुन मियाँ खातुन
प्रदेश १ सांसद

उच्च अदालत विराटनगरद्वारा सरकारी छाप दस्तखत किर्ते मुद्दामा दोषी ठहर गरी १ वर्ष कैदको फैसला ।

मस्तिष्कमा अड्कियो टेपवर्म

एजेन्सी

गेरार्दो नामक अमेरिकीलाई फुट्लाजस्तो गरी टाउको दुखिरहन्थ्यो । बान्ता पनि भइरहन्थ्यो । दशकदेखि टाउको दुख्नुको कारण भने पत्ता लाग्न सकेको थिएन । अन्ततः मस्तिष्कमा टेपवर्म पसेकाले टाउको दुखेको पत्ता लागेको छ ।

न्युजडटस्काइडटकमका अनुसार गेरार्दोले १० वर्षअघि मेक्सिकोमा राम्ररी नपाकेको सुँगुरको मासु खाएका थिए । सोही मासुबाट उनको मस्तिष्कमा टेपवर्म पसेर अड्केको हो । गत वर्ष फुटबल खेल्ने क्रममा मैदानमै बेहोस भएपछि उनको एमआरआई भयो ।

अस्टिनको अयासेन्सन सेटनका न्युरोसर्जन जोर्डन एमाडीओले गेरार्दोको मस्तिष्कमा भएको टेपवर्म घटना बिरलै र असाधारण भएको टिप्पणी गर्छन् । तर टेक्सास र क्यालिफोर्निया राज्यमा टेपवर्मको बिरामी फेला पर्नु सामान्य भएको हो । शल्यक्रियापछि गेरार्दो स्वस्थ भएर काममा फर्किसकेका छन् । केही वर्षअघि उनकी बहिनीको मस्तिष्कमा पनि टेपवर्म फेला परेको थियो । ने

इन्फोग्राफिक्स : यमन मानन्धर

स्रोत : 'नेपालमा विप्रेषण आप्रवाहको स्थिति' अध्ययन, नेपाल राष्ट्र बैंक

त्यस बखतको **नेपाल**

महाधिवेशनपछिका महासमस्याहरू

गिरिजाप्रसाद कोइरालाको प्रतिष्ठा एक राष्ट्रिय स्तरको नेताका रूपमा दिनप्रतिदिन कमजोर हुँदै गइरहेको बेला उहाँले कांग्रेसभित्रको सभापति पदको अंकगणितीय खेलमा जित हासिल गर्नु भए तापनि पोखरा परिणामले उहाँलाई खासै उत्साहित बनाउने स्थिति छैन। पोखरा परिणामबाट उहाँ सन्तुष्ट हुन सक्नु हुन्छ, प्रसन्न होइन। त्यसको संकेतस्वरूप प्रधानमन्त्री कोइराला आफू विजयी घोषित भएको दिन साढे आठ नबज्दै सुत्नुभएको कुरा बताउँछ। तर, पोखरा महाधिवेशनले कोइरालाका निम्ति एउटा शुभसमाचार पनि ल्याएको छ। त्यो हो- पार्टीभित्र कोइरालाको पकड अझ कोहीभन्दा मजबुत छ, चाहे त्यो पकड समयका साथै अंकगणितीय खेलमा समेत कमजोर हुँदै गएको किन नहोस्। अर्कोतिर देउवासामु पोखरा महाधिवेशनले एउटा खतराको घन्टी बजाएको छ। त्यो के भने- आजसम्म दोस्रो पुस्ताका नम्बर एक हस्तीको हैसियत प्राप्त देउवा निर्वाचनको हारपछि आगामी दिनहरूमा सो हैसियत कायम राख्न नसक्ने खतरा।

नेपाल, १६-२९ माघ २०५७

परिहास

लाइसेन्सवाला पत्रकार

अबउप्रान्त जाँच दिएर पास भएका पत्रकारलाई मात्रै पत्रकार मान्ने कानुन बन्न लाग्दै छ । मिडिया विधेयकमा यो बुँदा राख्न लागेको भन्दै अहिले कताकता विरोध पनि भइरहेको छ । यदि यो विधेयक पारित भयो भने यसैको नतिजास्वरूप देशमा दुई खाले पत्रकार उत्पादन हुने भए । एक- लाइसेन्स भएका पत्रकार र अर्को- लाइसेन्स नभएका पत्रकार । सायद लाइसेन्स दिने बेलामा सरकारले एउटा अर्को व्यवस्था गर्छ होला । जोजो जाँचमा पास भएको हो, त्यसलाई प्रधानमन्त्रीले चाहेको एक-एक थान मुटु पनि प्रदान गर्ने । जोसँग मुटु हुन्छ, त्योसँग लाइसेन्स पनि हुन्छ, जोसँग मुटु हुँदैन, त्योसँग लाइसेन्स पनि हुँदैन ।

अलिअलि विरोध भए पनि सरकारले यो लाइसेन्सवाला नियम जो ल्याउन खाज्दै छ, त्यसको एउटै मात्र मकसद भनेको सायद पत्रकारिता क्षेत्र सुध्रियोस् भनेर नै होला । राम्रो बनाउन ल्याएको कानुन नराम्रो हुने त कुरै भएन । वास्तवमा राजनीतिमा जो आउन चाहन्छ, तिनलाई चाहिं जाँच लिएर अनिवार्य रूपमा लाइसेन्स लिन लगाउनुपर्ने देखिन्छ । कमसेकम चुनाव लड्नुअघि जाँच लिने र पास भएकालाई मात्र मनोनयन दर्ता गराउने व्यवस्था गर्नैपर्ने देखिन्छ । यति गरेपछि मात्रै अलिकति देश सुध्रिन्छ कि ? सुधार गर्नकै लागि लाइसेन्स चाहिने हो भने देशलाई चाहिं सुधार्नु नपर्ने ? पत्रिका चलाउन लाइसेन्स लिनुपर्ने, गाडी चलाउन लाइसेन्स लिनुपर्ने अनि सरकार चलाउनचाहिं लाइसेन्स लिनु नपर्ने ?

सुरेश किरण

कोरोनाको व्यापार

नयाँ-नयाँ कुरा बनाउन चीन खप्पिस छ । जे पनि नयाँ बनाएर चीनले विश्वलाई नै चकित पारेको पाऱ्यै छ । अब हेर्नुस्, रोगसमेत नयाँ बनाइदियो । कोरोना भाइरस रे ! आजसम्म कहिल्यै सुनिएको थिएन । चीनले रातारात बनाइदियो । मानिस नयाँनयाँ औषधी बनाउँछन्, चीनचाहिं नयाँनयाँ रोग बनाउँदै छ ।

वास्तवमा रोग बनाउनु सानो कुरा होइन । तर चीनले पनि कहिल्यै पछि हट्न जानेको छैन । रातदिन लगाएर भए पनि नयाँ रोग बनाइदियो । ब्रान्ड राखिदियो 'कोरोना भाइरस' । अब सबैलाई थाहा छ, चीन एक निर्यातमुखी मुलुक हो । चीनले जे बनाउँछ, त्यो विश्वभरि एकै खेपमा निर्यात पनि गरिहाल्छ । अहिले उत्पादन भएको नयाँ रोग पनि विश्वभरि निर्यात हुँदै छ । नेपाल त भन्

प्रचण्ड पोस्टर

भूपालमानसिंह कार्कीले आफू जीवित हुंदै सालिक बनाए । अनि, जीवितै पार्टीका ब्यानर पोस्टरमा तस्बिर टाँस्ने पहिलो नेताको रेकर्ड पुष्पकमल दाहाल 'प्रचण्ड' को नाममा रह्यो । भित्ताभित्तामा तस्बिरसहित 'भावी राष्ट्रपति' लेखाउने नेता न परे ।

सत्ताधारी डबल नेकपाको केन्द्रीय समिति बैठक स्थलको दृश्य पूर्वएमालेभन्दा दुई कारणले भिन्न थियो । एउटा- सूर्यचिह्नसँगै एमालेको सट्टा नेकपा लेखिएको थियो । अर्को, ब्यानरमा पुष्पलाल श्रेष्ठ र मदन भण्डारीसँगै मनमोहन अधिकारीको तस्बिर थिएन ।

एमाले र माओवादी केन्द्र एकताको पनि त संकेत देखिनुपर्‍यो । समानतामा आधारित एकता जो भनिएको छ । पूर्वमाओवादीसँग मिल्ने एउटै दृश्य थियो, डबल अध्यक्ष कमरेडका तस्बिर ।

■ **महर्षि**

हैरानकाजीको जुक्ति

सडक र सदन जम्मै कब्जा गऱ्यो, नेकपाले । नसकेको त्यही सामाजिक सञ्जाल न हो । त्यसमा पनि आफैं छाएको छ । यस्तो रहरलाग्दो बेला मन्त्री हुनुको मज्जा नै बेग्लै । प्रतिनिधिसभाको उपविजेता, राष्ट्रिय सभा पुगेर मन्त्री हुने पहिलो व्यक्ति । भोलि लोकसेवाकै प्रश्नमा अटाउने यस्तो अवसर छाड्ने कुरै थिएन । मान्छे बित्थामा चुनाव हारेको नेता राष्ट्रिय सभामा आएको भनेर गाली गर्छन् ।

अवसर नआउँदा पनि नैतिकताको कुरा हुन्छ ? कहिलेकाहीं नेतालाई धम्क्याउन पो नैतिकताको कुरा । डा गोविन्द केसी समर्थनको आलोचनापछि प्रवक्ताबाट राजीनामा । स्वाभिमानको स्वर त्यस्तै कडा । नेताको सरल जीवनशैलीको कथा मात्रै कहां हो र ! सार्वजनिक बस चढेर होस् वा पत्रकारसामु धरधरी रोएरै किन नहोस् । नेताहरूलाई हैरान

चीनको छिमेकी नै भइहाल्यो । यता निर्यात नगर्ने कुरै भएन । अब चीनले दिएपछि हामीले त्यसलाई ग्रहण नगर्ने भन्ने कुरा पनि भएन । आजसम्म चीनले दिएको के पो हामीले ग्रहण गरेका छैनौं र ? ट्रलिबस, रिङरोड, हवाईजहाज, हातहतियार, रेलमार्ग आदि-आदि । अब कोरोना ग्रहण गर्न केको आपत्ति ?

मानिस सोचिरहेका होलान्, चीनले यो रोग उत्पादनचाहिँ किन गरेको होला ? वास्तवमा रोग उत्पादन गर्नु घातक मात्र होइन, त्यसको व्यापारिक फाइदा पनि हुने रहेछ । त्यसमाथि चीनले उत्पादन गरेको भनेपछि रोग नै भए पनि त्यसको व्यापारिक प्रयोजन नहुने त कुरै भएन । रोग आएपछि त्यसको पछिपछि औषधी पनि आउँछ । अतः रोग बनाएपछि औषधी पनि बनाउने पर्‍यो । अहिले रोग निर्यात गर्‍यो, त्यसपछि औषधी निर्यात गर्‍यो । भएन त व्यापारिक फाइदा ?

दौरा-सुरुवालीकृत माओवादी



कमरेड अग्नि सापकोटा सभामुख नियुक्त हुनेबित्तिकै नयाँ पोसाकमा प्रकट भए । अर्थात्, उनी राष्ट्रिय पोसाक दौरा-सुरुवालमा प्रकट भएका हुन् । यसलाई उनको परिवर्तित पोसाकभन्दा फरक नपर्ला । कमरेड सापकोटा मुलुक परिवर्तनका लागि राजनीतिमा लागेका योद्धा हुन् । अतः सभामुख हुनेबित्तिकै उनले आफूलाई परिवर्तन गरेका छन् । त्यसको सुरूआत पोसाकबाट भएको छ ।

जनयुद्धमा सक्रिय भइरहेका बेला माओवादी नेताहरू दौरा-सुरुवाललाई पञ्चायती पोसाक भन्ने गर्थे । जनयुद्ध सकिएर सत्तामा पुगेपछि भने उनीहरू आफैं क्रमशः 'दौरा-सुरुवालीकरण' हुँदै गए । पहिले उपराष्ट्रपति नन्दबहादुर पुनले दौरा-सुरुवाल ग्रहण गरे । त्यसपछि निवर्तमान सभामुख कृष्णबहादुर महरा दौरा-सुरुवालमा लागे । एक पटक गृहमन्त्री रामबहादुर थापा पनि दौरा-सुरुवालतिर लागेका थिए । यसरी माओवादी नेताहरू क्रमशः दौरा-सुरुवालीकरण हुँदै गइरहेको देख्छु, म । त्यसको लेटेस्ट भर्सनको रूपमा आएका हुन्, कमरेड अग्नि । गत साता सदनमा सभामुख जित्नेबित्तिकै जुन वेगमा उनी प्रधानमन्त्री केपी ओलीतिर दौडिए, त्यो देख्दा लाग्छ, उनको 'दौरा-सुरुवालीकरण' अरूको तुलनामा अझ बेगवान छ ।

माओवादी नेताहरू अहिले एकपछि अर्को दौरा-सुरुवालीकृत हुँदै गइरहेको देख्दा सर्वसाधारण भने चकित छन् । त्यो हुनु स्वाभाविक पनि हो किनभने मान्छेले पोसाक लाज छोप्न लगाउने हो । तर माओवादी नेताहरूको लाज दौरा-सुरुवालले छोपेको छैन, झन् उदांगो पारिदिएको छ । यस्तो अवस्थामा मान्छे चकित नभए अरू के हुन्छ ?

पार्ने ती हर्कत त भोलि मन्त्री पड्काउन बार्गेनिङ पो हो । नेकपाका हैरानकाजीको जुक्ति खै बुझेको ?

■ **हुन्डरी**

फ्याट्ट एमाले !

केपी ओली प्रधानमन्त्री भएको दुई वर्ष भइसक्यो । अझै नेकपा एमालेको अध्यक्षजस्तो अन्टसन्ट बोलिराख्या हुन्छन् । उनलाई संसद्‌मा झन्डै दुई तिहाइ संख्या ओगटेको नेकपाको अध्यक्ष एवं प्रधानमन्त्री भएको हेक्कै छैन सायद । घरि प्रतिपक्षी नेताले जस्तो बकबक गरिरहेका हुन्छन् । घरि हास्य अभिनेताजस्तो जोक्स फर्माइरहेका हुन्छन् । घरि त आफूलाई नै बिर्सेजस्तो गरिरहेका हुन्छन् । राष्ट्रिय सभागृहमा नेकपाको जम्बो केन्द्रीय बैठकमा ओली पनि कुर्लिएछन्, 'डेढ वर्ष भइसक्यो नेकपा भाको, कहिले-कहिले बोल्दै जाँदाखेरि फ्याट्ट एमाले भनिन्छ । अनि, सम्झिँदाखेरि ए हामी त नेकपा भइसकियो !' हो त कमरेड । यस्तै तालले त समृद्ध नेपाल गफाडीको दिवास्वप्नजस्तो हुने भो त !

■ **लाल कुमाल**

घरघरमा मेयर

अनौंठो भएछ, काठमाडौं महानगरका मेयर विद्यासुन्दर शाक्य बिहानै मतदाताको घरघर पुग्न थालेछन् । आफूले जिताएर पठाएका मेयरलाई अढाई वर्ष नदेखेका मतदाता जिल्ल परे । यो के भयो ? महानगर नै गएर समस्या सुनाउन खोज्दा समय नदिने मेयर घरघरमा ?

मतदाताले फेरि सोचे, '५ वर्षका लागि जिताएर पठाएको फेरि के आइलागेछ ?' सोधिहेरे, 'चुनाव छ र मेयरज्यू ?' शाक्यले मतदाताका समस्या र गुनासा सुन्न घरघरै हिंडेको बताएछन् । जनताले पत्याएनन् र भने, 'फेरि चुनाव आयो र ?'

■ **युवा बाबा**

KANTIPUR PUBLICATIONS PVT. LTD.

KMG

बदलिँदो नेपालको
अन्तरकथा

नेपाल म्यागजिन
अब APP मा पनि

आजै डाउनलोड गर्नुहोस् ।

GET IT ON Google Play

Available on the App Store

अखबारमा कार्टुनकारिता



शशि शाह

बम्बईको जेजे स्कुल अफ आर्ट्स नजिकै थियो, *द टाइम्स अफ इन्डिया*को मुख्यालय । पत्रिकाका सम्पादक हाम्रो स्कुलको आयोजनामा हुने कला प्रदर्शनी अवलोकन गर्न नियमित आउँथे । *द टाइम्स अफ इन्डिया* व्यवस्थापनले हिन्दी संस्करण *धर्मयुग* पनि प्रकाशित गर्थ्यो । उक्त अखबारका सम्पादक धर्मवीर भारतीले मेरो प्रतिभा देखेरै *धर्मयुग*मा कार्टुन बनाउने अवसर जुटाइदिए, सन् १९६४ मा ।

जेजे स्कुलको अध्ययन सकेर आएपछि पनि मलाई दुई-तीन वर्षसम्म कार्टुन बनाउने अवसर मिल्यो । *धर्मयुग*मा ७ वर्षजतिको कार्टुनकारिता गर्दा सयदेखि १ सय ७० भारूसम्म मिल्थ्यो । पछि पत्रिका बन्द हुन पुग्यो ।

मैले भारत, नयाँदिल्लीबाट प्रकाशित हुने *दिनमान*मा पनि कार्टुन नाएँ । *दिनमान*लाई हिन्दी साप्ताहिक पत्रिकामध्ये पहिलोमा गणना गरिन्छ, भारतमा । सच्चिदानन्द हिरानन्द वात्स्यायनले यो पत्रिका सुरू गरेका थिए । यो पत्रिकामा मैले नियमित रूपमा कार्टुन भने बनाइनँ ।

बम्बई छाडेपछि मेरा दाजु गोवर्द्धनविक्रम शाह (कूटनीतिक कर्मचारी, राजदूत) ले ०१३-१४ सालतिर डा केआई सिंह (संयुक्त प्रजा पार्टी) ले चलाएको पत्रिका *संयुक्त प्रयास*मा व्यंग्यचित्र बनाउँथे । *संयुक्त प्रयास* चलिरहेका बेला राजा महेन्द्रले सिंहलाई प्रधानमन्त्रीमा नियुक्त गरे । यस पत्रिकाका सम्पादक शिवहरिसिंह प्रधान 'पागल' थिए । केआई सिंहका मुख्य सल्लाहकार केबी शाही नै पत्रिकाका पनि मुख्य सल्लाहकार थिए । उनी पञ्चायतका मन्त्रीसमेत बने ।

राजा महेन्द्रले संसदीय चुनाव घोषणा गरेर चुनावी सरकारको नेतृत्व सुवर्णशमशेर राणालाई सुम्पिए । *संयुक्त प्रयास*ले कांग्रेसको उछित्तो काड्थ्यो भने राजा महेन्द्रको गुणगान गाउँथ्यो । *संयुक्त प्रयास*ले २२ जेठ ०१५ मा वर्ष ३, अंक ११ मा ५० पृष्ठको पत्रिकाको मुखपृष्ठ र अन्तिम आवरणमा कांग्रेसलाई साँढेसँग तुलना गरेर प्रजातन्त्रको जगमा प्रहार गरेको कार्टुन छापेको थियो ।

चुनावपछि २०१६ मा बीपी कोइराला नेतृत्वको सरकार बन्यो । कांग्रेस सरकारले *संयुक्त प्रयास* बन्द गरिदियो । त्यसपछि *संयुक्त जनप्रयास* नाम दिएर पत्रिका निक्लन थाल्यो । यसको व्यवस्थापन र सम्पादन समूह भने पुरानै थियो ।

मैले *संयुक्त प्रयास* र *समीक्षा*मा पनि बिनापारिश्रमिक कार्टुन बनाएँ । *समीक्षा*का लागि कहिले मदनमणि दीक्षित आउँथे त कहिले विनोद दीक्षित, लौ न कार्टुन बनाइनुपर्‍यो भनेर । *संयुक्त जनप्रयास*मा नियमित रूपमै कार्टुन बनाएँ । कार्टुनिस्टहरूले 'निक नेम' राखेर व्यंग्यचित्र बनाउने प्रचलन थियो । मैले भने ०२६ सम्म चलेको त्यस पत्रिकामा शशि शाहकै नामबाट कार्टुन बनाएँ ।

०३० पछि मात्र विभिन्न अखबारका निम्ति कार्टुनमा रैथाने शशिविक्रम शाह नाम राख्न थालेँ । त्यतिबेलै वात्स्यायन (दुर्गा बराल), जुँगेमुठे (शरद रञ्जित), बलु (बलराम थापा), डिकेड (धीरेशकुमार दाहाल), तिखे (कुलमान सिंह) इत्यादि लेख्थे ।

कार्टुनकारिताका क्रममा म थुप्रै अखबारसँग जोडिएँ । मदनमणि दीक्षितको *समीक्षा*, श्रीधर खनाल 'फाइँफुट्टीराज' को *रमिता*, पदम ठकुराठीको *साप्ताहिक मञ्च*, गाईजात्रे *भाँडभैलो*लगायत पत्रिकामा कार्टुन बनाएँ ।

जनमतसंग्रहका समय १ असार ०३६ सालमा मैले रैथानेको नामबाट बनाएको व्यंग्यचित्रले उबेला तहल्का मच्चाएको थियो । सूर्यबहादुर थापा त्यतिबेला प्रधानमन्त्री थिए । पञ्चायत व्यवस्थालाई थोत्रो मोटर बनाएर त्यसका पार्टपुर्जा, पांग्रा भुइँमा खसेको व्यंग्य समावेश गरेको थिएँ । उक्त मोटरका बिग्रे-भत्केका पार्टपुर्जा बनाउन थालेका थापाले व्यवस्थामा 'क्रमिक सुधार' गरिने भनेर हातमा लिएको पेचकस देखाएर यो कुन पञ्चायत हो, तिमी कहाँ छौ भनेर कार्टुन बनाएको थिएँ । यो कार्टुनलाई त्यतिबेला खुबै रूचाइयो ।

*समीक्षा*मा 'गधा धोएर गाई हुँदैन' शीर्षकमा पञ्चायतलाई गाली गरेर बलराम थापा 'बलु' ले बनाएको कार्टुनका कारण मदनमणिले सरकारी सजायको भागीदार हुनु परेको थियो । सम्पादककै जिम्मामा पत्रिका प्रकाशन हुँदा कार्टुनिस्टले पञ्चायतकालमा पनि कारबाही भोग्नु पर्दैनथ्यो ।

सरकारी स्वामित्वको *गोरखापत्र*मा भने मागे मात्र कार्टुन बनाउँथेँ । त्यसको पारिश्रमिक पनि दिन्थ्यो । सरकारी स्वामित्वको अखबार भएको हुँदा व्यवस्थाको विरोध गरेर व्यंग्यचित्र बनाउन पाइँदैनथ्यो । आफ्नो मूल पेसा त छँदै थियो । २०१६ देखि ०४० सालसम्म कार्टुनकारिता गरियो, विभिन्न पत्रिकामा । पछिल्लो समय आफ्नै कला सिर्जनामा व्यस्त भएँ । २०१८ देखि द्वैमासिक रूपमा प्रकाशित साहित्यिक पत्रिका *रचना*मा आक्कलझुक्कल कार्टुन कोर्थें । नेपाल प्रज्ञाप्रतिष्ठानको प्राज्ञ (०५१) भएपछि भने नियमित रूपमा बनाउँदै छु ।

धर्मयुग, ४ फेब्रुअरी १९६८

▪ **प्रस्तुति : गोकुल अर्याल**

पोडकास्ट सुन्न soundcloud.com/nepalmagazine

भरिया जिन्दगी

छम गुरुङ

वर्षमा दुई सिजन ट्रेक चल्छ, लार्के-पास ट्रेक । सालिन्दा हजारौँ पर्यटकले लार्के पास गर्छन् । सबै पर्यटक आफ्नो झिटिझाम्टा आफैँ बोकेर यात्रा गर्न सक्दैनन्। ५ हजार १ सय ६ मिटरको उचाइ एक्लै पार गर्न कठिन पनि हुन्छ। त्यसका लागि पोर्टर अर्थात् भरियाको जरुरत पर्छ नै।

बिहान ब्रेकफास्टलगत्तै त्यस दिनको गन्तव्यतर्फ अघि बढ्छन् । दिउँसो लन्च बेला एक खेप आफ्नो विदेशी समूहसँग भेट गर्छन् तर खाना एकै ठाउँ खाँदैनन् । नेपाली खाना छुट्टै, पर्यटक समूहको छुट्टै । सुत्ने सुविधा पनि फरक नै हुन्छ । मनास्लु अर्थात् लार्के ट्रेकमा भने हरछाक २ सय रुपैयाँको कुपन काट्ने चलन रहेछ।

क्याम्पिङवाला भरियाहरू जहाँ पानी हुन्छ, त्यहीँ सामूहिक पकाएर खान्छन् र गन्तव्य ताक्छन्। भारी बोक्दै जाँदा थकाइ मार्छन्। केही छिन गफगाफ गर्छन्। चुरोट र सुल्पा तान्छन्। यात्राभरि महिला भरिया भने देखिएन। १५-१६ को उमेरदेखि भरिया हुँदै आएको आएको बताउने नुवाकोट, बुङताङका ५० वर्षीय दावादेखि ९ कक्षा अध्ययनरत १७ वर्षीय जितेनले यसरी भारी बोक्दै आएका छन् । उनीहरूले दिनभरि ४० किलोसम्मको भारी बोकेर १ हजारदेखि १५ सय हात पारे पनि ७ सयदेखि ९ सय रुपैयाँ मात्रै बचत गर्न सक्दा रहेछन् ।

भारी बोकेर बाससम्म पुऱ्याएपछि रमाइलो गर्ने पालो। कोही–कोही त रातभरि जुवाको खालमा पनि भेटिन्छन्। ट्रेकिङ खासमा दुई खाले हुन्छन्। एक– टीहाउस अर्थात् होटल–लजमा बस्ने। दुई– क्याम्पिङ अर्थात् टेन्ट टाँग्दै घुम्ने। हिमाल चढ्ने समूह पनि क्याम्पिङ हो तर हिजोआज अक्सर टी–हाउसवाला नै प्रचलित छ। एकै ट्रेक केही दिन टी–हाउस, केही दिनचाहिँ क्याम्पिङ हुन पनि सक्छ। ने

^ अनशनकारीलाई साथ दिन पुगेका कांग्रेस महामन्त्री शशांक कोइराला

नेविसंघमा लोकतन्त्रको खोजी

महाधिवेशन फेरि पनि नेताकै तजबिजमा

रविराज बराल

यस्तो समय थियो, जतिबेला राजनीतिक दलहरू प्रतिबन्धित थिए । निरंकुश पञ्चायती व्यवस्थाको जगजगी थियो। खुला गतिविधि त के, वर्षमा एक पटक अधिवेशन गर्न पनि दलहरूलाई धौधौ हुन्थ्यो । पार्टी निकट संगठन तथा भ्रातृसंस्थाहरूमा नेताहरू आफूअनुकूलका मान्छे खटाउँथे । नेपाली कांग्रेसको 'नर्सरी' मानिने नेपाल विद्यार्थी संघ ०२७ मा जन्मियो र नेताहरूको संरक्षणमा त्यसैगरी हुर्कियो । तर ०४६ को परिवर्तनपछि पनि नेविसंघको अवस्था सुध्रिएन। बरु 'लोकतान्त्रिक विधि' को रटान लगाउने नेताहरूको गुटगत राजनीतिक दाउपेचको सिकार बनिरह्यो ।

कांग्रेस केन्द्रीय कार्यसमितिमा रहेका नेताहरूलाई हेर्दा नेविसंघ नर्सरी नै भएको प्रस्ट हुन्छ । शेरबहादुर देउवा नेतृत्वको हालको कांग्रेस केन्द्रीय कार्यसमितिमा १३ जना नेविसंघका पूर्वअध्यक्ष मात्र छन् । देउवा आफैं नेविसंघका दोस्रो अध्यक्ष हुन् । नेविसंघको नेतृत्व गर्दा उनी मात्र २४ वर्षका थिए। कांग्रेस केन्द्रीय समितिका ५० नेताहरूले नेविसंघकै कार्यकर्ता, नेता हुँदै पार्टी राजनीतिमा फड्को मारेका देखिन्छन् ।

स्थापनाको ४९ वर्षमा नेविसंघले १८ जना नेतृत्व पाएको देखिन्छ। कम्तीमा विधानअनुसार केन्द्रीय अधिवेशन हुने हो भने यसमा दुई-दुई वर्षमा नयाँ नेतृत्व आउनुपर्थ्यो । १८ वटा कार्यसमिति फेरिँदा ६ पटक मात्र निर्वाचित कमिटी आएका छन् । ५ पटक सर्वसम्मत र ७ पटक तदर्थ समिति बनेका छन् ।

खोइ आन्तरिक लोकतन्त्र

पछिल्लोपल्ट कांग्रेस सभापति शेरबहादुर देउवा, रामचन्द्र पौडेल र कृष्णप्रसाद सिटौलाले नेविसंघको केन्द्रीय तदर्थ समितिमा भागबन्डा गरेपछि कांग्रेसको आन्तरिक लोकतन्त्रमाथि प्रश्न उब्जिएको छ । युवा विद्यार्थीले नेविसंघ विधानको व्यवस्थामा टेकेर यसको प्रतिरोध गरिरहेका छन्, जसको झल्को कांग्रेस मुख्यालयमै देख्न सकिन्छ ।

सानेपास्थित कांग्रेस मुख्यालयको मूल गेटमै नवराज त्रिपाठी आमरण अनशन बसेका छन् । ०७५ माघमा म्याद सकिएर विघटित नेविसंघ केन्द्रीय समितिमा सदस्य रहेका त्रिपाठीको एउटै माग छ, नेविसंघ विधानमा रहेको ३२ वर्षे उमेर हद कार्यान्वयन गर्नुपर्‍यो । नेपाल विद्यार्थी संघको विधान, २०२७ (सातौं संशोधन २०७५) को धारा ५ (५) मा '३२ वर्ष पूरा भएका व्यक्ति नेविसंघको सदस्य बन्न नपाउने' र 'यो प्रावधान १२ औं महाधिवेशनबाट लागू हुने' व्यवस्था छ ।

नेताहरूले गुटका आधारमा भागबन्डा गर्न थालेपछि ४१ दिनदेखि रिले अनशन गरिरहेका विद्यार्थीहरूले नेतृत्वमाथि दबाब दिन आमरण अनशनको बाटो अँगालेका छन् । तर पार्टी नेतृत्व भने उनीहरूलाई सुन्ने पक्षमै देखिँदैन । बरु आफैंले बनाएको नेविसंघको विधानविपरीत निर्णय गरिरहेको छ ।

जस्तो, सभापति देउवाले १६ माघ ०७६ मा नेविसंघको १२ औं केन्द्रीय अधिवेशनका लागि एक अध्यक्ष र दुई महामन्त्रीसहितको केन्द्रीय तदर्थ कार्यसमिति गठन गरे । विधानमा एक जना महामन्त्री रहने व्यवस्था छ। तर सभापतिले अहिले नै दुई जना महामन्त्री प्रस्ताव गरेका छन्। सबै गुट मिलाउन ९ जनासम्म महामन्त्री राख्ने प्रस्ताव देउवाको छ। पौडेल, सिटौला र विजयकुमार गच्छदार पक्षलाई समेत मनाउने गरी तदर्थ समितिमा भागबन्डा मिलाइएको छ।

आफूअनुकूलका व्यक्तिलाई नेतृत्वमा पुर्‍याउन पार्टी नेताहरूले गर्ने कसरत नौलो होइन । तर अहिलेजस्तो महाधिवेशन नै हुन नदिने गरी थिएन । "नेताहरू स्वतन्त्रताको मिसनमा थिए, त्यो मिसनप्रति प्रतिबद्ध नेता-कार्यकर्ता नेताहरू रुचाउँथे," नेविसंघ पूर्वमहामन्त्रीसमेत रहेका कांग्रेस केन्द्रीय सदस्य नवीन्द्रराज जोशी भन्छन्, "राजनीतिक शून्यताका बेला तरंग ल्याउन त्यो सही पनि थियो । तर ०४६ पछाडि पार्टीभित्रको सत्ता कलहले गुट जन्मायो र त्यसको छाया सबै संगठनमा देखियो ।"

शैक्षिक मुद्दा उठाउनुपर्ने संगठनमा विधानविपरीत गुटगत राजनीति मौलाउनुलाई नेतृत्वकै खराबी ठान्छन्, नेविसंघका पूर्वअध्यक्षसमेत रहेका कांग्रेस केन्द्रीय सदस्य धनराज गुरुङ । "एक वर्षसम्म नेविसंघलाई नेतृत्व दिन नसक्ने हामी नै खराब हौं," गुरुङ स्वीकार्छन्, "निर्वाचित कमिटी विघटन गरी नयाँ नेतृत्व दिन नसक्नुले के देखाउँछ भने हाम्रा नेताहरूमा नेतृत्व क्षमता ह्रास हुँदै गएको छ, विश्वसनीयता पनि हराउँदै गएको छ ।"

उमेरको उल्झन

२१ असोज ०७५ को कांग्रेस केन्द्रीय कार्यसमितिले नेविसंघमा साधारण सदस्य बन्न ३२ वर्ष उमेर नकटेको हुनुपर्ने विधान स्वीकृत गरेको थियो । १२ औं महाधिवेशनदेखि लागू हुने गरी स्वीकृत उक्त विधानअनुसार २२ जिल्लामा अधिवेशन सम्पन्न भइसकेका थिए । ४० जिल्लामा मातहतका कमिटीमा अधिवेशन सकेर जिल्ला अधिवेशन मात्र गर्न बाँकी थियो । ७० प्रतिशत स्कुल/क्याम्पसमा अधिवेशन सम्पन्न भइसकेका थिए । तर आन्तरिक किचलोका कारण नैनसिंह महर नेतृत्वको कार्यसमिति भंग भयो ।

उमेर हदमा पनि नेविसंघ तथा पार्टी नेतृत्वले आफूअनुकूल निर्णय गरेका छन् । जस्तो, ११ औं महाधिवेशनबाट स्वीकृत विधानमै १२ औं महाधिवेशनबाट ३२ वर्षे उमेर हद लागू गर्ने उल्लेख थियो । तर महाधिवेशनबाट निर्वाचित महर नेतृत्वको कार्यसमितिले बहुमतका आधारमा ३२ वर्षे उमेर हद हटाउन पार्टी नेतृत्वलाई आग्रह गर्‍यो । पार्टी नेतृत्वले मानेन र लागू गरिछाड्यो । तर अहिले भने आफैंले स्वीकृत गरेको विधानविपरीत पार्टी नेतृत्वले निर्णय गरिरहेको छ ।

नेविसंघ पूर्वअध्यक्षसमेत रहेका कांग्रेस केन्द्रीय सदस्य प्रदीप पौडेल पार्टीले भ्रातृसंस्थाहरूबारे निर्णय गर्न सक्ने भए पनि विधानअनुसारै हुनुपर्ने बताउँछन्। "सहमतिका नाममा पार्टी नेताहरूले जे चाह्यो, त्यही निर्णय गर्ने प्रवृत्ति हावी भयो," पौडेल भन्छन्, "शीर्ष नेताहरूबीच सहमति हुँदा पनि विधानअनुसार गर्नुपर्छ। विधानविपरीत हुने गरी मुख्य केन्द्रले उपकेन्द्रहरूलाई चलाउनु हुँदैन ।"

नेताहरूको चासो संगठन बनाउने-भत्काउने कुरामा मात्र होइन, भ्रातृसंगठनका ससाना गतिविधिमा पनि हुन्छ । मुनाफाका लागि खोलिएका निजी शैक्षिक प्रतिष्ठानमा राजनीतिक दलका नेताहरूको लगानीका कारण यस्तो अवस्था आएको ठम्याइ छ, नेविसंघ पूर्वअध्यक्ष नैनसिंह महरको । "निजी स्कुल र कलेजमा नेताहरू नै प्रत्यक्ष संलग्न छन्। कति ठाउँमा उनीहरू स्लिपिङ पार्टनरका रूपमा पनि छन्", महर भन्छन्, "केही हुनेबित्तिकै

“

वैधानिक चरित्रभित्र बसेको संगठनलाई विधानविपरीत चलाउँदा अराजकता उत्पन्न हुन्छ र यो पार्टीका लागि पनि प्रत्युत्पादक बन्छ ।

– नैनसिंह महर
पूर्वअध्यक्ष, नेविसंघ

उनीहरूकहाँ पुग्छ र सुरुमै अंकुश लगाउने काम हुन्छ ।"

महर गुटगत मिलन र व्यवस्थापन लोकतन्त्रका लागि घातक भएको बताउँछन्। थप्छन्, "वैधानिक चरित्रभित्र बसेको संगठनलाई विधानविपरीत चलाउँदा अराजकता उत्पन्न हुन्छ र यो पार्टीका लागि पनि प्रत्युत्पादक बन्छ ।"

विधानमा नेविसंघ केन्द्रीय कार्यसमितिको पदावधि दुई वर्ष रहने व्यवस्था छ । विशेष परिस्थिति उत्पन्न भई महाधिवेशन सम्पन्न हुन नसके पार्टीले पाँच महिना म्याद थप गर्न सक्छ। उक्त अवधिभित्र पनि महाधिवेशन नभए केन्द्रीय कार्यसमिति स्वतः भंग हुने विधानको प्रावधान छ । यस्तो अवस्थामा ६ महिनाभित्र महाधिवेशन सम्पन्न गर्ने गरी पार्टीले तदर्थ केन्द्रीय कार्यसमिति गठन गर्न सक्छ । यो काम पार्टी सभापति देउवाले गरिसकेका छन्।

के अब तोकिएकै ६ महिनाभित्र नेविसंघको महाधिवेशन होला ? कांग्रेस केन्द्रीय सदस्य पौडेल यसको सुरुआत नै महाधिवेशन नगराउनेतिर केन्द्रित रहेको दाबी गर्छन्। "समय सकिँदा पनि अधिवेशन नगर्ने र आफूअनुकूल तदर्थ समिति गठन त्यसैको निरन्तरता हो," उनी भन्छन्, "९ जना महामन्त्रीको व्यवस्था न विधानमा छ, न त अभ्यासमा । यो गठन नै महाधिवेशन नगर्न उद्यत छ ।" ने

विषाक्त पुरुषवादबाट मुक्त

अबको संसारमा सैद्धान्तिक जडताबिनाको तर वैचारिक स्पष्टतासहितको प्रणाली चाहिन्छ । नारीवाद र पर्यावरणवाद आत्मसात गरेको समाजवादले नै यस शताब्दीमा निकास दिन्छ ।

दोभान राई

मानव इतिहास बीसौँ शताब्दी पार गरेर एक्काइसौँ शताब्दीमा उक्लिँदा यस्तो दृश्य छायो कि यस शताब्दीको सबैभन्दा ठूलो विजेता पुँजीवाद हो । समाजवादको झन्डा बोकेको सोभियत संघ एउटा विशाल विफलता बनेर लम्पसार थियो भने क्युबा, कम्बोडिया र उत्तर कोरिया बिजोग र पतनको नमुना बने । अर्कोतिर सिंगापुर र दक्षिण कोरियाको उदय, अमेरिकाको झन् उदाउँदो सफलता तथा चीन र भारतजस्ता देशहरू, जसले बाहिर-बाहिर आफूलाई समाजवादी उद्घोष गरे पनि भित्रभित्रै नवउदारवादलाई आत्मसात गरे । त्यसले यस्तो देखियो कि साँच्चै अब पुँजीवाद नै विकासको एक मात्र बाटो हो ।

सिंगापुर र मलेसियाका उदाहरणले त झन् के दर्सायो भने- देश विकासका निम्ति बरु लोकतन्त्र बहसको विषय हो तर पुँजीवाद अपरिहार्य हो । समाजवादको बिल्ला बोकेर अझै कोही हिँड्छ भने कि ऊ सैद्धान्तिक धङधडी छाड्न नसकेको अव्यावहारिक हो कि ऊ गरिबका भावनाको फाइदा उठाउन खोज्ने अवसरवादी हो । नवउदारवादी पुँजीवाद नै भविष्य हो र समाजवादका पक्षधारी सबै इतिहासमा छुटेका जोकरहरू हुन् ।

सफलताको दाबी गर्ने हतारमा हामी कति सजिलै इतिहास बिर्सन्छौँ । बीसौँ शताब्दीको पुँजीवादको विजय-यात्रा मानव इतिहासको सन्दर्भमा छोटो अवधि हो । यही संयोगपूर्ण अवधिलाई आधार मानेर सैद्धान्तिक बिट मार्न खोज्नु अनुचित मात्र होइन, गैरइमानदारीपूर्ण पनि हुन्छ ।

नयाँ इतिहास त अहिले नै बन्दै छ । जलवायु परिवर्तन र वन्यजन्तुको उन्मूलनसँगै मानव भविष्यको अस्तित्वमाथि नै प्रश्नचिह्न हुने गरी नयाँ घटनाक्रम देखिँदै छन् । एक्काइसौँ शताब्दी हुर्कर तेस्रो दशकमा पुग्दा विकासका प्रयोगबाट अप्रत्याशित परिणाम आइरहेका छन् र संसार फेरि सैद्धान्तिक अलमलमा होमिएको छ ।

पुँजीवादको चुलिँदो समृद्धिसँग अझ चुलिँदो आशाविपरीत संसार आज भयको भूमरीमा डुबेको छ । पर्यावरण संकट, विश्वव्यापी प्रतिगामी लहर, बढ्दो असमानता र प्रविधिदेखि नै खतरा अहिले जसरी देखिँदै छ । त्यसको दोषपूर्ण औँला पुँजीवादतर्फ नै इंगित छ ।

नवउदारवादी पुँजीवादको सबैभन्दा चरम उदाहरण अमेरिकाको सिंहासनमा डोनाल्ड ट्रम्प विराजमान छन्, यो आफैँमा नवउदारवादी पुँजीवादको दशा र दिशाको एउटा झझल्को हो । अमेरिकाको कुल आय र उत्पादन बढे पनि जनसाधारणमा जीवनस्तर खस्कँदो रह्यो, निराशा मात्र होइन, मृत्युदर नै बढ्न पुग्यो । यसले नवउदारवादी पुँजीवादको अपरिहार्यता र पर्याप्ततामा ठूलो प्रश्नचिह्न खडा गरेको छ ।

हिजोसम्म जहाँ समाजवाद शब्द वर्जितजस्तै थियो र बाराक ओबामाले आफूलाई 'समाजवादी' भन्ने गालीबाट बचाउनुपर्थ्यो, आज त्यहाँ बर्नी स्यान्डर्स त्यही समाजवादी नाराको बलमा झन्झन् लोकप्रिय हुँदै छन् । अनि, युवा वर्ग समाजवादको सिद्धान्ततर्फ झन्झन् आकर्षित हुँदै गइरहेका छन् ।

सन् १९९२ मा इतिहासको अन्त्य भन्दै समाजवादमाथि पुँजीवादको नि:सन्देह विजय घोषणा गरेका प्रख्यात अर्थशास्त्री फ्रान्सिस फुकुयामा अहिले समाजवादको सान्दर्भिकताबारे चर्चा गर्न थालेका छन् । अमेरिकाको आक्रामक समृद्धिको विकल्पका रूपमा फिनल्यान्ड र डेनमार्कजस्ता स्कान्डिनेभियाली देशहरूमा लोकतान्त्रिक समाजवादको दिगो र समग्र विकासको नमुना बढी आकर्षक हुँदै गएको छ ।

तर के पुँजीवादविरुद्ध समाजवाद नयाँ विजय यात्रामा छ ? पुँजीवादको चुस्त आलोचक हुनुको बाबजुद समाजवादको आफ्नै उपलब्धि के छ ? विशुद्ध समाजवादबाट उँभो लागेको उदाहरण कहाँ छ ?

स्कान्डिनेभियाली देशहरूका जुन नमुना छन्, तिनीहरू पुँजीवादसँगका मिश्रित प्रणाली हुन् । फेरि जातीय र सांस्कृतिक एकरूपता भएका यी देशहरूको सफलताको कारक समाजवाद हो कि जातीय एकरूपता

समाजवादको पक्ष

समाजवादको सफलताको कारक हो ? यो पनि विवाद र विश्लेषणको विषय छ। प्रयोगात्मक भाषामा भन्दा स्कान्डिनेभियाली देशहरूमा सफल प्रयोग भए पनि समाजवाद तिनको सफलताको कारक हो भन्ने किटान गर्ने अवस्था छैन।

अहिलेको परिस्थितिमा पुँजीवादलाई विकासको मापदण्डमा टक्कर दिने विशुद्ध समाजवादको 'पोर्टफोलियो' बनिसकेको छैन। तर पुँजीवाद र समाजवादलाई एउटै रेखाको दुई किनारमा राखेर दाँज्न मिल्दैन। पुँजीको प्रवाह, बजारको प्रकृति र प्रतिफलमा आधारित मानव प्रवृत्तिको विश्लेषण गर्दै नाफा-घाटाका व्यावहारिक तुनाहरूलाई तानतुन गर्दै रचिएको प्रणाली हो, पुँजीवाद। यस अवसरवादी प्रणालीले वृद्धि र नाफालाई बढोत्तरी गरे पनि यो अन्ततोगत्वा मानवताविरोधी हुन्छ भनेर मानव विकासको नयाँ परिभाषा खोज्ने आकांक्षा हो,

समाजवाद। पुँजी र नाफाको परिधिभित्र पक्कै पनि पुँजीवाद सबैभन्दा दक्ष र प्रभावकारी हुन सक्छ तर मानव विकासलाई पुँजी तथा नाफाको परिधिभित्र मात्र राख्नु अदूरदर्शी र मानवताविरोधी हुन्छ भन्ने अडान हो, समाजवाद।

उद्देश्यको क्षेत्र नै यति फरक रहेका यी दुई वादलाई एउटै रेखामा राखेर कसरी मूल्यांकन हुन सक्छ त ? उदाहरणका लागि, हाम्रो शारीरिक प्रणालीमा वजन बढाएर शक्तिशाली हुने लक्ष्यप्राप्ति गर्न जति जटिल छ, स्वस्थ मुटु र रक्त प्रणाली कायम राख्न झन् जटिल छ। समाजवादका थुप्रै प्रयोग धेरै असफल भए तर सामाजिक न्याय तथा समानताको समाजवादी आकांक्षा यति महत्त्वपूर्ण छ कि झन् नयाँ सोच र विवेक प्रयोगबाहेक अरू विकल्प हुन सक्दैन।

भनिन्छ, पुँजीको वृद्धि पुँजीवादको प्रमुख उद्देश्य भए पनि पुँजीवाद यति विशेष छ कि सामाजिक न्याय र समानताका मुद्दाको समाधान पुँजीवादभित्रै छ। 'रोटी सबैलाई बाँड्नका निम्ति सुरुमा रोटीको प्रभावकारी उत्पादन नै हुनुपर्‍यो। रोटी बढाउन आज हामी सबै लाग्यौं भने त भोलि सबैको भाग लाग्ने निश्चय छ।' ट्रिकल डाउन नवउदारवादको यही दाबीको पछाडि हामी लाग्यौं र रोटी बढाउनमा सबै कुदेको कुदेकै भयौं। रोटी बढेकै हो र भागमा पनि परेकै हो तर समाजवादले सतर्क गराएजस्तै रोटी बढाउने ९ सय ९५ को भागमा १५ पर्‍यो भने बाँकी ९ सय ९५ सबै १५ को भागमा। समस्या रोटीको भाग हुँदै भूभागमा पनि पर्न गयो। ९ सय ९५ भाग हत्याउने १५ अर्को खेल के भयो भने १५ भाग पाउने ९ सय ९५ लाई कसरी आपसमा जुधाएर आफ्नो ९ सय ९५ भाग कायम राख्ने। अहिले जताततै बढ्दो प्रतिगामी लहर यसकै परिणाम हो।

आखिर के भयो ? तर्क र यथार्थमा आधारित मानिने पुँजीवादले मानव प्रकृति तथा मनोभावको विश्लेषण त गर्‍यो तर त्यो अपूर्ण विश्लेषण थियो। रोटी बढ्नेबित्तिकै भागमा परेपछि मान्छे खुसी भइहाल्ने होइन रहेछ। जबसम्म 'स्क्यार्सिटी माइन्डसेट' रहन्छ, न ठूलो भाग पाउने खुसी हुन सक्दो रहेछ, न त आखिर भाग पाए नि भनेर सानो भाग पाउने नै। अनिश्चितताको डर मनमा भएसम्म, व्यक्तिवादी प्रतिस्पर्धात्मक सोच हावी

समाजवादको बिल्ला बोकेर अझै कोही हिंड्छ भने कि ऊ सैद्धान्तिक धङधडी छाड्न नसकेको अव्यावहारिक हो कि ऊ गरिबका भावनाको फाइदा उठाउन खोज्ने अवसरवादी हो।

भएसम्म रोटीको किनारामै जिन्दगी एउटा तुच्छ लडाइँ हुन पुग्छ। दुःखको कुरा, त्यसको दुर्घटना मानवमा मात्र सीमित नभएर सारा वनस्पति र जीवको अस्तित्वसमेत हुन पुगेको छ । असीम उत्पादकत्वको नाममा आज मान्छेले सारा संसारलाई आफ्नो डर र महत्त्वाकांक्षाको बन्दी बनाएको छ ।

फेरि पनि पुँजीवादको जगत र जीवविरुद्धको यस आक्रमणको बचाउमा समाजवादले आलोचनाबाहेक के दिन सकेको छ ? समाजवादको झन्डामुनिको इतिहास हेर्ने हो भने दुर्घटनाको लस्कर छ ।

पुँजीवादले जस्तै समाजवादले पनि मानव प्रकृति र मनोभावको अपूर्ण विश्लेषण गऱ्यो । समाजवादका जति पनि केन्द्रीकृत प्रयोग भए, ती सबैले नारामा भ्रातृत्वको कुरा गरे पनि डरयुक्त मनोभावलाई नै पक्षपोषण गऱ्यो र सिर्जना होइन, संहारको मञ्च तयार पाऱ्यो ।

> समाजवादको झन्डा बोक्नेहरू विषाक्त पुरुषवादले मुक्त नभएसम्म, हेपाहा एकाधिकारकै मनोभावना रहेसम्म उन्मुक्तिका सबै क्रान्ति उत्पीडनको अर्को अध्यायको सुरूआत मात्र हुनेछन् । अनि, कर्पोरेट नारीवादले विपन्न वर्गमा पहिचानको आन्दोलनप्रति वितृष्णा पैदा गर्दै प्रतिगामी दक्षिणपन्थी शक्तिको प्रभुत्वका निम्ति ठाउँ दिन्छ ।

पुँजीवादले त आफ्नो उपलब्धि र सीमा दुवै देखाइसक्यो। समाजवादको प्रयोग भने अझै बाँकी छ। त्यसैले अब यो एक्काइसौँ शताब्दी युवावस्थामा पुगेर वयस्क हुँदै गर्दा हामीले सोच्नुपर्नेछ, कस्तो समाजवाद भनेर। लाग्छ, नारीवाद र पर्यावरणवादलाई आत्मसात गरेको समाजवादले नै यस नयाँ शताब्दीमा निकास र सम्भावना दिन्छ।

नारीवादले नारीको मात्र होइन, सबै सीमान्तकृत पहिचानको कुरा गर्छ, चाहे त्यो लैंगिक होस्, सांस्कृतिक होस् या शारीरिक र मानसिक। समाजवादको नाममा यस्ता धेरै प्रयोग भए, जहाँ उत्पीडक र उत्पीडितको सतही र पूर्वाग्रही सिमाना कोरेर हिंसाको बलमा उत्पीडनकै अर्को वृत्त रचियो । समाजवादको झन्डा बोक्नेहरू विषाक्त पुरुषवादले मुक्त नभएसम्म, हेपाहा एकाधिकारकै मनोभावना रहेसम्म उत्पीडकको अनुहार मात्र फेरिन्छ र उन्मुक्तिका सबै क्रान्ति उत्पीडनको अर्को अध्यायको सुरुआत मात्र हुनेछ । इतिहासले पटक-पटक यही देखाएको छ। त्यस्तै, अर्कोतिर कर्पोरेट नारीवादले विपन्न वर्गमा पहिचानको आन्दोलनप्रति वितृष्णा पैदा गर्दै प्रतिगामी दक्षिणपन्थी शक्तिको प्रभुत्वका निम्ति ठाउँ दिन्छ। त्यसैले उत्पीडन एवं सीमान्तीकरणको जटिलतालाई जरैदेखि केलाउँदै दिगो तथा गतिशील समाधान दिन नारीवाद र समाजवाद सँगसँगै आउनुपर्छ ।

पर्यावरणवाद समाजवादको अर्को सहयात्री हुनुपर्छ । केन्द्रीकृत अहं र प्रभुत्वको शीतयुद्धमा होमिएको सोभियत संघको समाजवाद गलत उदाहरण हो । अर्थहीन उत्पादन र अन्त्यहीन उपभोगको प्रतिस्पर्धामा गाँजिएको चीनको समाजवाद झुटो समाजवाद हो । न्याय र समानताको कुरा गर्ने समाजवाद यदि साँचो हो भने त्यसले न्यायका निम्ति व्यक्तिगत तथा समूहगत सबै अहंलाई त्याग्न सक्नुपर्छ। दिगो कल्याणका निम्ति भौतिक लोभको मात्र होइन, मानसिक महत्त्वाकांक्षालाई समेत त्याग गर्न सक्नुपर्छ। अनिश्चितताको डरमा जबसम्म हामी आफूलाई असीमित बनाउने बहाना गर्छौं, तबसम्म न्यायको नारा आत्मभ्रम मात्र हुन्छ ।

पुँजी र उद्योगको अभावमा रोजगार नपाएर विश्वभर छरपस्टिनु परेको नेपालमा पुँजीवाद प्रणालीको आवश्यकता कसैले नकार्न सक्दैन। प्रसंग त्यही भएर रोचक छ। पुँजीवादलाई प्रयोग गर्दै कसरी समाजवादले नेतृत्व गर्न सक्छ । हिजोको दिनमा समाजवादका उपयोगी तत्त्व पुँजीवादले प्रयोग गर्दै आएको हो । यस्तो चुस्तता समाजवादमा हुन सक्छ कि सक्दैन ? अबको संसारमा सैद्धान्तिक जडतारहित तर वैचारिक स्पष्टतासहितको प्रणाली चाहिन्छ।

राजतन्त्रमा एकतन्त्रीय निरंकुशता सहेको, माओवादी गृहयुद्धमा सैद्धान्तिक जडता भोगेको, कांग्रेसको वैचारिक अन्योलमा पतन देखेको, रजौटे साम्प्रदायिक अहं मधेस आन्दोलनले चिरेको र समाजवादी बहुमतमा आएको नेकपाको पुरुषप्रधान रूप राम्रोसँग चिनेको नेपाली जनताले के एउटा नवीन प्रयोग ल्याउला ?

जलवायु परिवर्तन र अमेरिकाको संकटको पृष्ठभूमिमा छिमेकी भारत तथा चीन आर्थिक रूपमा उदाउँदा भए पनि नैतिक रूपमा खस्कँदा छन् ।

यो परिप्रेक्ष्यमा कुनै तयारी घोषणापत्र उतार गर्ने विकल्प छैन हामीसँग । विश्व र आफ्नै इतिहासबाट सिक्दै, विज्ञान तथा समाजबाट सिकेका कुरा लिएर, सुधारात्मक र प्रयोगात्मक रूपमा कसरी अगाडि जान सक्छौं ? यसमा ठूला चुनौती र सम्भावना छन्। नारीवाद र पर्यावरणवादलाई आत्मसात गरी पुँजीवादलाई प्रयोग गर्दै हामीले समाजवादी प्रणाली स्थापना गर्न सक्यौं भने नेपाल मानवताको आशा केन्द्र हुनेछ । ने

(समाजवाद बहस-४ मा अर्को साता जीवन क्षत्रीको विचार प्रकाशित हुनेछ ।)

हाम्रो प्रतिबद्धता

इलिक्सर एकेडेमी २०७६ माघ १८ गते स्थापनाको एघारौं वर्ष पूरा गरी बाह्रौं वर्षमा प्रवेश हुने व्यहोरा यहाँहरूमा सगौरव जानकारी गराउन पाउँदा हामी गौरवान्वित भएका छौं।

यस अवधिमा हाम्रा अभिभावक, शुभचिन्तक एवम् हामीलाई माया गर्नुहुने सम्पूर्ण महानुभावहरूबाट प्राप्त अतुलनीय सहयोग, विश्वास र सद्भावप्रति हामी आभारी छौं। आगामी दिनहरूमा पनि उल्लेखनीय सहयोग र सद्भावको निरन्तर अपेक्षा राख्दछौं।

स्थापना कालदेखि नै विद्यार्थीहरूको सर्वाङ्गीण विकासमा योगदान दिँदै आएको र आगामी वर्षहरूमा अझ प्रभावकारी एवम् महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं।

ELIXIR ACADEMY

ELIXIR ACADEMY

इलिक्सर एकेडेमी

We, Our Country & The World

कुमारीगाल, चावहिल, काठमाडौं, फोन: ४११४४६०, ५७१२१०५

विशेष

टेकप्रसाद ढुंगाना

हाल : न्यायाधीश, उच्च अदालत
जन्म मिति : २०२८-०९-०६
सर्वोच्चमा नियुक्त भए हुने प्रधानन्यायाधीश
२० असोज ०९२ देखि ६ पुस ०९३
अवधि : १ वर्ष ३ महिना

नृपध्वज निरौला

हाल : मुख्य रजिस्ट्रार, सर्वोच्च अदालत
जन्म मिति : २०२८-१०-२५
सर्वोच्चमा नियुक्त भए हुने प्रधानन्यायाधीश
२० असोज ०९२ देखि २४ माघ ०९३
अवधि : १ वर्ष ४ महिना

नहकुल सुवेदी

हाल : मुख्य न्यायाधीश, उच्च अदालत
जन्म मिति : २०२८-०३-०८
सर्वोच्चमा नियुक्त भए हुने प्रधानन्यायाधीश
२० असोज ०९२ देखि ८ असार ०९३
अवधि : ९ महिना

१५ वर्षपछिका प्रधानन्यायाधीश

एकसाथ न्यायसेवा प्रवेश गरेका तीन पात्रले न्यायालयको सर्वोच्च पदमा पुग्न गरेको शक्ति संघर्ष र सन्तुलनको रोचक समीकरण

मनबहादुर बस्नेत

प्रधानन्यायाधीशमा अबको १५ वर्षसम्म कोको आसीन हुँदै छन् भन्ने रोलक्रम प्रस्ट देखिएको छ । त्यसअनुसार अन्तिम प्रधानन्यायाधीश हुनेछन्, हरि फुयाल ।

न्यायाधीश फुयाल अहिले १८ औँ वरियता छन् । उनी १९ असोज ०९२ सालसम्म प्रधानन्यायाधीशको कुर्सीमा रहनेछन् । त्यसपछिको प्रधानन्यायाधीश बन्ला ?

हाल सर्वोच्चमा एक न्यायाधीश पद रिक्त छ भने २३ जेठदेखि डम्बरबहादुर शाहीले ६५

वर्षे उमेर हदका कारण अवकाश पाएपछि अर्को दरबन्दीसमेत खाली हुनेछ । हाल रिक्त पदमा नियुक्तिका लागि पदम वैदिकले न्याय परिषद्बाट मंसिरमै राजीनामा दिइसके ।

तर न्यायाधीश नियुक्त गर्ने निकायका पदाधिकारी सर्वोच्चमा आउँदा गलत परम्परा बस्ने भन्दै विरोध भएपछि प्रधानन्यायाधीश चोलेन्द्रशमशेर राणा वैदिकलाई बोक्न हच्किएका छन् । वैदिक न्यायाधीश बने पनि प्रधानन्यायाधीश लाइनमा उभिने छैनन् । त्यसैले जेठमा रिक्त हुने पदमा नियुक्ति पाउने न्यायाधीश १५ वर्षपछि न्यायालय हाँक्ने व्यक्ति बन्नेछन् ।

यसका प्रबल दाबेदार तीन पात्र देखिन्छन्- नहकुल सुवेदी, टेकप्रसाद ढुंगाना र नृपध्वज निरौला । कम्तीमा न्यायसेवा बाहिरबाट उनीहरूभन्दा कम उमेरका न्यायाधीश नियुक्त गरिएन भने यस्तै समीकरण देखिन्छ ।

जेठमा खाली हुने पदमा करिअरभन्दा बाहिरबाटै नियुक्ति भयो भने ०७८ मा अर्को एउटा दरबन्दी खाली हुनेछ । यी दुवै रिक्त दरबन्दीमा प्रधानन्यायाधीशको रोलक्रममा नपर्ने गरी बाहिरबाटै न्यायाधीश नियुक्त भए ०७९ मा हुने रिक्त पदमा समेत यी तीन पात्र प्रतिस्पर्धामा उत्रनेछन् । त्यसबेला ४ वटा दरबन्दी खाली हुने भएकाले रोलक्रममा अगाडि आउन उनीहरूबीच नै चर्को प्रतिस्पर्धा हुनेछ।

तीन जनामध्ये जो पहिले नियुक्त हुन्छ या रोलक्रममा अगाडि हुन्छ, उही प्रधानन्यायाधीश बन्ने भएकाले यो दौड रोचक बनेको हो । २४ मंसिर ०५२ मा न्यायसेवा प्रवेश गरेका तीनै जनाको उमेर पनि झन्डै समान भएकाले एक जना प्रधानन्यायाधीश बन्दा अर्का दुईले पालोसमेत पाउने छैनन् । निरौला सबैभन्दा कान्छो भएकाले उनी पहिले नियुक्त भएमा अरू दुईको पालो आउँदैन । तर सुवेदी नियुक्त भएमा छोटो समय निरौलाले प्रधानन्यायाधीश सूचीमा आफूलाई राख्न सक्नेछन् ।

सुवेदी उच्च अदालत पाटनका मुख्य न्यायाधीश, ढुंगाना उच्च अदालतका न्यायाधीश र निरौला सर्वोच्च अदालतका मुख्य रजिस्ट्रार छन् । सेवारतबाटै न्यायाधीश नियुक्त गर्दा यी तीनबीच तीव्र शक्ति संघर्ष हुने निश्चित छ । तीन जनै क्षमतावान मानिन्छन् । यी पद हासिल गर्न उनीहरूले गरेका विगतको दौड र शक्ति केन्द्रसँगको सम्बन्धले रोचक रस्साकस्सीको चित्र देखा पर्छ, जुन समीकरण सर्वोच्चको न्यायाधीश बन्नका लागिसमेत प्रयोग हुन्छ नै ।

टेकप्रसाद ढुंगाना : सबैभन्दा पहिले उच्च अदालतको न्यायाधीश बन्न सफल भएपछि ढुंगानाले प्रधानन्यायाधीशको रोलक्रममा आफूलाई निर्विकल्प पात्र ठानेका थिए । ढुंगाना २९ पुस ०७३ मा उच्च अदालतको न्यायाधीश नियुक्त भएका थिए । तर अर्का प्रतिस्पर्धी सुवेदी उच्च अदालतको मुख्य न्यायाधीश बनेपछि भने ढुंगानालाई अप्ठेरो परेको छ ।

ढुंगाना संविधानसभाको पहिलो कार्यकालमा कानुनी सल्लाहकार नामक नयाँ पद जन्माएर त्यहाँ पुगेका थिए । सभामुख सुवासचन्द्र नेम्वाङले ढुंगानाका लागि उक्त पद सिर्जना गरिदिएका हुन् । त्यतिबेला उनी कानुन मन्त्रालयमा सहसचिव थिए । कानुन मन्त्रालयमै सचिव रहेकै बखत ढुंगाना उच्च अदालतको न्यायाधीशमा नियुक्त भएका हुन् । ढुंगानाको महान्यायाधिवक्ता अग्नि खरेलसँग समेत राम्रो सम्बन्ध छ ।

नहकुल सुवेदी : प्रधानन्यायाधीशको दौडमा हालसम्मको सुवेदीको 'प्रोफाइल' सबैभन्दा उँचो देखिन्छ, प्रतिस्पर्धामा सबैलाई पछि पारेर उच्च अदालतको मुख्य न्यायाधीश बनेसँगै । २० पुस ०७४ मा सुवेदी मुख्य न्यायाधीशमा छानिएका हुन् ।

०६३ मा रामकृष्ण तिमिल्सेना रजिस्ट्रार बनेसँगै सर्वोच्चमा मुख्य रजिस्ट्रार पदको अवधारणा भित्रिएको थियो । त्यसपछिका रजिस्ट्रार लोहितचन्द्र शाह, श्रीकान्त पौडेलले मुख्य रजिस्ट्रार पद सिर्जना गरेर त्यहाँ पुग्ने महत्त्वाकांक्षा पाले पनि सफल भएनन् ।

पौडेल रजिस्ट्रार छँदा यो पद सिर्जनाबारे निकै सकारात्मक माहोल बनेको थियो । तर उक्त पदमा पुग्ने व्यक्ति को हुने भन्ने विवादले गाँठो पर्‍यो । "सुवेदीले उक्त पद नपाउने भएपछि पद सिर्जना गर्ने कुरा स्थगित गरियो," सर्वोच्चका एक पूर्वरजिस्ट्रार भन्छन् ।

पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारमा ०७३ साउनदेखि ०७४ जेठसम्म सामान्य प्रशासनमन्त्री केशवकुमार बुढाथोकीले सर्वोच्चबाट मन्त्रालय पुगेको प्रस्ताव नै अड्काइदिए । विद्यार्थीकालमा बुढाथोकी र पराजुलीले नेपाली कांग्रेसको भ्रातृसंगठन नेपाल विद्यार्थी संघमा सँगै राजनीति गरेका थिए । उक्त पदमा आफ्ना भाञ्जीज्वाइँ सुवेदीलाई ल्याउन पराजुलीले बुढाथोकीलाई यही भ्रातृत्व उपयोग गरेका थिए । पछि सुवेदी मुख्य रजिस्ट्रार बन्ने सुनिश्चित गरेर ०७४ असारमा पद सिर्जना गरियो, जतिखेर पराजुली कायममुकायम प्रधानन्यायाधीश बनिसकेका थिए ।

२२ असारदेखि पराजुलीका नातेदार सुवेदी न्यायपालिकाको कर्मचारीको प्रमुख पदमा पुग्ने पहिलो व्यक्ति बने । पराजुलीकै शक्तिका कारण सुवेदीले ११ महिनामा सचिव, मुख्य रजिस्ट्रार र मुख्य न्यायाधीश गरी तीन बढुवा पाएका थिए ।

मुख्य रजिस्ट्रारका लागि कार्यकुशलता, कार्यक्षमता, अनुभव, ज्येष्ठतालाई आधार मान्ने कानुनी व्यवस्था छ । ज्येष्ठताका आधारमा किरण पौडेल र अनुभवका आधारमा नृपध्वज निरौला अगाडि हुँदाहुँदै सुवेदीलाई नियुक्त गरिएको थियो । यसरी कानुनी मापदण्ड मिच्दै मुख्य रजिस्ट्रार भएको सात महिनापछि नै सुवेदी मुख्य न्यायाधीश बने । जतिबेला मामाससुरा पराजुली प्रधानन्यायाधीश थिए । सुवेदीलाई मुख्य न्यायाधीश बनाउने लबिइङमा हालका महान्यायाधिवक्ता अग्नि खरेलसमेत लागेको स्रोतको दाबी छ । सुवेदीले विद्यार्थीकालमा नेकपाका वरिष्ठ नेता एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालसँग निकट रहेर काम गरेका थिए ।

नृपध्वज निरौला : सुवेदी मुख्य रजिस्ट्रार बन्न लागेका बेला निरौला सर्वोच्चको रजिस्ट्रारबाट कार्यप्रकृति नै नमिल्ने सत्य निरुपण तथा मेलमिलाप आयोगको सचिवमा सरुवा भएका थिए । आफू रजिस्ट्रार छँदा निरौलाले तत्कालीन न्यायाधीश पराजुलीविरुद्धको रिट दर्ता गरिदिएका थिए । १७ जेठ ०७४ मा अधिवक्ता विकास गिरीले शैक्षिक प्रमाणपत्र र जन्ममिति विवादमा तानिएका व्यक्ति न्यायिक निकायको सर्वोच्च पदमा बस्न अयोग्य हुने भन्दै रिट हालेका थिए ।

गिरी रिट हालेर सम्पर्कविहीन भए । पराजुली एकैचोटि कायममुकायम प्रधानन्यायाधीश बनेपछि सर्वोच्चमा झुल्किए, निवेदनमा उठान गरिएका विषय प्रमाणित गर्न नसकिने भएकाले मुद्दा फिर्ता लिन चाहेको भन्दै । तर न्यायाधीश पुरुषोत्तम भण्डारीको इजलासले सार्वजनिक सरोकारका विषय इजलासबाट सम्बोधन गर्नुपर्ने भन्दै फिर्ता लिन नमिल्ने बतायो । निवेदक गिरी स्वयंले समेत पराजुलीकै पक्षमा बहस गरेपछि

भण्डारीको इजलासले एक सातापछि उक्त रिट खारेज गरिदियो ।

पराजुलीले आफूविरुद्ध लागेको प्रतिशोधस्वरूप निरौलालाई सत्य निरुपण तथा मेलमिलाप आयोगमा सरुवा गरिदिएका थिए । तर निरौला न्याय परिषद्मा सरुवा भएर आएपछि पराजुली सात महिनाअघि नै सेवानिवृत्त भएको पत्र पठाइदिए, सर्वोच्चमा । परिषद्मा रहेको 'नागरिकता, शैक्षिक योग्यता, सिटरोल विवरण र परीक्षा नियन्त्रण कार्यालय भक्तपुरबाट प्राप्त पत्रका आधारमा' प्रधानन्यायाधीशको ६५ वर्षको अवकाश उमेर २१ साउनमै भएको पत्र ३१ फागुनमा पठाइएको थियो । यही पत्रपछि पराजुली लज्जास्पद बहिर्गमनमा परेका थिए ।

कसले बाजी मार्ला ? झट्ट हेर्दा सुवेदी सर्वोच्चको न्यायाधीश बन्ने लाइनको अग्रभागमा देखिन्छन् । कारण, मुख्य न्यायाधीशको प्रोफाइल । यसअघि तीन प्रतिस्पर्धीले प्रयोग गरेका शक्ति सन्तुलन र सम्बन्धले समेत न्यायाधीश नियुक्तिमा निर्णायक भूमिका खेल्ने भएकाले सुवेदी नै सर्वोच्चमा पुग्छन् भन्ने ग्यारेन्टी छैन ।

मुख्य रजिस्ट्रार, मुख्य न्यायाधीश बनेर आफ्नो प्रोफाइल माथि बनाएकाले पराजुली 'फ्याक्टर' ले काम गर्दा सुवेदीलाई प्रधानन्यायाधीशको दाबेदारीसहित न्यायाधीश बन्ने अवसर जुर्नेछ । विशेष अदालतमा विवादास्पद फैसला गरेर सर्वोच्चले कारबाही गर्नुपर्ने फैसला गरेका गोपाल पराजुली, चोलेन्द्रशमशेर राणा क्षमतावान न्यायाधीशलाई पन्छाएर सर्वोच्चमा उक्लिएका हुन् । उनीहरू प्रधानन्यायाधीश रोलक्रममा चढ्ने गरी सर्वोच्चमा नियुक्त हुँदा अस्थायी न्यायाधीशहरू प्रकाश वस्ती, भरतराज उप्रेतीसहित चार जनालाई फालियो भने तत्कालीन पुनरावेदन अदालतका क्षमतावान न्यायाधीशलाई समेत सर्वोच्चमा आउने बाटो थुनियो । यसलाई न्यायालयको कोतपर्व भनेर चिनिन्छ । कोतपर्वको डिजाइनर भएकाले राणाले पराजुलीको योजनालाई साथ दिने सम्भावना पनि उत्तिकै छ ।

अर्कोतिर प्रधानन्यायाधीश राणासँग निरौलाको सम्बन्ध पछिल्लो कालमा राम्रो रहेकाले उनलाई सुवेदीको बलियो प्रतिद्वन्द्वीसमेत मानिन्छ । न्याय परिषद्को सचिव छँदा निरौलाले प्रधानन्यायाधीश राणाको छवि उजिल्याउने गरी काम गरेका थिए । जिल्ला-जिल्लामा न्यायाधीशका कामकारबाही नियमनको संयन्त्र निरौलाले बनाएका थिए । न्यायाधीशका गडबडीबारे जाँच गरेर अदालतमा शुद्धीकरणको आशा जगाएको भन्दै राणाको तारिफ भएको थियो । निरौला सर्वोच्चमा सरुवा भएपछि भने शुद्धीकरणको संयन्त्र निस्क्रिय छ ।

जिल्ला न्यायाधीश नियुक्त गर्दा ४० प्रतिशत खुला प्रतिस्पर्धाबाट गराउनुपर्ने संवैधानिक व्यवस्थालाई समेत निरौलाले न्याय परिषद्मा छँदै लोकसेवाको जिम्मा लगाइदिए । न्याय परिषद्ले परीक्षा लिँदा निष्पक्षता कायम हुन नसकेको भन्दै जिल्ला न्यायाधीश नियुक्ति विवादमा पर्दै आएको थियो । संविधानमा रिक्तमध्ये ४० प्रतिशत न्यायाधीश न्यायसेवा समूहभन्दा बाहिरबाट खुला प्रतिस्पर्धाबाट छान्नुपर्ने व्यवस्था छ । "अहिले निरौला र प्रधानन्यायाधीशबीच धेरै कुरा मिल्छ," सर्वोच्चका एक सहसचिव भन्छन् ।

गोपाल पराजुलीविरुद्ध काम गरेको बात लागेकाले निरौलालाई सर्वोच्चमा न्यायाधीश बन्न भने सजिलो छैन । यही कारण न्यायालयभित्र निरौलाका विरोधी थुप्रै छन् । मुख्य रजिस्ट्रारबाट सोझै सर्वोच्चको न्यायाधीश नियुक्त गर्ने परम्परा नभएकाले यसैलाई उनका प्रतिस्पर्धीले बखेडाको माध्यम बनाउन भने सक्नेछन् तर संविधानले रोक्न सक्दैन ।

कानुनमा स्नातक गरी उच्च अदालतको मुख्य न्यायाधीश वा न्यायाधीशको पदमा कम्तीमा पाँच वर्ष काम गरेको, कानुनमा स्नातक गरी वरिष्ठ अधिवक्ता वा अधिवक्ताको हैसियतमा कम्तीमा १५ वर्ष वकालत गरेको, कम्तीमा १५ वर्षसम्म न्याय वा कानुनको क्षेत्रमा निरन्तर काम गरी विशिष्ट कानुनविद्को रूपमा ख्याति कमाएको र न्यायसेवाको राजपत्रांकित प्रथम श्रेणी वा सोभन्दा माथिल्लो पदमा कम्तीमा १२ वर्ष काम गरेकालाई सर्वोच्चको न्यायाधीश पदमा नियुक्तिका लागि योग्य मानिने संवैधानिक व्यवस्था छ ।

यसअघि महान्यायाधिवक्ताबाट समेत सर्वोच्चमा न्यायाधीश नियुक्त गर्ने चलन थिएन । तर गत वैशाखमा महान्यायाधिवक्ता हरिकृष्ण कार्कीलाई न्याय परिषद्ले सर्वोच्चमा न्यायाधीश नियुक्त गरेको थियो । कार्की राणाले अवकाश पाएपछिको प्रधानन्यायाधीशको रोलक्रममा छन् । मुख्य रजिस्ट्रारबाट मुख्य न्यायाधीश बनाउने चलनसमेत सुवेदीको नियुक्तिसँगै सुरु भएको हो ।

राजनीतिक अनुकूलता : अहिले रिक्त पदमा वैदिकलाई नियुक्त गर्ने विषयमा प्रधानन्यायाधीश राणासमेत पछाडि सरेकाले नेकपाभित्रको एउटा पक्ष (विशेषतः पूर्वमाओवादी खेमा) निरौला, सुवेदी र ढुंगानामध्ये एउटालाई समर्थन गर्नुपर्ने बाध्यतामा छ । वैदिक बलात्कारको आरोपमा जेलमा रहेका पूर्वसभामुख कृष्णबहादुर महरासँग घनिष्ठ थिए । न्याय परिषद्को बैठकअघि वैदिक प्रायः महरालाई भेट्न जान्थे ।

न्याय परिषद्को सदस्य छँदै उपेन्द्रकेशरी न्यौपाने सर्वोच्चको न्यायाधीश बन्न खोज्दा अहिलेसम्म त्यसको अबगाल बेहोरिरहेका छन् । वकिलहरूको संगठन नेपाल बार एसोसिएसनले विज्ञप्ति निकालेरै न्याय परिषद्मा बसेको व्यक्तिलाई सर्वोच्चको न्यायाधीश बनाउँदा अदालतको आस्था गुम्ने भन्दै वैदिकको नियुक्तिबारे विरोध जनाइरहेको छ ।

वैदिकको विकल्प नेकपाभित्रको माओवादी खेमालाई समेत चाहिनेछ किनभने द्वन्द्वकालीन मुद्दालाई लिएर न्यायालयले कुनै पनि बेला आफूलाई अप्ठेरो पार्न सक्ने भय प्रचण्ड पक्षलाई छ । अदालतमा विचाराधीन मुद्दाहरू कुनै पनि बेला उछालिन सक्ने आकलन पूर्वमाओवादीको छ । यस्तो परिस्थिति सिर्जना भए न्यायालयमा आफू निकट न्यायाधीश पुर्‍याउनु पूर्वमाओवादीका लागि अनिवार्य हुनेछ । प्रचण्डले सभामुखमा जस्तै न्यायाधीश पदमा समेत अड्डी कसे आफ्नो पक्षमा निर्णय गराउन सक्छन् । यस्तो भए प्रचण्डको फेरो समातेर तीन प्रतिस्पर्धीमध्ये एक न्यायाधीश बन्ने सम्भावना रहन्छ ।

उसो त निरौलाले प्रधानमन्त्री केपी ओली र राष्ट्रपति विद्यादेवी भण्डारीको भद्र सहमतिमै पराजुलीलाई अवकाशको पत्र थमाएकाले त्यो कार्ड अहिलेसमेत प्रयोग हुन सक्छ । तर पराजुलीको लाइनले काम गरे सुवेदी अगाडि आउनेछन् । यस्तो अवस्थामा निरौला र सुवेदीलाई उछिन्न ढुंगानालाई भने निकै मिहिनेत गर्नुपर्ने देखिन्छ, जसरी उनले संविधानसभामा कानुनी सल्लाहकारको पद सिर्जना गरेर बाजी मारेका थिए । जेहोस्, न्यायसेवाबाट करियर थालेका समवयका तीन अब्बल प्रतिस्पर्धीको शक्ति संघर्ष भने हेर्नलायक बन्नेछ, जसले डेढ दशकपछिको न्यायिक नेतृत्वसमेत गर्नेछ । ■

माघ १९ सम्झाउने दौडधुप

माघ १९ । क्यालेन्डरको यो मितिले नेपालका गणतन्त्रवादी मात्रै होइन, स्वयं राजावादीलाई पनि झस्काउने गर्छ । शाहवंशका अन्तिम राजा ज्ञानेन्द्रले संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रको संवैधानिक सम्झौता तोड्दै सक्रिय शासन अभ्यास गर्ने हुँदा त्यसको मूल्य सिंगै राजसंस्थाले चुकाउनु परेको थियो– डेढ दशकअघि । ०६१ सालको त्यही शाही कदमले नेपाललाई निर्णायक रूपमा गणतन्त्रतर्फ मोडेको थियो । अचेल ज्ञानेन्द्र शाही शासन फर्काउन नसके पनि राजतन्त्रको संवैधानिक पुनरावृत्ति गराउन पाए आफ्नो वंश विरासत रहने थियो भन्ने कामनासहित भेटघाटमा सक्रिय देखिन थालेका छन् । त्यसका लागि उनले हतियार बनाएका छन्– हिन्दुत्वको राजनीतिलाई ।

सन्तोष आचार्यको रिपोर्ट

विश्व हिन्दु महासंघले बाँसबारीस्थित मुख्यालयमा १५ माघमा केन्द्रीय समिति बोलायो । बैठकको एउटा एजेन्डा थियो, उत्तरप्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथलाई निम्त्याएर अभिनन्दन गर्ने । आउँदो ९ फागुनमा शिवरात्रि अवसर छोपेर हुने भनिएको तीन दिने विश्वशान्ति महायज्ञमा भारतीय जनता पार्टीभित्र प्रभावशाली मानिएका यी नेता बोलाउने महासंघको धोको थियो । तर छोटो समयमा भ्रमणको चाँजोपाँजो मिलाउन सम्भव देखिएन ।

बैठकले उक्त महायज्ञमा राष्ट्रपति विद्यादेवी भण्डारी र पूर्वराजा ज्ञानेन्द्र शाहलाई प्रमुख

उत्तरप्रदेश, भारतका मुख्यमन्त्री आदित्यनाथको ट्विटरबाट

पूर्वराजा ज्ञानेन्द्रको स्वागत गर्दै आदित्यनाथ । लखनउ, भारत, २४ पुस ०७४

अतिथि बनाउने निर्णय गऱ्यो । महासंघ त्यही संस्था हो, जसले दक्षिणपन्थी राष्ट्रवादी विचार बोक्छ । आवरणमा धार्मिक संगठन देखिए पनि महासंघले 'राजासहितको हिन्दु राष्ट्र' माग्ने गरेको छ । महासंघले निम्तो गर्न खोजेका आदित्यनाथ तिनै हुन्, जो नेपालमा 'हिन्दु राजतन्त्र' को वकालत गर्छन् ।

"योगीजीलाई नेपालमा अभिनन्दन गर्ने हाम्रो पहिलेदेखिकै चाहना हो । जनकपुरमा प्रदेश सरकारले उहाँको अभिनन्दन गऱ्यो," विश्व हिन्दु महासंघ (अन्तर्राष्ट्रिय) की महासचिव अस्मिता भण्डारी भन्छिन्, "चाँडै अभिनन्दन गरेर नेपालमा राजासहितको हिन्दु राष्ट्रको औचित्य छ भन्ने सन्देश दिन चाहन्छौँ ।"

१३ वर्षअघि जनआन्दोलनको बलमा ४ जेठ ०६३ को प्रतिनिधिसभाले राजसंस्था निलम्बन घोषणा गऱ्यो । त्यसको दुई वर्षपछि संविधानसभाको पहिलो बैठकले नेपाललाई गणतन्त्र घोषणा गर्दै राजा र राजपरिवारले उपभोग गर्दै आएको सम्पूर्ण राजनीतिक अधिकार खारेज गऱ्यो । २९ जेठ ०६५ मा पत्रकार सम्मेलन गर्दै ज्ञानेन्द्रले नारायणहिटी दरबार परित्याग गरे ।

राजपाठ गुमाए पनि ज्ञानेन्द्रमा राजतन्त्रको अतृप्त तिर्खा देखिन्छ । अहिले सीधै राजतन्त्र माग्दा जनभावनाविपरीत त देखिन्छ नै, त्यो संविधानको खिलाफ पनि हुन जान्छ । त्यसैले उनले आफ्नो चाहना पूर्तिको भऱ्याङ बनाउन चाहेका छन्, हिन्दुत्वलाई । छिमेकी भारतमा बढ्दै गएको धार्मिक उन्मादको राजनीतिक ज्वारलाई आफ्नो राजनीतिक लाभका लागि पुँजीकृत गर्ने उनको स्वार्थ देखिन्छ ।

त्यसैका लागि ज्ञानेन्द्रले कट्टरपन्थी हिन्दुत्वसँग जोडिएका योगीहरूसँग सम्पर्क बनाइरहेका छन् । तिनैमध्येका एक हुन्, आदित्यनाथ । ज्ञानेन्द्रले उनीसँग पारिवारिक तहसम्मै सम्बन्ध विस्तार गरेका छन् ।

अतिवादी हिन्दु विचारधारा बोक्ने भाजपा नेतासमेत रहेका आदित्यनाथका लागि पनि उनीहरूकै शब्दमा 'हिन्दु सम्राट' एउटा राजनीतिक औजार हो । उनले नेपालमा 'राजासहितको हिन्दु राष्ट्र' वकालत गर्नुको कारण पनि यही हो । ०७३ कात्तिकमा पशुपतिनाथस्थित वनकाली परिसरमा आयोजित विराट विश्व हिन्दु सम्मेलनमा उनले ज्ञानेन्द्रकै सामु 'हाम्रो मिसन हिन्दु राजा-हिन्दु प्रजा' भनेकै थिए । २४ पुस ०७४ मा आफैँ गाडी चलाएर नेपालगन्ज नाका हुँदै लखनउ पुगेका ज्ञानेन्द्रले सपरिवार आदित्यनाथ भेटेका थिए । त्यहाँ पनि आदित्यनाथले पूर्वराजालाई 'हिन्दु सम्राट' कै हैसियतमा खातिरदारी गरे ।

त्यसअघि ८ असारमा केही नेपाली पत्रकारहरूलाई लखनउस्थित मुख्यमन्त्री निवास बोलाएर उनले 'नेपाल हिन्दु राष्ट्र हुँदा तीन करोड जनसंख्या भएको देशले विश्वका सय करोड हिन्दुको तागत प्रयोग गर्ने र त्यसले हिन्दु पहिचान पनि कायम हुने' बताएका थिए । योगी अभिव्यक्तिलाई भारतको कुनै पनि आधिकारिक निकायले सम्मति दिएको छैन । तर उनको अभिव्यक्तिमा भाजपा सरकारले कहिल्यै आपत्ति नजनाउनुलाई अर्थपूर्ण मान्ने गरिएको छ ।

भारतलाई हिन्दु राष्ट्र बनाउने भित्री अभीष्टका साथ अल्पसंख्यक धार्मिक समुदायमाथि आक्रमण बढाएको भनेर आलोचित राष्ट्रिय स्वयंसेवक संघको राजनीतिक मोर्चा भाजपाले दोस्रो पटक बहुमतसहित सत्ताको नेतृत्व गरिरहेको छ । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले

^ भारतबाट आएका धर्मगुरु कालिदास बाबा र भीमाशंकर लिंगसँग भेट गर्दै पूर्वराजा ज्ञानेन्द्र । निर्मलनिवास, काठमाडौँ, २९ पुस ०७६ (बायाँबाट क्रमशः)

हिन्दुत्वको एजेन्डालाई आक्रामक ढंगले अगाडि लैजान चाहेको प्रस्ट देखिन्छ । 'अवसर पाए सबै मस्जिदमा गौरी-गणेशको मूर्ति स्थापना गर्नेछु' भनेर अभिव्यक्ति दिने आदित्यनाथले नेपालमा राजासहितको हिन्दु राष्ट्रको वकालत गर्नु र उनको दल भाजपाले 'हिन्दु सम्राट' को व्यवहार गर्नुले पनि ज्ञानेन्द्र केही हौसिएका हुन सक्छन् ।

तीन दशकयता भारतमा अतिवादी हिन्दु संगठन राष्ट्रिय स्वयंसेवक संघ (आरएसएस) ले बृहत् सञ्जाल विस्तार गरिसकेको छ । यसको छातामुनि भाजपा, शिव सेना, बजरंग दल, विश्व हिन्दु परिषद्लगायत दर्जनौं अतिवादी हिन्दुत्वको वकालत गर्ने संगठन सक्रिय छन् । एक दशकयता आरएसएसले नेपालमा पनि आफ्नो संगठन विस्तार गर्दै आएको छ ।

हिन्दु स्वयंसेवक संघ, नेपालले 'राजनीतिलाई हिन्दुकरण र हिन्दुलाई सैनिकीकरण' नारा दिँदै आएको छ । नेपालका ५० भन्दा बढी जिल्लामा शिव सेना नेपालको उपस्थिति छ । आदित्यनाथ आफैँले नेतृत्व गरेको हिन्दु युवा वाहिनी नेपाल च्याप्टरमार्फत युवाहरू संगठित छन्, जसको उद्देश्य राजासहितको हिन्दु राष्ट्र रहेको बुझ्न कठिन छैन । नेपालमा भारतका हिन्दुवादी संगठनको विस्तारमा कहीं न कहीं उनै आदित्यनाथ जोडिन्छन् । उनको योजना र स्वीकृतिमै यस्ता संगठन नेपालमा जन्मिए, सक्रिय भए । *हिन्दु राष्ट्र नेपाल : अतीत एवं वर्तमान* पुस्तक लेखेका ४७ वर्षीय आदित्यनाथलाई भाजपाले 'हिन्दु पुनर्जागरणको महानायक, सांस्कृतिक राष्ट्रवादका प्रतीक, हिन्दुत्व र विकासको स्वप्नद्रष्टा' भन्दै देवत्वकरण गर्न कुनै कसर बाँकी राखेको छैन ।

भारतको उत्तराखण्डस्थित गढवाल गाउँका अजय विष्टबाट योगी आदित्यनाथ बनेका उनले नेपालको सीमा जोडिएको उत्तरप्रदेशको गोरखपुरस्थित गोरक्षनाथ मठको नेतृत्व गर्दै आएका छन् । त्यही हैसियतमा उनले १ माघमा संक्रान्तिको अवसर छोपेर महाराजगन्जस्थित निर्मल निवासमा पूर्वराजा ज्ञानेन्द्रलाई महारोट पठाए । ज्ञानेन्द्रले पनि आदित्यनाथलाई विशेष खिचडी पठाए । दुवैले यसो गर्नुको पछाडिको सन्देश थियो, राजनीतिक रूपमा अस्तित्वमा नदेखिए पनि परम्परागत रूपमा नेपालमा राजसंस्था यथावत छ ।

"राजतन्त्र र हिन्दु राष्ट्रलाई हटाउँदा देशको समग्र स्थितिमा सुधार भयो त ? परम्परागत शक्ति र पहिचान मेटाउँदै गर्दा हामीले प्राप्त

गरेको कुरा के हो ? यसको जवाफ कसैले पाएको छैन । त्यसैले हिन्दु राष्ट्रसहितको राजतन्त्रको पक्षमा हामी उभिँदै आएका छौँ," राप्रपा संयुक्तका नेता राजाराम श्रेष्ठ भन्छन्, "कसैले निषेधको राजनीति गर्न सक्दैन, परम्परागत र नयाँ शक्ति मिलेर जान सकिने राजतन्त्रसहितको लोकतन्त्र आजको आवश्यकता हो ।"

गोरखनाथलाई नेपाली राजपरिवारको कुल देवता मानिन्छ । गोरखपुरको गोरखनाथ मन्दिरसँग सदियौँदेखि नेपालको राजसंस्था जोडिँदै आएको छ । गोर्खाको गोरखनाथ मन्दिरदेखि जुम्लाको चन्दननाथ, दाङको सिद्ध रत्ननाथ, काठमाडौँको थापाथली मन्दिर र मृगस्थलीको नाथ अखडासँग रहेको परम्परागत सम्बन्धले पनि ज्ञानेन्द्र र योगी आदित्यनाथलाई एक ठाउँ ल्याउन मद्दत पुगेको छ । धर्मको आड लिएर आ-आफ्नो राजनीतिक अभीष्ट पूरा गर्न दुवैको स्वार्थ मिलन भएको बुझ्न कठिन छैन ।

"राजतन्त्रको अन्त्यपछि एकअर्कालाई टेकोको आवश्यकता भएकाले भारत जाँदा नेपालका पूर्वराजाले धार्मिक व्यक्ति भेट्छन्, तिनीहरू नेपाल आउँदा पूर्वराजालाई भेट्छन्," विश्लेषक सीके लाल भन्छन्, "राजाका लागि धर्मगुरु संरक्षक हुन्छ भने धर्मगुरुका लागि राजा पनि त्यस्तै संरक्षक हो । यसैले धर्म र राजाको सम्बन्ध भनेको प्रेम र घृणाको हो । दुवै एकअर्कामा निर्भर छन् तर शक्तिशाली भएको भने देख्न चाहँदैनन् ।"

भारतीय हिन्दु समाजमा विशेष महत्त्व राख्ने कतिपय योगीहरूलाई नेपाल पठाउने सूत्रधारका रूपमा पनि हेरिन्छ, उनै आदित्यनाथलाई । राजसंस्थाको औपचारिक बिदाइ भएको एक दशकमा दर्जनौँ पटक ज्ञानेन्द्रले नेपाल र भारतमा त्यस्ता योगीहरूलाई भेटेका छन् । उनले जुन योगी भेटेका छन्, उनीहरू सबै नेपालमा राजासहितको हिन्दु राष्ट्रको वकालत गर्छन् ।

गत मकर संक्रान्तिको अवसर पारेर भारतबाट दुई योगी नेपाल आए । भारतको राजनीतिमा समेत प्रभाव राख्ने यी दुई योगी थिए, नेपाली मूलका कालिदास बाबा र केदारनाथधामका प्रमुख पीठाधीश भीमाशंकर लिंग । नेपाल आउनासाथ दुवैले पूर्वराजासँग निर्मल निवासमा अलग-अलग भेटेका थिए, २९ पुसमा । नवलपुरको चोरमारामा आयोजित महायज्ञमा यी दुई योगी सहभागी मात्र भएनन्, राजासहितको हिन्दु राष्ट्रको वकालत गर्न पनि भ्याए ।

यसअघि भारतीय हिन्दु राजनीतिमा विशेष महत्त्व राख्ने शंकराचार्य निश्चलानन्द सरस्वती पनि नेपाल आएका थिए । ७ जेठ ०७५ मा उनले ज्ञानेन्द्रलाई मात्र भेटेनन्, पत्रकार सम्मेलन गरेरै राजा अनि हिन्दु राष्ट्रको पक्षमा भट्याउन पनि भ्याए ।

नेपालमा आएर पूर्वराजासँग भेट गर्ने अनि सार्वजनिक रूपमा राजसंस्था र हिन्दु राष्ट्रको आवश्यकताको वकालत गर्ने यस्ता धर्मगुरुहरूलाई नेपाल पठाउने संयोजन कहीँ न कहीँ मुख्यमन्त्री आदित्यनाथले गर्दै आएका छन् । यसैले नेपालमा भारतीय धर्मगुरुहरूको लर्को लागिरहन्छ । धार्मिक भनिइने यस्तो भ्रमणभित्र लुकेको राजनीति बुझ्न कठिन छैन । "राजासहितको विश्वको एक मात्र हिन्दु राष्ट्र हाम्रो राजनीतिक मुद्दा हो । यसको पक्षमा हामी वकालत गरिरहन्छौँ," महासचिव भण्डारीको दाबी छ, "नारायणहिटीको महेन्द्र मञ्जिलमा पूर्वमुमाबडामहारानी रत्नराज्यलक्ष्मी बसिरहनुको केही सांकेतिक अर्थ छ भन्ने कुरा हामीले बुझ्नुपर्छ ।"

आफ्नो पालामा गुमेको राजपाठ आफ्नै प्रयासले फिर्ता ल्याउन ७२ वर्ष पार गरिसकेका पूर्वराजा ज्ञानेन्द्रसामु धेरै समय छैन । आफूले शासन गर्दागर्दै अन्त्य भएको राजतन्त्र आफ्नै पालामा फर्काउन सकिन्छ कि भन्ने चाहनाले नै उनलाई देशाटन गर्ने अनि छिमेकी भारत र चीनसम्मको भ्रमणसम्म पुऱ्याएको छ ।

भारतको राजनीतिक शक्तिलाई रिझाइरहने र नेपालमा पनि जनस्तरमा भेटघाटलाई निरन्तरता दिने दुवै रणनीति उनले एकसाथ अपनाइरहेका छन् । नारायणहिटी गुमाइसकेपछि पूर्वराजा ज्ञानेन्द्रले दर्जनभन्दा बढी पटक भारत भ्रमण गरिसकेका छन् । गणतन्त्र आएकै वर्ष फागुन ०६५ मा उनले भाजपा अध्यक्ष लालकृष्ण आडवाणीसँग भेटेर यसको प्रारम्भ गरेका थिए । पछिल्लो समय अर्थात् पुस दोस्रो सातादेखि पत्नी कोमल र निजी सचिव सागर तिम्सिनासहित ज्ञानेन्द्र भारतको सिक्किम र दार्जिलिङ भ्रमणमा छन् । स्रोतका अनुसार त्यहाँ रहेका नेपाली समुदायसँग राजासहितको हिन्दु राष्ट्रको एजेन्डा राखेका थिए, उनले ।

राजसंस्था पुनर्स्थापनाको एजेन्डा बोकेर पूर्वराजा ०७३ मंसिर दोस्रो साता उत्तरी छिमेकी चीन पनि पुगे । सार्कमा चीनलाई स्थान दिने प्रस्ताव गरेको आक्रोशस्वरूप भारतले राजतन्त्र समाप्तिमा भूमिका खेलेको बताएर चिनियाँ



"धर्म र राजाको सम्बन्ध भनेको प्रेम र घृणाको हो । दुवै एकअर्कामा निर्भर छन् तर शक्तिशाली भएको भने देख्न चाहँदैनन् ।

– सीके लाल, विश्लेषक

समर्थन लिने उनको योजना बुझ्न कठिन थिएन । तर चीनले उनलाई बुझ्न चाहेन । बेइजिङबाट उनी रित्तो हात फर्कनुपऱ्यो । राष्ट्रपति सी चीनफिङले उनलाई भेट नै दिएनन् ।

दोस्रो पटकको बेइजिङ भ्रमणमा उनले चिनियाँ राष्ट्रपतिसँग भेट त पाए तर उत्साह जाग्ने कुनै आश्वासन पाउन सकेनन् । तेस्रो पटक बुहारी हिमानी शाहलाई चीन पठाए पनि हात लाग्यो शून्य नै भयो । उत्तरी छिमेकीबाट कुनै सहयोग मिल्न नसक्ने संकेत पाएपछि ज्ञानेन्द्र पछिल्लो समय भारतकै भरमा छन् । तर भारत नेपालको जनमतविपरीत जाने पक्षमा तत्काल देखिँदैन ।

"सबै समस्याको जड राजतन्त्र हो भनेर भ्रम फैलाइयो," राप्रपा संयुक्तका नेता श्रेष्ठ भन्छन्, "तर राजतन्त्र नै भोटको राजनीतिभन्दा बाहिर बस्ने र देश अनि जनतालाई एकताको सूत्रमा बाँध्न सक्ने स्थायी शक्ति रहेछ भन्ने कुरा जनताले बुझ्न थालेका छन् । यसैले भारत वा अन्य कुनै विदेशी शक्तिले होइन, नेपाली जनताले चाहे राजासहितको लोकतान्त्रिक हिन्दु राष्ट्र गठन हुने दिन म धेरै टाढा देख्दिनँ ।"

श्रेष्ठको भनाइबाट पनि बुझिन्छ, राजसंस्था पुनर्स्थापनाको मुद्दालाई 'मिडप्याक' गरिसकेका छैनन्, ज्ञानेन्द्रले । तर न त्यसअनुरूपको राजनीतिक परिस्थिति छ, न त जनमत नै । यसैले अहिलेका लागि 'पर्ख र हेर' भन्नेबाहेक उनीसँग अर्को विकल्प छैन ।

नजर महाधिवेशनतिर

२० महिनापछिको नेकपा केन्द्रीय कमिटी बैठकमा नेतृत्वको आत्मालोचना र प्रि-ब्रिफिङ

जनक नेपाल

एमाले-माओवादी केन्द्र एकताको डेढ वर्षपछि बसेको नेकपा केन्द्रीय कमिटीमा अध्यक्षद्वय केपी ओली र पुष्पकमल दाहाल 'प्रचण्ड' ले २५-३० चैत, ०७७ का लागि महाधिवेशन प्रस्ताव गरे। पाँच महिने पार्टी अभियानसहित नेतृत्वले १४ महिने क्यालेन्डर अघि सारेसँगै नेकपाले नयाँ कोर्स लिने देखिएको छ।

विधानले शक्तिशाली भनिएको केन्द्रीय कमिटी बैठक नबस्दा पार्टीपंक्तिमा उकुसमुकुस थियो। पूर्वपार्टीअनुरूप धारणा बोकेर राष्ट्रिय सभागृह पुगेका केन्द्रीय सदस्यहरूको असन्तुष्टि अध्यक्षद्वयको राजनीतिक र महासचिव विष्णु पौडेलको सांगठनिक प्रतिवेदन पढेपछि मत्थर हुन पुग्यो। नेतृत्वले प्रतिवेदनमा चातुर्यका साथ रक्षात्मक रणनीति लिएको छ। ०७४ का तीन तह चुनावयता निस्क्रिय संगठनलाई गति दिने गरी एकता महाधिवेशनसम्मकै मार्गचित्र अघि सारिएको छ।

नेतृत्वले पार्टीलाई विधिसम्मत र कमिटी प्रणालीबाट सञ्चालन गर्न नसकेको केन्द्रीय कमिटीसमक्ष स्वीकारेको छ। महासचिव पौडेलको प्रतिवेदनमा छ, 'हामीले अझै पनि पार्टीको आन्तरिक जीवनलाई विधिसम्मत, संस्थागत र कमिटी प्रणालीमा आधारित बनाउन सकेका छैनौं। पूर्वसमूहको मानसिकता र पूर्वसमूहका पनि गुटका प्रशाखाहरू पार्टीका सामु चुनौती बनेर उपस्थित भएका छन्। पार्टीमा गुटबन्दी घोषित र प्रत्यक्ष बन्दै गएको छ। अराजकता र अनुशासनहीनताको समस्या झाँगिँदै गएको छ।' उनले गुटबन्दीलाई संस्थागत गर्ने र पार्टीलाई गुटहरूको फेडरेसन बनाउने वा गुटबन्दी समाप्त गर्ने र विधि, नीति तथा निर्णयका आधारमा एकताबद्ध बनाउने विकल्प पेस गरेका छन्।

एकताको मनोविज्ञान अन्दाज गर्न नसक्दा नेतृत्व आत्मालोचित हुनुपर्ने स्थिति आएको केन्द्रीय सदस्य विष्णु रिजाल बताउँछन्। "पार्टी र सरकार सञ्चालनका कमी-कमजोरी अध्यक्षद्वय र महासचिवले प्रतिवेदनमै स्वीकारिसकेपछि विगत कोट्याइरहनु परेन," उनी भन्छन्, "केन्द्रीय बैठकपछि पार्टी बिस्तारै महाधिवेशन उन्मुख हुनेछ। संगठनमा नयाँ गति आउनेछ।"

लामो अन्तरालमा बसेको बैठकमा सदस्यहरूका असन्तुष्टि छताछुल्ल पोखिने पूर्वानुमान थियो। यसै पनि पूर्वपार्टीको मनोविज्ञान त छँदै थियो। गुटगत लाइनको दबाब त्योभन्दा चर्को पर्ने भय नेतृत्वमा देखियो। त्यो बुझेरै अध्यक्षद्वयको प्रतिवेदन नरम भाषामा आयो। पार्टी र सरकार सञ्चालनका कमीलाई सुधार्ने प्रतिबद्धता व्यक्त गरियो। १ फागुनदेखि ०७७ असारसम्मको 'पार्टी एकता सुदृढीकरण र समृद्धिका लागि राष्ट्रिय अभियान' तथा महाधिवेशनको क्यालेन्डर प्रस्तुत गरियो।

अध्यक्ष ओलीले दुई घन्टा लामो उद्घाटन मन्तव्य राख्दै सरकारको बचाउ गरे। सरकारमाथि चर्का प्रश्न उठ्ने छनक पाएर हुनुपर्छ, उनले आफ्नो सरकारका विवादित निर्णयबारे पहिल्यै उत्तर दिए। १४ माघको सचिवालय बैठकमै ओलीले पार्टीपंक्तिमा सरकारी कामबारे भ्रम सिर्जना भएकाले आफूले प्रस्ट्याउन पाउनुपर्ने प्रस्ताव गर्नुबाटै उक्त आकलन प्रस्ट हुन्छ।

ओली परम्परागत भावभंगी र उखानटुक्का शैलीमा थिएनन्। पहिलोपल्ट उनी आलोचना सुन्न र सच्चिनुपर्ने ठाउँ भए सच्चिन तयार रहेको बताउँदै थिए। "मेरो सम्बन्धमा कुनै आलोचना छ, सुझाव छ, टिप्पणी छ भने त्यो पनि कुरा गर्न सकिन्छ। र, त्यसलाई सच्याउन

सकिन्छ," ओलीले केन्द्रीय कमिटीमा भनेका थिए, "तर वैयक्तिक असन्तुष्टि, आक्रोश या विरोधले आन्दोलनमा प्रभावित गर्ने गरी जानु वाञ्छनीय हुँदैन। हाम्रो सफलता हाम्रो एकतामै छ।"

ओली हत्तपत्त रक्षात्मक हुने स्वभावका नेता होइनन्। पूर्वएमालेकै शीर्ष तहका नेताहरूको चित्त बुझाउन नसक्दा उनी कमजोर बन्दै गइरहेका छन्। खासगरी वरिष्ठ नेता माधव नेपाल गुटसँग सम्बन्ध सुधार्न नसक्दा ओली शक्ति खस्किँदै गइरहेको बुझ्न कठिन छैन। त्यसमाथि अर्का अध्यक्ष प्रचण्डको रणनीतिक चातुर्यले पनि ओली बारम्बार अप्ठेरोमा पर्ने गरेका छन्।

वामदेव गौतमनिवास भैँसेपाटीमा अघिल्लो महिनाको बैठकपछि ओली सचिवालयमा अल्पमतमा पर्ने स्थिति आयो। कार्यकारी अध्यक्ष प्रचण्डले यसैगरी ओलीविरुद्ध मोर्चाबन्दी गर्ने हो भने उनी स्थायी र केन्द्रीय कमिटीमा पनि अल्पमतमा पर्ने देखियो। त्यसैले सुवास नेम्बाङलाई पाँचौँपल्ट सभामुख बनाउन एक महिनादेखि संसद् रोकिरहेका ओली अन्ततः प्रचण्डनिकट अग्नि सापकोटालाई सभामुख बनाउन तयार हुनुपर्‍यो। ओलीले नेपाललाई विश्वासमा लिन नसक्दा प्रचण्डले आफ्नो बार्गेनिङमा बारम्बार उनलाई उपयोग

नेकपा केन्द्रीय समितिको बैठक, १५ माघ

नेकपा क्यालेन्डर

पार्टी एकता सुदृढीकरण र समृद्धिका लागि राष्ट्रिय अभियान
१ फागुन ०७६-असार ०७७

प्रदेश र जिल्ला तह अधिवेशन
भदौ-मंसिर ०७७

महाधिवेशन
२५-३० चैत ०७७

गरिरहेका छन्। जिल्ला अध्यक्षको भागबन्डाका बेलाबाहेक नेपालले प्रचण्डको साथ भने पाएका छैनन्। झन्डै एक वर्षपछि वरीयता खोसिँदासमेत प्रचण्ड मौन बसिदिए। "नेकपामा प्रचण्ड बलियो भएका हैनन्, उनको रणनीति मात्र सफल भएको हो," नेपालनिकट एक नेता भन्छन्, "ओलीसँग बार्गेनिङ गर्ने र माधव नेपालको साथ लिएर गलाउने प्रचण्ड रणनीति देखिन्छ।"

नेतृत्वको रक्षात्मक शैलीले केन्द्रीय कमिटी गुटगत रूपमा बाँडिनबाट भने जोगिएको छ। एमसीसी र यती होल्डिङ्सलगायत केही विवादित मुद्दाबाहेक अरू एजेन्डामा केन्द्रीय सदस्यहरूले गुटगत घेराभन्दा बाहिर निस्केर विचार राखेका थिए। पूर्वउपसभामुख पूर्णाकुमारी सुवेदी पार्टीलाई संस्थागत र विधिविधानअनुसार चलाउनुपर्ने कोणबाट सदस्यहरूले खुलेर बोलेको बताउँछिन्। भन्छिन्, "पार्टी अभियानले कार्यकर्तापंक्तिमा उत्साह पैदा गर्ने र तल्लो तहसम्म भावनात्मक रूपमा एकता हुने विश्वास बढेको छ।" नेताहरू आचारसंहितासहित आत्मालोचना गरेर आएकाले त्यसको परीक्षण व्यवहारमा हेर्न भने बाँकी नै रहेको उनको भनाइ छ।

नेकपामा मुख्यतः दुई मनोविज्ञान र तीन गुट हावी छन्। पूर्वएमाले र पूर्वमाओवादी पृष्ठभूमिको मनोविज्ञान महाधिवेशनसम्मै जानेछ। पार्टीमा अहिले ओली, प्रचण्ड र नेपाल गुट हावी छन्। तर महाधिवेशनको मिति तोकिएकाले पार्टीमा रणनीतिक ध्रुवीकरण तीव्र हुने विश्लेषक झलक सुवेदी बताउँछन्। भन्छन्, "पूर्वपार्टीको मनोविज्ञान महाधिवेशनसम्मै जानेछ। नेतृत्वका लागि भने पार्टीमा अब नयाँ ध्रुवीकरण सुरु हुनेछ।"

महाधिवेशन प्रस्तावसँगै पार्टीमा नयाँ तरंग सिर्जना भइसकेको छ। केन्द्रीय सदस्यहरू आक्रामक रूपमा प्रस्तुत नहुनुको एउटा कारण त्यसैलाई मानिएको छ। "लामो समय बैठक नहुँदा हामी जुन उकुसमुकुससहित गएका थियौँ, नेतृत्वले सुरुमै त्यो सम्बोधन गरिदियो," केन्द्रीय सदस्य मोहम्मद हारुन भन्छन्, "पार्टीमा अब महाधिवेशन लागेको महसुस हुन थालेको छ।" सचिवालय र स्थायी कमिटी नेताहरूले केन्द्रीय सदस्यमार्फत प्रभाव विस्तार गर्न थालेको उनी बताउँछन्।

क्यालेन्डर आइसके पनि तोकिएकै मितिमा महाधिवेशन हुने आधार भने कमजोर छ। पार्टीका साधारण सदस्यको सदस्यता नवीकरणसमेत हुन सकेको छैन। पूर्वएमालेमा सदस्यको विवरण व्यवस्थित भए पनि पूर्वमाओवादीमा छैन। महाधिवेशनको तातो लागेपछि आ-आफ्ना पक्षका सदस्यता थप्ने प्रतिस्पर्धा हुनेछ। त्यसले तोकिएकै समयमा पालिका, जिल्ला र प्रदेश तहका अधिवेशन हुन कठिन देखिन्छ। ३ जेठ ०७५ मा पार्टी एकताका बेला तीन महिनभित्र संगठनात्मक एकता गर्ने र दुई वर्षभित्र सहमतिको महाधिवेशन गर्ने भनिएको थियो। डेढ वर्षपछि सांगठनिक प्रतिवेदनमा तीन महिने समयसीमा एकताले उत्साहित भएको मनोविज्ञानमा आधारित तर अव्यावहारिक थियो भन्ने पुष्टि भएको उल्लेख गरिएको छ।

संख्याको हिसाबले दोस्रो भए पनि एजेन्डा प्रस्तुतिका दृष्टिले यो एकतापछिको पहिलो बैठक हो। पार्टी एकतालगत्तै १० जेठ ०७५ मा बसेको पहिलो बैठक मुख्यतः परिचयात्मक र निर्वाचन आयोगमा पार्टी दर्ता गर्नका लागि राखिएको थियो। त्यसैले केन्द्रीय सदस्यलाई नागरिकतासहित उपस्थित हुन भनिएको थियो। एकताको जे उत्साह थियो, त्यो नै मर्ने गरी २० महिना कुराएर डाकिएको बैठकमा सदस्यहरूले खुलेर आफ्नो कुरा राखेकाले पार्टी अलमलबाट एक खुड्किलो गतिशील बनेको ठान्छन्, विश्लेषक सुवेदी। भन्छन्, "गुटगत रंग त आयो तर सदस्यहरू पूरै विभाजित भएनन्। पूर्वलाइनभन्दा बाहिर निस्केर लोकतान्त्रिक अभ्यास गर्नुले पनि पार्टीलाई नयाँ कोर्समा डोर्‍याएको देखिन्छ।" ने

बढ्दै छ संक्रामक

जलवायु परिवर्तन र व्यवस्थापनको लापरबाहीका कारण कोरोनालगायत संक्रामक भाइरसको जोखिममा नेपाल पनि

सुनिता लोहनी

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)ले चीनबाट फैलिएको नोवेल कोरोना भाइरसका कारण विश्वव्यापी स्वास्थ्य संकटकाल घोषणा गर्‍यो, १६ माघमा । चीनको हुवेई प्रान्तको उहान सहरबाट फैलिएको कोरोना अमेरिका, जापान, थाइल्यान्ड, दक्षिण कोरिया हुँदै नेपाल भित्रिइसकेको छ ।

भर्खर पत्ता लागेको नोवेल कोरोना भाइरसले चीनमा मात्रै २ सय जनाको मृत्यु भइसकेको छ । चीनमा ७ हजार ७ सय ११ जना कोरोना भाइरसबाट संक्रमित रहेको निश्चित

कपनस्थित जोसेफ हाई स्कुलमा मास्क लगाएर अध्ययन गर्दै विद्यार्थी

भाइरसको सन्त्रास

भएको छ भने १२ हजार १ सय ६७ जना संक्रमित भएको आशंका छ । संक्रमितमध्ये १ हजार ३ सय ७० को अवस्था गम्भीर छ र १ सय २४ जना निको भई अस्पतालबाट घर फर्केका छन् ।

डब्लुएचओका अनुसार नेपालसहित १८ देशमा ८३ वटा कोरोना भाइरसका संक्रमण भेटिएका छन् । त्यसमध्ये चीनमा कहिल्यै यात्रा नगरेका ७ जना परेका छन् । चीनबाहिर ३ देशमा मान्छेबाट मान्छेमा कोरोना भाइरस सरेको छ । यीमध्ये एक बिरामी सिकिस्त छन् भने चीनबाहिर अहिलेसम्म कोरोना भाइरसबाट कसैको मृत्यु भएको छैन ।

यस्तो विषम परिस्थितिमा डब्लुएचओका महानिर्देशक टेड्रोस एड्हानोम गेहब्रेयससले जेनेभा सचिवालयमा टेलिकन्फरेन्स गर्दै स्वास्थ्य अवस्था राम्रो नभएका देश भाइरसबाट बढी जोखिममा पर्ने भन्दै संकटकाल घोषणा गर्नु परेको जनाएका छन् ।

प्रभावकारी छैन हेल्थ डेस्क

शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका निर्देशक एवं सरुवा रोग विशेषज्ञ डा

आवरणसहित तस्बिरहरू : सरोज बैजू

nepalmag.com.np

वासुदेव पाण्डेले नेपालमा हालसम्म ६ जना कोरोना भाइरसका संक्रमित भेटिएको *नेपाल*सँग बताएका छन् । तीमध्ये एक जनामा भाइरस संक्रमित भएको पुष्टि स्वास्थ्य मन्त्रालयले नै गरेको छ ।

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (इडीसीडी) ले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा भाइरस संक्रमितको परीक्षणका लागि हेल्थ डेस्क राखेको छ । तर २९ पुसमा अस्पताल पुगेका भाइरस संक्रमितलाई ४ दिनमै फिर्ता पठाएको अस्पतालले केही दिनपछि मात्र विमानस्थलमा हेल्थ डेस्क सञ्चालन गरेको हो ।

चीनमा विद्यावारिधि गरिरहेका ती विद्यार्थी नेपाल आएसँगै ज्वरो, श्वास-प्रश्वासलगायत समस्या देखिएपछि अस्पताल भर्ना भएका थिए । टेकुस्थित अस्पतालको आइसोलेसन वार्डमा राखेर उनको उपचार गरियो । कोरोना भाइरससँग मिल्दोजुल्दो लक्षण देखिएपछि उनको रगत र र्‍यालको नमुना परीक्षणका लागि ७ माघमा डब्लुएचओको हङकङस्थित कोलाबरेटिङ सेन्टरमा पठाइएको थियो । नमुना परीक्षणका क्रममा ती बिरामी कोरोना भाइरस संक्रमित भएको पुष्टि भयो । यसरी संक्रमितलाई पूर्ण उपचार नगरी डिस्चार्ज गर्दा पनि उनी स्वस्थ भएको अस्पतालका निर्देशक डा पाण्डे दाबी गर्छन् ।

विदेशबाट नेपालमा दैनिक ५ देखि ६ हजार मानिसको आगमन भइरहेको छ । त्यसमध्ये यस महिना मात्रै १२ हजार ४० को आगमन भएको *बीबीसी* नेपाली सेवाले उल्लेख गरेको छ । त्यसबीचमा कतिमा कोरोना भाइरसको लक्षण थियो भन्ने जाँचपड्ताल गरिएको छैन ।

हेल्थ डेस्कले २४ घन्टै सेवा दिने उद्देश्यले विशेषज्ञ डाक्टरसहित ११ जनाको टोली खटाए पनि सेवा प्रभावकारी छैन । शरीरमा ज्वरो आए-नआएको जाँच्न राखिएको थर्मल स्क्रिनिङसहितको वातानुकूलित कोठा व्यवस्था नहुँदा मेसिनले राम्रोसँग काम गर्न सकेको छैन ।

चीनमा महामारीको रूप लिइसकेको र डब्लुएचओले संकटकाल घोषणा गरिसकेकाले व्यवस्थापनमा सन्तोष मान्ने अवस्था छैन । उसले स्वास्थ्यस्थिति राम्रो नभएका देशमा भयावह स्थिति आउने आँल्याइसक्दा पनि

मास्क लगाएर बौद्धनाथ परिक्रमा



नेपाल सरकार भने सूचना लुकाएर आफ्नो कमजोरी ढाक्न खोजिरहेको छ। कोरोनाबारे बुझ्न खोज्दा विमानस्थलका कर्मचारी पासबिना हेल्थ डेस्क जान नमिल्ने बताउँछन्। हेल्थ डेस्कका अधिकारीसँग हामीले सम्पर्क गर्‍यौं। तिनले विमानस्थलसँग पास माग्नू भने। विमानस्थल कार्यालय गयौँ, तिनले उही हेल्थ डेस्कतिर देखाए। विमानस्थलका निर्देशक देवचन्द्रलाल कर्ण सूचना लुकाउन नखोजेको दाबी गर्छन्। भन्छन्, “हामीले कसैलाई रोकेका छैनौँ। यसबारे सबै कुरा इडीसीडीले गर्छ। भाइरस अरूलाई पनि नलागोस् भनेर सचेत मात्र गरेको हो।”

सन् २००२ मा चीनमा सार्स प्रकोप फैलियो। त्यस समय विभिन्न देशका साथै नेपालमा पनि नाकाहरूमा क्वारेन्टाइनका लागि हेल्थ डेस्क राखियो। ४ महिना काम गरेर हेल्थ डेस्क बन्द भयो। त्यसपछि कसैको स्वास्थ्य परीक्षण भएन। पुनः स्वाइन फ्लु भएपछि सुचारु भएको हेल्थ डेस्क पनि ३ महिनामै बन्द भयो।

अफ्रिकामा इबोलाको प्रकोप फैलिएपछि सन् २०१४ मा हेल्थ डेस्क सञ्चालन भयो। तर ठाउँ अभाव र साधनको कमीले हेल्थ डेस्क निस्क्रिय बन्यो। अहिले पुनः हेल्थ



‘सरकार कुर्दै छौँ’

– प्रमिला देवकोटा, *उहानबाट*

म ५ महिनादेखि उहान सहरमा विद्यावारिधि गर्दै छु। विश्वविद्यालय नजिक अपार्टमेन्टको १३ औँ तलामा बस्छु। २० जनवरीमा डिपार्टमेन्ट स्टोरबाट सामान किनेर फर्केपछि वीच्याटको म्यासेजबाट थाहा पायौँ, कोरोना भाइरस भयावह हुँदै छ।

यहाँ म, श्रीमान् र ३२ महिने छोरा बस्छौँ। २३ जनवरीमा जब सिंगै सहर सिल गरियो, त्यसपछि भने डर लाग्यो। नेपाली दूतावासमा सम्पर्क गरेँ। राजदूतलाई घर पठाइदिन आग्रह गर्दा पनि वास्ता गरेनन्। वीच्याटमा नेपालीको समूह बनाऔँ भन्दा पनि दूतावासले सुरुमा ध्यान दिएन। तर पछि समूह बनेछ, राम्रो भयो। पहिला केहीले घर फर्कन चाहेका र केहीले यहीँ ठीक छ भने पनि अहिले हामी सबै घर फर्कन चाहन्छौँ।

भाइरस भयावह रोगको रूपमा फैलिएकाले बजारमा मास्क र पन्जाको कमी छ। सस्तो मास्कलाई पनि १ सय ८० आरएनबी (चिनियाँ मुद्रा) मा किन्नुपर्‍यो। पन्जा त हामीले किन्नै पाएनौँ। नयाँ वर्ष भएकाले खानेकुरा प्रशस्तै किनेका थियौँ। १२ दिन भयो, घरबाट बाहिर ननिस्केको।

फोहोर फाल्न लिफ्टबाट ओर्लनुपर्छ। कसैले हाच्छ्युँ गर्‍यो या संक्रमितले लिफ्टको बटन छोएका छन् भने पनि भाइरस सर्न सक्छ। भाइरस लागेको १ देखि १४ दिनमा पत्ता लाग्ने भएकाले अझै त्रासमा छु। सुरुमा त मरिन्छ कि जस्तो लाग्थ्यो। अहिले भने अब ठीक भएजस्तो लाग्छ।

सुरुका ३–४ दिन डरले डिप्रेसनजस्तै भएको थियो। संस्कृति पढाउने शिक्षकसँग कुरा गरेँ। उहाँले काउन्सिलरसँग कुरा गरेपछि केही राहत मिल्यो। हामीजस्तै चिनियाँ पनि आत्तिएका रहेछन् भनेपछि केही शान्त भयो।

मेरो बच्चालाई घुम्न मन पर्छ। अरू बेला बिहान–बेलुका बाहिर घुमाउँथेँ। एक दिन बार्दलीमा बिहान उसलाई घाम देखाउन गएकी थिएँ। पल्लो अपार्टमेन्टका ज्येष्ठ नागरिकले लुगा सुकाएको देख्नेबित्तिकै भित्र पसेँ। किनभने हामीले मास्क लगाएका थिएनौँ।

भाइरसले बच्चा र वृद्धलाई बढी जोखिम हुन्छ। म बस्ने भवनमा प्रायः वृद्धवृद्धा बस्छन्। पल्लो अपार्टमेन्टका ज्येष्ठ नागरिकले हाच्छ्युँ गरेको भए आमाछोरा संक्रमित हुन्थ्यौँ। त्यसैले झटपट भित्र छिरेँ। मेरो ठाउँमा उनी भएको भए पनि त्यस्तै हुन्थ्यो होला।

अचेल बच्चा बाहिर जान पाइनँ भनेर बेलुका भएपछि चिच्याउँछ। उसलाई देखेर झन् चिन्ता लाग्छ। नजिकै रहेको स्टोर १ किलोमिटर पर छ। त्यहाँ हेल्थ डेस्क छैन। यहाँ कोरोना हाच्छ्युँबाट मात्र नभई नाक, आँखाबाट पनि सर्ने भन्छन्।

श्रीमान् ३ दिनअघि स्टोर जानुभएको थियो। त्यहाँ ३०/३५ जना मान्छे लाइनमा थिए। सामानसँगै रोग पनि आयो कि भन्ने डर। चिसोले रुघाखोकी लाग्ला भनेर कोठामा हिटिङ अन गरिरहनुपर्छ। यसले गर्दा बिहान मुख सुक्खा हुन्छ। फेरि सुक्खा रुघा लाग्ला भनेर २/३ घन्टा तनावमै बित्छ। बरु नेपालमा भएको भए परिवारसँग होइन्थ्यो। मलाई र श्रीमान्लाई केही भए दिदीबहिनीले हेर्थे भन्ने लागिरहन्छ। यस्तोमा नकारात्मक सोचाइ आउँदो रहेछ। सरकारले कहिले लैजाने हो ? हामी कुरेर बसिरहेका छौँ।



त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट बाहिरिने यात्रुलाई गरिएको थर्मल स्क्यानिङ

डेस्क सञ्चालनमा आएको छ । बारम्बार बन्द भइरहेको हेल्थ डेस्कको समस्या पनि उही छ, ठाउँ अभाव र स्रोत-साधनको कमी । तर आफूले प्रशस्त ठाउँ दिएको र इडीसीडीबाट खटिएका जनशक्तिलाई सहजीकरण गरिदिएको दाबी गर्छन्, निर्देशक कर्ण ।

कोरोनाको उद्गम

ग्रीसको ल्याटिन भाषाबाट आएको शब्द कोरोनाबाट कोरोना भाइरस बनेको हो । ल्याटिनमा कोरोनाको अर्थ ताज (क्राउन) हो । चीनबाट फैलिएको भाइरसलाई नोवेल कोरोना भाइरस भनिन्छ, जसको नाम २०१९-एनसीओभी राखिएको छ । चिनियाँ विशेषज्ञले यो भाइरस सार्ससँग ८० प्रतिशत मिलेको बताएका छन् । सार्सले सन् २००२ र २००३ गरी ७ सय ५० जनाको ज्यान लिएको थियो ।

डब्लुएचओका अनुसार भाइरस समूहमा ६ वटा प्रजातिका भाइरस सूचीकृत छन् । तर चीनमा देखिएको भाइरस नौलो हो र यो सातौं प्रकारको हो । जीवविज्ञका अनुसार भाइरस दुई प्रकारका हुन्छन्- आरएनए र डीएनए । आनुवंशिकताका आधारमा छुट्याइएका यी भाइरसमा आरएनए भाइरसको संख्या बढी छ।

इबोला, एचआईभी र कोरोना आरएनए भाइरस हुन् । आरएनए भाइरसलाई खतराको सूचीमा राखिएको छ । आनुवंशिकता भन्नु जिन छिट्छिटो परिवर्तन हुनु हो । यसले गर्दा भाइरसका प्रकार पनि बढ्दै गएको चिकित्सक एवं कन्सल्टेन्ट माइक्रोबायोलोजिस्ट वसुधा श्रेष्ठ बताउँछिन् । कोरोना नयाँ भएकाले यसको भ्याक्सिन पत्ता लागेको छैन । श्रेष्ठ भन्छिन्, "हरेक भाइरसको भ्याक्सिन फरक-फरक हुन्छ । सार्ससँग लक्षण मिल्छ भन्दैमा त्यसको भ्याक्सिन (खोप) लगाउन मिल्दैन । त्यही भएर अहिलेका लागि सचेत हुनु नै सुरक्षा हो ।"

जुन भाइरस लागेको छ, त्यहीबाट भ्याक्सिन बनाउने भएकाले भाइरस ल्याब विकास गर्नुपर्छ । यसरी विकास गरेको भाइरस भ्याक्सिन बनाउँदा कम्तीमा ३ महिना लाग्ने विज्ञहरू बताउँछन् । *रोयटर्स*का अनुसार अस्ट्रेलियन वैज्ञानिकको टोलीले प्रयोगशालामा कोरोना भाइरस विकास गरेका छन् । *जापान टाइम्सडटकोडटजेपी*का अनुसार मेलबर्नको पिटर दोहर्टी इन्स्टिच्युटको संक्रमण र प्रतिरक्षा युनिटले भाइरसलाई प्रयोगशालामा विकास गरेका थिए । संक्रमित बिरामीबाट लिएर विकास गरेको भाइरस भ्याक्सिन बनाउन प्रयोग गर्न सकिन्छ । यसका लागि नमुना डब्लुएचओ र अन्य प्रयोगशालालाई दिन सकिने इन्स्टिच्युटका सहायक निर्देशक माइक केटन बताउँछन् ।

साधारणतया भाइरस संक्रमित एक जनाबाट ३ जनासम्म लाग्न सक्ने हुनाले सकभर भीडमा नजाने, हाच्छ्युँ गर्दा कुमले छोपेर गर्ने, हातमुख बारम्बार साबुनपानीले धोइरहने र खानेकुरा राम्ररी पकाएर मात्र खानुपर्ने श्रेष्ठ बताउँछिन् । यस्तै, हामीले लगाउने सर्जिकल मास्कले खासै सुरक्षा नगर्ने हुँदा एन-९५ मास्क लगाउनुपर्छ । नयाँ खाले संक्रमण भएकाले यसको कुनै औषधोपचार विधि छैन । जनावरबाट मानिसमा सरेको मानिएको यो सरुवा रोग हो । केही अध्ययनले यो भाइरस चमेरा वा सर्पबाट सरेको देखाए पनि पुष्टि भने भएको छैन ।

जलवायु परिवर्तन र भाइरस

चीनको उहान सहरमा कोरोनाको महामारी फैलिएसँगै कैयौं देशका मान्छे त्यहाँ नगए पनि कोरोनाबाट संक्रमित भएका छन् । कतिपयले यसलाई जलवायुसँग जोडेका छन् । पृथ्वीको तापक्रम बढिरहेको छ । तापक्रम बढेसँगै त्यसले वातावरण र वातावरणीय जीवमा प्रत्यक्ष असर पारिरहेको छ । यस्ता नयाँ किसिमका संक्रमण बढ्नुमा जलवायु परिवर्तन र भाइरसको सम्बन्ध नजिकको रहेको विज्ञहरू बताउँछन् ।

जलवायुविज्ञ मञ्जित ढकालले डब्लुएचओलाई साभार गर्दै जलवायु परिवर्तन पनि भयावह भाइरस फैलनुको एक कारण भएको औंल्याएका छन् । भाइरल इन्फ्लुएन्जा भनेको मौसमी रुघाखोकी हो । कोरोना भाइरस भर्खर विकास भएकाले केही भन्न सक्ने अवस्था छैन ।

मौसमी रोगलाई जलवायुले असर गर्छ । गत वर्ष डेंगु फैलियो । डेंगु गर्मी या तराईका फाँटमा मात्र लाग्ने रोग भए पनि मुगुसहित ६८ जिल्लामा फैलियो । त्यसले ६ जनाको ज्यान गयो भने १५ हजार ५ सय ९ जना संक्रमित भए । अहिले जाडो याम छ । डेंगुका बिरामी अझै फाट्टफुट्ट देखिने गरेका छन् । मान्छेको आवतजावतक्रम बढ्नु, गाडी र पूर्वाधारको विकास हुनु, मौसमी जलवायु परिवर्तन भइरहनुले यस्तो भएको बुझ्न

सकिन्छ । जस्तो, डेंगु भाइरस १२ डिग्री र मलेरिया १५-१६ डिग्रीको अनुकूल वातावरणमा विकसित हुन्छन् ।

सर्पबाट कोरोना भाइरस सरेको मान्ने हो भने नेपालका विशालु सर्प अहिले मधेसमा गर्मी बढ्नाले पहाडतिर सरिरहेका छन् । जसले कतै यात्रा गरेको छैन, उसलाई पनि डेंगु भयो । अध्ययनअनुसार २ हजार मिटर अग्लो ठाउँमा पनि डेंगुले बासस्थान जमाएको छ । तापक्रम बढ्नु, हिजो लामखुट्टे थिएन, आज देखियो भन्नु, कतै यात्रा नगर्दा पनि संक्रमित हुनुले जलवायु परिवर्तनलाई पनि डेंगु फैलिएको एक कारण मान्ने गरिएको छ । भाइरसको संक्रमण फैलाउन पनि जलवायुको भूमिका छ ।

भ्याक्सिनको आविष्कार र स्तरीय प्रविधि नहुँदा समस्या झन् बढाएको छ । डब्लुएचओले सचेत गराउँदा-गराउँदै पनि डेंगु नियन्त्रण गर्न नसकेको सरकारले कोरोना भाइरसलाई कसरी रोक्ला ? महामारी फैलिइहाल्यो भने उपचारका लागि के-कस्तो तयारी गरेको छ ? इडीसीडीका निर्देशक डा विवेककुमार लाल डब्लुएचओले संकटकाल घोषणा गरे पनि आत्तिइनुपर्ने अवस्था नरहेको दाबी गर्छन् । भन्छन्, "भाइरसबारे पैरवी गर्न, स्रोत-साधन जुटाउन र न्यून गुणस्तरको स्वास्थ्य सेवा भएका मुलुकलाई हुन सक्ने प्रकोपबाट बचाउन घोषणा गरेको हो । चीनको व्यापार व्यवसाय बन्द भएको छैन । हवाई उडान बन्द भएको छैन । तसर्थ हामी खासै जोखिममा छैनौं ।"

अन्य देशको तुलनामा नेपालले गुणस्तरीय सेवा दिन नसकेको डा लाल स्वीकार्छन् । २० पुसमा संक्रमित नेपाल भित्रिएको, २९ पुसमा डायलासिस गरेको र केही दिनपछि संक्रमित भएको पुष्टि भएको थियो । तर विमानस्थलमा थर्मल स्क्यानर राखेको भने एक साता मात्र भयो । त्यस अवधिमा के-कति संक्रमित भए भन्ने प्रश्नको जवाफ लालसँग पनि छैन । भन्छन्, "हामी यसमा चुकेकै हो । थर्मल स्क्यानर पहिला थियो । ०७२ को भूकम्पमा क्षति पुगेपछि हट्यो । स्क्यानर अहिले मात्र राखेको हो । "

टेकुस्थित राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाले संक्रमितको आशंकामा जाँच गरेकाहरू स्वस्थ पाइएको डा रुना झा बताउँछिन् । प्रयोगशालासँग भाइरस पत्ता लगाउने उपकरण गुणस्तरयुक्त भएको उनको दाबी छ । इडीसीडीले संक्रमण बढ्दै गए हब र स्याटलाइट भन्दै दुई प्रकारको अस्पताल छुट्याएको छ । चीनमा जस्तो २ दिनमा संक्रमितलाई अस्पताल बनाएर राख्न नसकिने हुँदा स्वास्थ्य मन्त्रालयले हबअन्तर्गत ६ र स्याटलाइटमा ७८ वटा अस्पताल देशभर छुट्याएको छ । चितवन, पोखरा र भैरहवा विमानस्थलमा हेल्थ डेस्क राखिएको छ । चीनसँग जोडिएका तातोपानी र रसुवागढी नाकामा निगरानी राख्न दुई/दुई जनाको अनुगमन टोली छिट्टै पठाउन लागिएको छ ।

चीनस्थित नेपाली दूतावाससँग त्यहाँ कति नेपाली छन् भन्ने तथ्यांक छैन । उहानमा करिब १ सय ७० नेपाली रहेको बेइजिङस्थित *चाइना इन्टरनेसनल रेडियो*का संवाददाता लक्ष्मी लम्साल बताउँछन् । बेइजिङमा कोरोना भाइरसको संक्रमणबाट बच्न सुरक्षामा कडाइ गरेको उनले सुनाए । अन्य ठाउँमा भएका नेपाली पनि सुरक्षित रहेको र कोही त्यहीं बस्न चाहने र कोही फर्कन चाहने दुवै थरी रहेको लम्सालले जानकारी दिए । ने

'काठमाडौंमा जाँचै छैन'

– पंकज भण्डारी, *सांघाई*

म चीनमा अध्ययनका लागि गएको थिएँ । अहिले चीनकै सांघाई प्रान्तमा स्नो भ्याली ग्रुप चाइनामा व्यापार प्रवर्द्धन म्यानेजरका रुपमा दुई वर्षदेखि कार्यरत छु । चीनमा नयाँ वर्ष मनाइरहेकाले फेब्रुअरी ३ सम्म अफिस बन्द छ । सांघाईमा ५० देखि ७० जना मानिस संक्रमित छन् । कोरोना भयावह होलाजस्तो लागेपछि १६ माघमा नेपाल फर्किएँ ।

मसँगै बसेका भारतीय साथीलाई ज्वरो आएको थियो । पछि क्लिनिकमा जाँच गर्दा भाइरल होइन भन्ने थाहा भयो । भारत सरकारले आफ्ना नागरिकलाई आफ्नै विमानबाट उद्धार गर्‍यो । तर नेपालीको हकमा भने त्यस्तो छैन । यसले गर्दा मनोविज्ञानमा प्रभाव परेको छ ।

म सांघाई हुँदै ग्वान्जाओ आएँ । ग्वान्जाओबाट काठमाडौं आउँदा त्यहाँ थर्मल स्क्यानिङ गरेको थियो । बन्दुक टाइपको डिभाइसले एउटा लेनमा उभ्याएर मलाई जाँचेको थियो । तर काठमाडौं त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल आइपुग्दा त्यस्तो जाँच केही गरेन । भाइरलका लक्षणबारे ब्यानर छेउमा राखिएको थियो । हामी समूहमै त्यहाँबाट हिंड्यौं । कसैले केही सोधेनन् ।

K33 Hairhotel
कोटेश्वर : प्रभु बैंकको माथिल्लो तल्ला, फोन : ५१००२०७, ५१००२०८, ५१००४१९, मो: ९८५१०११३१५, इमेल : info@k33nepal.com
त्रिपुरेश्वर : युनाईटेड वर्ल्ड ट्रेड सेन्टर, पहिलो तल्ला, B78-81, फोन : ४११७२३३, ४११७२४४, इमेल : kathmandu@k33nepal.com, चावहिल : एसि कम्प्लेक्स पाँचौं तल्ला, फोन : ४४९९६९६, ४४६१८३७

नक्कली जोडी, सक्कली भिसा

अन्य बाटोबाट अमेरिका छिराउन नसकेपछि एजेन्ट र आफन्त नै कागजी विवाह गराउन सक्रिय

कल्पना भट्टराई

धनुषाकी सुषमा पूर्वछानेले १३ भदौमा लगनगाँठो कसिन्, अमेरिकी नागरिक यनगोनसन युनसँग । ५२ वर्षीय यनगोनसन सुष्माभन्दा २८ वर्ष जेठा छन् । जिल्ला अदालत काठमाडौँमा दर्ता विवाह गर्नुभन्दा एक महिनाअघि उनी नेपाल आएका थिए ।

२६ भदौमा मुस्ताङका ३४ वर्षीय टुक्थे गुरुङको विवाह भयो, ४९ वर्षीया अमेरिकी महिला याङ्कीसँग । टुक्थले जिल्ला अदालत काठमाडौँमा दर्ता विवाह गरेका हुन् । बिहेका लागि आएकी याङ्की तीन महिनादेखि नेपालमै बसिन् ।

दाङकी २६ वर्षीया रोशी गुरुङले ४२ वर्षीय अमेरिकी नागरिक वाडी जुस्टिनसँग २८ कात्तिकमा जिल्ला अदालत काठमाडौँमा दर्ता विवाह गरिन् । त्यस्तै, कास्कीकी ४० वर्षीया उर्वशी प्रधानले पनि २५ भदौमा ७० वर्षीय अमेरिकी नागरिक ल्युपोल्डो आसियाससँग विवाह गरिन् । उनले आफूभन्दा ३० वर्ष जेठासँग जिल्ला अदालत काठमाडौँबाट दर्ता विवाह गरेकी हुन् ।

प्रस्तुत दृष्टान्त जिल्ला अदालत काठमाडौँमा दर्ता अमेरिकी-नेपाली नागरिकबीच भएका विवाहका हुन् । मुलुकी देवानी संहिता, २०७४ लागू भएपछि अहिले देशभरका अदालतमा दर्ता विवाह हुन थालेका छन् ।

भदौ ०७५ देखि १५ माघ ०७६ सम्मको १७ महिने अवधिमा जिल्ला अदालत काठमाडौँमा १ हजार ६ सय १० विवाह दर्ता भएको छ । दर्ता विवाहमध्ये सबैभन्दा बढी २ सय ५ विवाह अमेरिकीसँग भएको छ । त्यसपछि क्रमशः अस्ट्रेलिया, बेलायत, क्यानडा, चीन, कोरिया, जापान छन् । विदेश जानकै लागि युवायुवती आफूभन्दा बढी उमेरका व्यक्तिसँग पनि बिहे गर्न राजी हुने गरेको घटनाबाट पुष्टि हुन्छ ।

६ महिनाअघि काठमाडौँका २५ वर्षीया दुई युवतीले अमेरिका जाने लोभमा ५५ वर्षका अमेरिकीसँग विवाह गरेका थिए । अमेरिका नलगेपछि सम्बन्धविच्छेद गर्न खोज्दा श्रीमान् फरार भएको अधिवक्ता अञ्जना अर्याल बताउँछिन् । भन्छिन्, "अमेरिका जाने लोभमा कागजी विवाह गरेका धेरै युवायुवती ठगीमा समेत पर्ने गरेका छन् ।"

अमेरिकामा स्थायी बसोबास गरेका ग्रिनकार्ड होल्डरहरूले पनि नेपालमा आएर देखावटी विवाह गरेर उतै लैजाने गरेका छन् । कतिपयले त बढी उमेरका विदेशी नागरिकसँग मात्र होइन, अमेरिका जानकै लागि त्यहाँ थातबास बनाएर बसेका नेपालीसँग पनि विवाह गर्ने गरेका छन् । ७ कात्तिकमा नुवाकोटकी ३१ वर्षीया निरजरा तामाङले अमेरिकी ग्रिनकार्ड होल्डर ७० वर्षका छविलाल राईसँग अदालतमा दर्ता विवाह गरेको अभिलेख छ । कतिपय अवस्थामा अमेरिकामा भएका परिवारलाई भेट्न जानका लागि दूतावासले भिसा नदिए पनि देखावटी विवाह गरेर जाने गरेको अधिवक्ता शम्भु दवाडी बताउँछन् ।



आफन्त नै मध्यस्थ

धेरै युवा-युवतीको रोजाइको देश हो, अमेरिका। उनीहरूले अमेरिका पुग्नैका लागि लाखौं रुपैयाँ डुबाएका मात्रै छैनन्, ज्यानसमेत गुमाएका छन्। तैपनि त्यहाँ जाने क्रम रोकिएको छैन।

०७५ भदौदेखि १५ माघ ०७६ सम्म जिल्ला अदालत काठमाडौंमा दर्ता भएको विवाहको तथ्यांकबाट पनि अमेरिकालगायत देश जान युवा-युवतीले आफूभन्दा ३० वर्षसम्म उमेर अन्तरका व्यक्तिसँग विवाह गरेको देखिन्छ।

अन्य बाटोबाट अमेरिका छिराउन समस्या भएपछि एजेन्ट र आफन्तले नै अदालतमा कागजी विवाह गराएर पठाउने गरेको अदालतका कर्मचारी सुनाउँछन्। कतिपय अवस्थामा अमेरिका बस्ने आफन्तले पनि एजेन्टमार्फत विदेशी र ग्रिनकार्ड होल्डर नेपालीसँग विवाह गराएर उतै लैजाने गरेका छन्।

ग्रिनकार्ड भएका र अमेरिकी नागरिकता प्राप्त व्यक्तिसँग विवाह गरेको कानुनी कागजात अमेरिकी दूतावासमा पेस गरे सहजै भिसा पाइने भएकाले धेरैले अदालतमा देखावटी विवाह गर्ने गरेको अधिवक्ता शम्भु दवाडी बताउँछन्। भन्छन्, "यसरी विवाह गर्ने धेरैको उद्देश्य विदेश छिर्ने नै हुन्छ"।

१५ माघमा जिल्ला अदालत काठमाडौंमा दर्ता विवाहका लागि इन्जु पौडेल अमेरिका गएका भुटानी शरणार्थी बिच्छेबहादुर राईसँग आएकी थिइन्। विवाहका लागि ग्रिनकार्ड होल्डर राईसँग उनको परिवारले चिनजान गराएको थियो।

लामो समय अमेरिका बसेका नेपालीले त्यहाँका नागरिक र ग्रिनकार्ड होल्डर नेपालीसँग सम्पर्क गराउने, नेपाल बोलाउने र अदालतमा लगेर विवाहसमेत गराइदिने गरेका छन्। ती एजेन्टले अदालतमा पेस गर्नुपर्ने सम्पूर्ण कागजातसमेत बनाइदिने गरेका छन्।

स्रोतका अनुसार बिहे गरेबापत एक अमेरिकी नागरिक र ग्रिनकार्ड होल्डर नेपालीसँग १६ लाखदेखि २० लाख रुपैयाँसम्म लिने गरेका छन् भने केही कमिसन एजेन्टले राख्ने गरेका छन्।

छैन कानुन

मुलुकी देवानी संहिता, २०७४ को विवाहसम्बन्धी व्यवस्थाको दफा ७७ मा नेपालीको हकमा, नेपाली नागरिकता, विवाह नभएको प्रमाणपत्र, विवाह भएको भए अन्त्य भएको वैवाहिक सम्बन्धको बेहोरा, नेपालभित्र भएको जिल्ला अदालत र नेपालबाहिर भएको हकमा नेपालको दूतावास र महावाणिज्यदूतावाससमक्ष निवेदन दिन सक्ने उल्लेख छ।

विदेशी नागरिकको हकमा सम्बन्धित दूतावासको नो अब्जेक्सन लेटर (एनओसी), पासपोर्ट, भिसा, विवाह भएको भए अन्त्य भएको वैवाहिक सम्बन्धको बेहोरा, सम्बन्धित देशको कानुन र १५ दिन नेपालमा बसेको सिफारिस चाहिन्छ। तर यी सबै कागजात सजिलै मिलाएर अदालतबाट बिहे गराई अमेरिकालगायत देशमा पठाउन एजेन्ट सक्रिय भएको वैदेशिक रोजगार विभागका महानिर्देशक भीष्मकुमार भुसाल बताउँछन्। "यसरी बिहे गरेर गएका व्यक्ति समस्यामा परे पनि उजुरी गर्दैनन्," उनी भन्छन्, "यस्तो कार्य गर्ने एजेन्टमाथि गरिने कारबाहीबारे कानुनसमेत छैन।" त्यसैको फाइदा उठाएर यस्तो गैरकानुनी धन्धा भइरहेको उनको भनाइ छ।

जिल्ला अदालत काठमाडौंका स्रेस्तेदार आनन्दप्रसाद श्रेष्ठ विदेशी नागरिकसँग भएको विवाह स्वाभाविक होइन भन्ने थाहा हुँदाहुँदै पनि कागजी प्रक्रिया पूरा गरेकाले विवाह दर्ता गर्नु परेको स्वीकार्छन्। एक युवकले अमेरिका जानैका लागि विवाह गर्ने महिलालाई २० लाख रुपैयाँ दिएको मानव बेचबिखन अनुसन्धान ब्युरोका डीएसपी नरहरि रेग्मी बताउँछन्। विदेशी नागरिकसँग विवाह गरेर समस्या वा ठगीमा परेको भनी अहिलेसम्म उजुरी नआएको उनी सुनाउँछन्।

समाजशास्त्री पुष्प राई दर्ता विवाह तत्काल फाइदाजनक देखिए पनि यसले संकट निम्त्याउन सक्ने औंल्याउँछन्। भन्छन्, "विवाह भौतिकीकरण हुन थालेको छ। विवाह भएका मानिसले अमेरिका जानैका लागि अर्को बिहे गर्ने प्रचलन बढेकाले परिवारमा समेत यसले विखण्डन निम्त्याउन सक्छ।" नै

डिजिटल बैंकिङ साँघुरो घेरामै

बैंकिङ क्षेत्र अन्तर्राष्ट्रिय डिजिटल बैंकिङमा आबद्ध हुन नसक्दा अनलाइन कारोबार र रेमिट्यान्स पठाउँदा थप खर्चको भार

मस्त केसी

'डिजिटलाइजेसनको प्रयोगलाई बढाउन पूर्वाधारको विकास गर्दै जाने, मोबाइल तथा इन्टरनेट बैंकिङको प्रयोगलाई सुदूरसम्म पुऱ्याउने, प्वाइन्ट अफ सेल (पीओएस) र क्यास डिपोजिट मेसिनलगायतको प्रयोगमा प्रोत्साहन गर्ने ।' नेपाल राष्ट्र बैंकको मौद्रिक नीति, ०७६/७७ अनुसार बैंक तथा वित्तीय संस्थाले पनि बैंकिङ पहुँच विस्तार र डिजिटल बैंकिङलाई प्राथमिकता दिएका छन् ।

'क' र 'ख' वर्गका सबै बैंकले मोबाइल तथा इन्टरनेट बैंकिङको सेवा दिइरहेका छन् भने केही 'ग' वर्गका वित्तीय संस्थाले पनि एटिएम सेवा दिन थालेका छन् । चालू आर्थिक वर्षको मंसिरसम्म ७ सय ४३ स्थानीय तहमा वाणिज्य बैंकका शाखा विस्तार भइसकेका छन् । बैंक तथा वित्तीय संस्थाको शाखा संख्या ५ हजार ४ सय ७० पुगिसकेको छ । यस अवधिमा २ करोड ९२ लाख ६९ हजारभन्दा बढी बचत खाता खुलेका छन् । १४ लाख ५६ हजारभन्दा बढी कर्जा खाता खोलिएका छन् ।

यसरी खाता खोल्नेमध्ये ९० लाख ९९ हजारले मोबाइल बैंकिङ सेवा र ९ लाख २८ हजारले इन्टरनेट बैंकिङ सुविधा लिइरहेको राष्ट्र बैंकको तथ्यांक छ । ६८ लाख १९ हजारले डेबिट, १ लाख ३७ हजारले क्रेडिट कार्ड प्रयोग गरिरहेका छन् । बैंक तथा वित्तीय संस्थाका एटिएम संख्या ३ हजार ५ सय २० पुगेका छन् ।

ठूलो संख्यामा मोबाइल र इन्टरनेट बैंकिङको सेवा विस्तार भए पनि नगदरहित कारोबारको गति भने न्यून छ । छिटफुट कामबाहेक नगद नबोकी सुखै छैन । नगद जम्मा गर्न सम्बन्धित बैंकमै धाउनुपर्ने बाध्यता छँदै छ । बजारको संरचनाले गर्दा ग्राहकले नगद र कार्ड दुवै बोक्ने चलन छ ।

एटिएमबाट पैसा निकाल्ने र पसलमा गएर त्यही पैसाले सामान किन्ने प्रवृत्तिले डिजिटल बैंकिङको अर्थ नहुने राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक नरबहादुर थापा बताउँछन् । "अहिले जसरी अधिकांश स्थानमा कार्डको प्रयोग हुँदैन, त्यसैगरी भोलि नगदको प्रयोग नहुने अवस्था बन्यो भने डिजिटल बैंकिङको अर्थ हुन्छ," उनी भन्छन्, "त्यसका लागि नियमनकारी निकायको अग्रसरता, बैंक तथा वित्तीय संस्था र अन्य सेवाप्रदायकले मध्यस्थताको भूमिका खेल्नुपर्छ ।" इन्टरनेट तथा विद्युतीय उपकरणले जनजीवनलाई सरल एवं सहज बनाइसकेको समाजलाई डिजिटल बैंकिङमा लैजान ढिला भइसकेको उनको भनाइ छ ।

विश्वका थुप्रै मुलुक नगदरहित कारोबारमा अभ्यस्त भइसकेका छन् । ती देशमा पैसाको सानो इकाइदेखि लाखौं रुपैयाँसम्म तत्काल

मोबाइल वा इन्टरनेटमार्फत लेनदेन गर्न मिल्ने भएकाले नगद बोकिरहनुपर्दैन। चियापसलदेखि ठूलठूला किनमेल र कारोबार नगदरहित नै हुन्छ। हार्वर्ड बिजनेस रिभ्यु-२०१९ का अनुसार अमेरिका, बेलायत, नेदरल्यान्ड, नर्वे, जापान, डेनमार्कलगायत देशमा ९० प्रतिशत बढी कारोबार नगदरहित हुने गरेको छ ।

त्यसो त नगदरहित कारोबारको फाइदा पनि अनेक छन्। डिजिटल बैंकिङको पहुँचले खर्चमा कटौती, सरल र छिटो सेवा प्रवाह, जुनसुकै समय र स्थानबाट कारोबार सञ्चालन गर्न सकिन्छ। यसको प्रयोगले उत्पादकत्वमा वृद्धि, समयको बचत, कागजी नोट खर्च छपाइमा कटौती, पैसाको सुरक्षा र स्मार्ट जीवनशैली बनाउँछ । त्योभन्दा पनि यसले मूलतः अनौपचारिक र अवैध कारोबारलाई निरूत्साहित गर्ने राष्ट्र बैंकका प्रवक्ता गुणाकर भट्ट बताउँछन्। "अनियमितता रोक्न, राजस्व चुहावट कम गर्न तथा अर्थतन्त्रको औपचारिकीकरण गर्न क्यासलेस कारोबार महत्त्वपूर्ण छ," उनी भन्छन्, "राज्यलाई चौतर्फी फाइदा पुग्ने भएकाले डिजिटल बैंकिङ राष्ट्र बैंकको प्राथमिकतामा छ ।" डिजिटल कारोबार पारदर्शी हुने भएकाले व्यवसायीसमेत करको दायरामा आउने, विद्यमान कर चुहावट र छलीलाई कानुनी दायरामा ल्याउन पनि सहयोग हुने भट्टको भनाइ छ।

बजारमा रहेको साना नोटको आयु सामान्यतया ३-४ वर्षको र ठूला नोटको ६ वर्ष हाराहारी हुन्छ । राष्ट्र बैंकको पुस मसान्तसम्मको तथ्यांकअनुसार ५ खर्ब १ अर्ब ७२ करोड रुपैयाँ बराबरका नोट बजारमा छन्। नोट छपाइका लागि मात्रै राष्ट्र बैंकले वार्षिक करोडौं खर्चिंदै आएको छ । नोट च्यातिने, हराउने, जम्मा गर्दा वा निकाल्दा बैंकसम्म पुग्नुपर्ने समस्या त छँदै छ।

अधिकांश भूभागमा दूरसञ्चार सुविधा रहेको, इन्टरनेटको सुविधा पुगेको, मोबाइल प्रयोगकर्ता बढेका कारण डिजिटल बैंकिङका लागि नेपाल उर्वर भूमि हो । राज्यलाई चौतर्फी फाइदा हुने भएकाले पनि यसको प्रयोग अपरिहार्य छ । नेपाल बैंकर्स संघका अध्यक्ष भुवन दाहाल समाज विस्तारै 'क्यासलेस इकोनोमी' तिर अघि बढिरहेको बताउँदै यसका लागि सरकारी प्राथमिकता आवश्यक भएको बताउँछन्। "अर्थतन्त्रलाई औपचारिक बनाउन तथा मुलुकलाई अन्य देशसँगको बैंकिङ प्रणाली र अर्थतन्त्रसँग जोड्न क्यासलेस अर्थतन्त्रतर्फ जानुको विकल्प छैन," उनी भन्छन्, "यसका लागि सम्बन्धित निकायले नीतिगत पहल र सुरक्षाको व्यवस्था गर्नुपर्छ।" कार्ड वा विद्युतीय कारोबारमा तिर्ने र लिने दुवै पक्ष तयार हुने खाले वातावरण बनाउन सम्बद्ध सबै पक्षको चासो आवश्यक भएको दाहालको भनाइ छ ।

पछिल्लो समय खुलेका डिजिटल पेमेन्ट कम्पनीले पनि स-सानो कारोबारलाई मात्रै प्राथमिकता दिएका छन्। आईएमई पे, खल्ती, प्रभु पे, ईसेवालगायत कम्पनी मोबाइल, टेलिफोन, टिभी रिचार्ज, बत्ती वा पानीको बिलजस्ता ससाना कारोबारभन्दा माथि उठ्न सकेका छैनन् । तर यही कारोबारको प्रयोग पनि एकदमै न्यून छ। सीमित सपिङ मल तथा रेस्टुराँमा पीओएस मेसिन सुरुआत भए पनि थुप्रै समस्याका कारण ग्राहक अझै त्यसमा तयार देखिँदैनन्। कहिल्यै तिर्नै नमिल्ने, अर्को बैंकको मेसिनमा 'रिड' नै नगर्ने, पैसा काट्ने तर बिलिङ नदेखाउनेलगायत कारणले पनि प्रयोगकर्ता ढुक्क हुन सकिरहेका छैनन्। राष्ट्र बैंकका प्रवक्ता भट्ट यसमा बैंक तथा वित्तीय संस्था र अन्य सेवाप्रदायकको भूमिका हुने बताउँछन् । "केही संरचनागत सुधारको आवश्यकता छ," उनी भन्छन्, "त्यसका लागि सम्बन्धित सबै निकाय जिम्मेवार भएर लाग्न जरुरी छ।"

विश्वव्यापीकरण तथा आर्थिक उदारीकरणको लहर र त्यसले ल्याएको आर्थिक एकीकरण सँगसँगै विश्वव्यापी रूपमा अन्तर्राष्ट्रिय व्यापार, आप्रवासन र वैदेशिक पुँजी प्रवाहमा वृद्धि भइरहेको छ । नेपालमा वैदेशिक रोजगारीका लागि जानेको संख्या र त्यसबाट प्राप्त हुने रेमिट्यान्स आप्रवाहमा पनि उल्लेख्य वृद्धि भएको छ । राष्ट्र बैंकका अनुसार गत आवमा ८ खर्ब ७९ अर्ब रेमिट्यान्स मुलुक भित्रिएको थियो । चालू आवको पाँच महिने अवधिमा ३ खर्ब ७७ अर्ब रुपैयाँ रेमिट्यान्स आएको छ।

विश्व बैंकको *रेमिट्यान्स प्राइस वर्ल्डवाइड* तथ्यांकअनुसार नेपालीको रोजगारीको प्रमुख गन्तव्य मलेसियाबाट नेपालमा २ सय डलरसम्म पठाउँदा उक्त रकमको ३.४ प्रतिशत कमिसनमा खर्च हुने गरेको छ । त्यस्तै, दुबई, कतार, साउदी अरबियालगायत देशबाट पठाउँदा ४ देखि ४.६ प्रतिशतसम्म कमिसनमा खर्च हुन्छ।

'नेसनल पेमेन्ट गेटवे' बनाउने विषय प्राथमिकतामा छ। यो बनेपछि अन्तर्राष्ट्रिय कारोबारमा देखिएका समस्या समाधान हुन्छन्।

– गुणाकर भट्ट
प्रवक्ता, नेपाल राष्ट्र बैंक

अमेरिकाबाट पठाउँदा ५.४ प्रतिशत लागत पर्छ। जबकि छिमेकी भारतमा मलेसियाबाट २ सय डलर पठाउँदा २.९ प्रतिशत र अमेरिकाबाट भारत पठाउँदा कुल रकमको २.७ प्रतिशत मात्रै लागत पर्छ।

नेपाली बैंकहरू अन्तर्राष्ट्रिय डिजिटल बैंकिङमा आबद्ध नभएकै कारण नेपाल भित्रिने सबै रकम रेमिट्यान्स कम्पनीबाटै आउने गरेको छ । लागत महँगो पर्दा अनौपचारिक माध्यममार्फत रकम भित्रिने डर पनि उत्तिकै हुन्छ। अन्तर्राष्ट्रिय डिजिटल बैंकिङमा आबद्ध नभएकै कारण विदेशमा रहेका व्यक्तिले नेपालमा रहेको आफ्नै खातामा पैसा जम्मा गर्न सकिरहेका छैनन्।

नेपालबाट वार्षिक करिब ८५ हजार हाराहारी विद्यार्थी विदेशी भूमिमा पढ्न जान्छन्। यहाँबाट ती देशमा पैसा पठाउँदा बैंक 'स्विफ्ट' गर्नुपर्ने र त्यसका लागि निश्चत रकम तिनुपर्ने बाध्यता छ। अन्तर्राष्ट्रिय अनलाइन किनमेल गर्नुपर्दा पेपल, भिसा वा मास्टरकार्डलगायतलाई कमिसन दिनुपर्ने अवस्था विद्यमान छ। राष्ट्र बैंकका प्रवक्ता भट्ट अर्थ मन्त्रालय, राष्ट्र बैंकलगायतका निकाय यी समस्या समाधानका लागि संरचनागत सुधार र पूर्वाधार विकासमा लागेको बताउँछन्। भन्छन्, "'नेसनल पेमेन्ट गेटवे' सिस्टम बन्ने क्रममा रहेकाले यो समस्या छिट्टै समाधान हुन्छ।"

असान्दर्भिक हुनु शोषित



युभल नोह हरारी

आर्टिफिसियल इन्टेलिजेन्सको विकास उन्नत चरणतिर लम्किँदै छ । अब पुराना काम हराउनेछन् । नयाँ काम सिर्जना हुनेछन् । ती नयाँ काममा पनि छिटोछिटो परिमार्जन हुनेछ । ती पनि हराउँदै जानेछन् । हामीभन्दा अघिका मानिसले शोषणविरूद्ध संघर्ष गरेका थिए । तर एक्काइसौँ शताब्दीमा असान्दर्भिक हुनबाट बच्न मानिसले साँच्चिकै ठूलो संघर्ष गर्नुपर्ने हुन्छ ।

एक्काइसौँ शताब्दीको तेस्रो दशकमा प्रवेश गर्दै गर्दा हाम्रोसामु मानव सभ्यतासँग जोडिएका थुप्रै प्रश्न छन् । कुन प्रश्नमा केन्द्रित हुने भन्ने निर्क्योल गर्न साँच्चिकै गाह्रो भएको छ । आज तीन वटा खतराले मानव जातिको अस्तित्व समाप्त पार्न सक्छन्- आणविक युद्ध, पर्यावरण विनाश र प्रविधिले निम्त्याउने विनाश ।

आणविक युद्ध र पर्यावरणीय विनाशको खतराबारे हामी धेरै जानकार छौँ । त्यसैले हामीले कम चासो दिइरहेको खतरा प्रविधिले निम्त्याउन सक्ने विनाशबारे चर्चा गर्छु ।

डाभोसमा हामीले प्रविधिका विषयमा ठूल्ठूला प्रतिबद्धताहरू सुन्यौँ । ती वाचा एकदम सत्य छन् तर प्रविधिले मानव समाजलाई ध्वस्त पार्न पनि सक्छ । यसले मानव जीवनको आधारभूत अर्थ नै बदल्न सक्छ । साथै, विश्वव्यापी रूपमा एउटा विशाल 'प्रयोजनविहीन वर्ग' निर्माण गर्न सक्छ र डाटा उपनिवेशवाद तथा डिजिटल अधिनायकवादको खतरा पनि यसले निम्त्याउन सक्छ ।

प्रविधिका कारण हामीले सामाजिक र आर्थिक उथलपुथलको सामना गर्नुपर्ने हुन सक्छ ।

स्वचालित प्रविधिले अब चाँडै लाखौँ मानिसलाई कामबाट बाहिर निकाल्नेछ । त्यसपछि नयाँ काम सिर्जना त हुनेछन् । तर कामबाट निकालिएका ती मानिस नयाँ कामका लागि आवश्यक पर्ने सीप छिटोछिटो सिक्न सक्छन् कि सक्दैनन् भन्ने हामीलाई थाहा छैन । मानौँ, तपाईं ५० वर्षको ट्रक ड्राइभर हुनुहुन्छ । स्वचालित गाडीका कारण तपाईं कामबाट निकालिनुभयो । त्यसपछि तपाईंले सफ्टवेयर डिजाइन वा इन्जिनियरलाई योग सिकाउने काम पाउनुभयो । अब सोच्नुस्, ५० वर्षको ट्रक ड्राइभरले कसरी आफूलाई सफ्टवेयर डिजाइनर वा योग शिक्षकका रूपमा तयार पार्न सक्छ ? अब मान्छेले यस्तो एक पटक मात्र होइन, पटक-पटक, जीवनभरि नै गरिरहनुपर्छ किनभने स्वचालित प्रविधिको विकास एक पटक आएर शान्त हुने पानीको छाल होइन, यो निरन्तर झरिरहने झरनाजस्तै हो । एउटा परिवर्तनलाई पछ्याउँदै अर्को अझ ठूलो परिवर्तन आउँछ ।

अहिले कृत्रिम बौद्धिकता (एआई) को विकास अझ उन्नत चरणतिर लम्किँदै छ र यसले चाँडै पूर्ण क्षमतामा काम गर्न सक्नेछ । पुराना काम हराउनेछन् । नयाँ काम सिर्जना हुनेछन् तर ती नयाँ काममा पनि छिटोछिटो परिमार्जन हुनेछ र हराउनेछन् । हामीभन्दा अघिका मानिसले शोषणविरुद्ध संघर्ष गरेका थिए तर एक्काइसौँ शताब्दीमा असान्दर्भिक हुनबाट बच्न मानिसले साँच्चिकै ठूलो संघर्ष गर्नुपर्ने हुन्छ । असान्दर्भिक हुनु शोषित हुनुभन्दा धेरै खतरनाक हो ।

असान्दर्भिकताविरूद्ध संघर्ष गरिरहेका मानिसको विशाल समूहले समाजमा नयाँ 'प्रयोजनविहीन वर्ग' सिर्जना गर्छ । यो वर्गका मानिस साथीभाइ वा नातागोताका लागि होइन, राजनीतिक र आर्थिक दृष्टिकोणले प्रयोजनविहीन हुन

हुनुभन्दा धेरै खतरनाक



स्केच : रवीन्द्र मानन्धर

पुग्छन् । अनि, यो प्रयोजनविहीन वर्ग र शक्तिशाली एलिट वर्गबीच निरन्तर बढ्दो खाडल सिर्जना हुनेछ ।

कृत्रिम बौद्धिकतामा हुने क्रान्तिले वर्गहरूबीच मात्र होइन, देश-देशबीचको असमानता पनि अकल्पनीय रूपमा बढ्नेछ । १९ औं शताब्दीमा बेलायत र जापानजस्ता केही देशले पहिले औद्योगिकीकरण गरे, उनीहरूले नै संसारभरि साम्राज्य फैलाए र सारा संसारको शोषण गरे । यदि हामीले ध्यान दिएनौं भने कृत्रिम बौद्धिकताका कारण एक्काइसौं शताब्दीमा पनि यही कथा दोहोरिनेछ ।

अहिले नै कृत्रिम बौद्धिकतायुक्त हतियारको प्रतिस्पर्धा चलिरहेको छ । चीन र अमेरिका यो प्रतिस्पर्धामा सबैभन्दा अगाडि छन् । अरू अधिकांश देशहरू धेरै पछाडि छुटिरहेका छन् । यदि कृत्रिम बौद्धिकताबाट हुने फाइदा र यसको शक्ति सबै मानिसलाई बराबर नबाँड्ने हो भने केही 'हाइ-टेक

हब' मा असीमित सम्पत्ति थुप्रिनेछ र अरू देशहरू कि टाट पल्टिनेछन् कि डाटा उपनिवेशमा परिणत हुनेछन् ।

हामी अहिले रोबोटले मान्छेसँग बदला लिएको विज्ञान-कथामा छलफल गरिरहेका छैनौं । हामी कृत्रिम बौद्धिकताको अत्यन्तै प्रारम्भिक अवस्थाबारे कुरा गरिरहेका छौं । तर यही प्रारम्भिक अवस्थामा नै विश्वको अहिलेको सन्तुलनलाई ध्वस्त पार्ने क्षमता यसमा छ ।

यस्तो बेला विकासोन्मुख देशहरूको हालत के होला भन्ने सोचौं । मेक्सिकोमा भन्दा कम लागतमा अमेरिकाको क्यालिफोर्नियामा कपडा वा कार उत्पादन थाल्यो भने के हुन्छ ? कल्पना गर्नुस् त, तपाईंको देशको प्रत्येक नेता, पत्रकार र न्यायाधीशको यौन व्यवहार, सम्पूर्ण मानसिक कमजोरी र अवैध लेनदेनसहित सबै मेडिकल र व्यक्तिगत जानकारी अमेरिका वा चीनको कुनै एक व्यक्तिसँग छ । अब तपाईंको देशको राजनीति कस्तो हुन्छ ? तपाईंको देश स्वतन्त्र हुन्छ कि डाटा उपनिवेश ? जब कुनै देशबारे शक्तिशाली देशसँग प्रशस्त डाटा छ भने त्यस देशलाई नियन्त्रणमा लिन सेना पठाउनु पर्दैन ।

> **तपाईंसँग प्रशस्त जैविक ज्ञान छ, कम्प्युटरको शक्ति छ र आवश्यक डाटा छ भने मेरो शरीरलाई ह्याक गर्न सक्नुहुन्छ, मेरो दिमाग र सिंगो जीवनलाई ह्याक गर्न सक्नुहुन्छ ।**

असमानतासँगै प्रविधिले ल्याउने अर्को खतरा डिजिटल डिक्टेटरसिपको उदय हो, जसले प्रत्येक व्यक्तिलाई प्रत्येक पल निगरानीमा राख्नेछ । यो खतरालाई सजिलो सूत्रमा राख्न सकिन्छ । मेरो विचारमा यो सूत्रले एक्काइसौं शताब्दीको हाम्रो जीवनलाई परिभाषित गर्न सक्छ । त्यो सूत्र हो-

बी X सी X डी = एएचएच

जसको अर्थ जैविक ज्ञान, कम्प्युटरको शक्ति र डाटा एकअर्कामा गुणन गर्दा मान्छेलाई ह्याक गर्न सक्ने क्षमता बन्छ ।

तपाईंसँग प्रशस्त जैविक ज्ञान छ, कम्प्युटरको शक्ति छ र आवश्यक डाटा छ भने मेरो शरीरलाई ह्याक गर्न सक्नुहुन्छ, मेरो दिमाग र सिंगो जीवनलाई ह्याक गर्न सक्नुहुन्छ । मेरोबारे आफैंले बुझ्नेभन्दा राम्रोसँग बुझ्न सक्नुहुन्छ । त्यसपछि मेरो व्यक्तित्व, राजनीतिक दृष्टिकोण, यौन चरित्र, मानसिक कमजोरी, मेरो सबैभन्दा ठूलो डर र आशाबारे तपाईंलाई थाहा हुनेछ । तपाईं मलाई म आफूले बुझ्नेभन्दा धेरै राम्रोसँग बुझ्न सक्नुहुनेछ र यस्तो तपाईंले मसँग मात्र होइन, अरू जोकोहीसँग गर्न सक्नुहुनेछ ।

हामीलाई आफूले भन्दा राम्रोसँग बुझ्न सक्ने प्रणालीले हाम्रा अनुभूति र निर्णय पूर्वानुमान गर्न सक्छ । पूर्वानुमान मात्रै होइन, हाम्रो अनुभूति र निर्णयलाई प्रभावित पनि गर्न सक्छ । अन्ततः यसले हामीले गर्नुपर्ने निर्णयहरू गर्नेछ । विगतमा थुप्रै सरकार र तानाशाहहरूले मानिसका अनुभूति र निर्णयलाई प्रभावित गर्ने यस्तो प्रयोग गर्न खोजेका थिए तर उनीहरूसँग मानव शरीरको पर्याप्त ज्ञान थिएन, न त त्यो क्षमताको कम्प्युटर र त्यसका लागि आवश्यक डाटा नै थियो । त्यसैले न जर्मनीको गेस्टापो, न त रुसको केजीबीले नै यस्तो गर्न सके । तर चाँडै केही व्यापारिक निगम र केही सरकारहरू सबै मानिसलाई योजनाबद्ध रूपमा ह्याक गर्न सफल हुनेछन् । मानिसले हामी अब रहस्यमय आत्मा रहेनौं, ह्याक गर्न मिल्ने जनावर हौं भन्नेमा विश्वास गर्नुपर्नेछ । हाम्रो वास्तविकता यही हो ।

मानिसलाई ह्याक गर्न सक्ने शक्ति अझ गुणस्तरीय स्वास्थ्योपचार उपलब्ध गराउनेजस्ता असल उद्देश्यका लागि पनि प्रयोग हुन सक्छ । तर एक्काइसौं शताब्दीको स्टालिनको हातमा यस्तो शक्ति पुग्यो भने त्यसले मानव इतिहासकै सबैभन्दा खराब सर्वसत्तावादी शासनलाई जन्म दिनेछ । अहिले नै एक्काइसौं शताब्दीको स्टालिन बन्न आवेदन हाल्नेहरूको लामो लाइन छ ।

एकछिनलाई २० वर्षपछिको उत्तर कोरिया कल्पना गर्नुस्, जहाँ सबैले एउटा बायोमेट्रिक ब्रास्लेट लगाउनुपर्ने नियम हुन्छ । यसले २४ घन्टै तपाईंको रक्तचाप, मुटुको चाल, मस्तिष्कको गतिविधि निगरानी गर्छ । अनि, तपाईं रेडियोमा महान नेताको भाषण सुन्नुहुन्छ, त्यतिबेला तपाईंले के अनुभूति गर्नुभयो भन्ने पनि यही ब्रास्लेटमार्फत उनीहरूले थाहा पाउँछन् । मानौं, भाषण सुनेर तपाईंलाई रिस उठ्छ । तपाईं जबर्जस्ती ताली बजाउनुहुन्छ र मुस्कुराउनुहुन्छ तर त्यो कुरा उनीहरूले थाहा पाउँछन् । त्यसको भोलिपल्ट तपाईंले आफूलाई श्रमशिविरमा पाउनुहुनेछ ।

यदि हामीले यस्तो सम्पूर्ण सर्वसत्तावादी शासनको उदय हुन दियौं भने धनी र शक्तिशालीचाहिँ सुरक्षित हुन्छौं भन्ने नसोचे हुन्छ । यसबारे एक पटक अमेजनका संस्थापक जेफ बेजोसलाई सोध्नुस् । स्टालिनको सोभियत संघमा अरूभन्दा धेरै कम्युनिस्ट पार्टीका माथिल्लो तहका अधिकारीमाथि राज्यले निगरानी गरेको थियो । भविष्यको सम्पूर्ण सर्वसत्तावादी शासनको हकमा पनि यो लागू हुनेछ । तपाईं जति माथिल्लो तहमा हुनुहुन्छ, त्यति नै नजिकबाट तपाईंको निगरानी हुनेछ ।

तपाईं आफ्नो सीईओ वा आफ्नो अध्यक्षबारे के सोच्नुहुन्छ भन्ने उनीहरूले थाहा पाऊन् भन्ने चाहनुहुन्छ र !

त्यसैले यस्तो डिजिटल डिक्टेटरसिपको उदय हुनबाट रोक्नु सम्भ्रान्त वर्गसहित सबै मानिसको सरोकारको विषय हो । यस्तो बेला कुनै राजकुमारबाट नै शंकास्पद *ह्वाट्सएप* म्यासेज पाउनुभयो भने पनि त्यसलाई नखोल्नु होला ।

डिजिटल डिक्टेटरसिपको स्थापना हुन नदिंदैमा मानिसलाई ह्याक गर्न सक्ने क्षमताले निम्त्याउने चुनौती सकिँदैन । अझै पनि यसले मानव स्वतन्त्रतालाई खतरामा पार्न सक्छ । निर्णय गर्नका लागि हामी जब हाम्रो मस्तिष्कभन्दा धेरै कृत्रिम बौद्धिकतामा भर पर्न थाल्छौं, मान्छेमा निर्णय गर्ने अधिकार कम हुँदै जान्छ र अल्गोरिदमले यसमा अधिकार जमाउन थाल्छ । यो अहिले नै हुन थालिसकेको छ ।

आज अर्बौं मानिस बजारमा नयाँ के आएको छ भन्ने

जान्न *फेसबुक*लाई विश्वास गर्छन्, कुन कुरा सत्य हो, कुन होइन भन्ने *गुगल*ले भन्छ, कुन फिल्म हेर्ने भनेर नेटफ्लिक्सले छनोट गरिदिन्छ र के किन्ने भन्ने अमेजन र अलिबाबाले भनिदिन्छन् । निकट भविष्यमा यस्तै कुनै प्रणालीले कहाँ काम गर्ने र कोसँग बिहे गर्नेजस्ता निर्णय हाम्रा लागि गरिदिन सक्छन् । त्यति मात्र होइन, तपाईंलाई जागिरमा नियुक्त गर्ने कि नगर्ने, ऋण दिने कि नदिने तथा ब्याजदर बढाउने कि नबढाउने भन्नेसम्मका निर्णय यस्तो कुनै प्रणालीले गर्न सक्छ ।

मैले किन ऋण पाइनँ वा बचतमा ब्याजदर किन बढेन भन्ने प्रश्न तपाईंले गर्नुभयो भने एउटै जवाफ पाउनुहुनेछ, कम्प्युटरले त्यही देखायो । मानव मस्तिष्कसँग पर्याप्त जैविक ज्ञान, कम्प्युटिङ पावर र डाटा नहुने हुँदा मानिसले कम्प्युटरको यस्तो निर्णयलाई बुझ्न सक्दैन । त्यसैले हामीले अघि भनेजस्तो डिजिटल डिक्टेटरसिप नभएका मुलुकमा पनि मानिसले आफ्नो स्वतन्त्र जीवन गुमाउनेछन् । उनीहरू सरकारी नीतिसमेत बुझ्न नसक्ने हुनेछन् । अहिले नै हेरौँ न, हामी कति जनाले वित्तीय प्रणाली बुझ्छौँ ? धेरैमा एक प्रतिशतले । केही दशकपछि वित्तीय प्रणाली बुझ्न सक्ने मान्छेको संख्या शून्य हुनेछ, शून्य ।

अहिले हाम्रा लागि मानव जीवन भनेको निर्णय गर्ने चुनौतीले भरिएको नाटकजस्तै हो । कृत्रिम बौद्धिकतायुक्त प्रणालीले हाम्रा अधिकांश निर्णय गरिदिन थालेपछि मानव जीवनको अर्थ के होला ? मानव अस्तित्वको यो अवस्थालाई बुझ्न अहिलेसम्म हामीसँग कुनै दार्शनिक ज्ञानसमेत छैन ।

दार्शनिक र राजनीतिज्ञहरूबीच एक किसिमको बार्गेनिङ चलिरहन्छ । दार्शनिक विभिन्न आकर्षक अवधारणा प्रस्तुत गर्छन् भने राजनीतिज्ञहरू त्यस्ता अवधारणा अव्यावहारिक भएको व्याख्या गर्छन् । अहिले भने परिस्थिति ठीक उल्टो छ । हामी दार्शनिक रूपमा टाट पल्टिएका छौँ ।

इन्फोटेक र बायोटेकमा भइरहेको क्रान्तिले राजनीतिज्ञसामु यो संसारलाई स्वर्ग वा नर्क कस्तो बनाउने भन्ने विकल्प दिएको छ । त्यो नयाँ स्वर्ग वा नर्क कस्तो हुनेछ भन्ने प्रश्नको जवाफ खोज्न दार्शनिकहरूलाई भने संकट परिरहेको छ । यो एकदमै खतरनाक स्थिति हो । हामीले जतिसक्दो चाँडो नयाँ स्वर्ग कस्तो हुनुपर्छ भन्ने अवधारणा बनाउन सकेनौँ भने हामी कुनै युटोपियामा फस्न सक्ने सम्भावना हुन्छ । यदि हामीले नयाँ नर्क कस्तो हुन सक्छ भन्ने अवधारणा निर्माण गर्न सकेनौँ भने थाहा नपाई त्यो नर्कमा फसिसकेका हुन सक्छौँ र त्यहाँबाट निस्किने बाटोसमेत नपाउन सक्छौँ ।

प्रविधिले हाम्रो अर्थतन्त्र, राजनीति र दर्शन मात्र होइन, हाम्रो जैविकता अर्थात् शरीर पनि विकृत पार्न सक्छ । आउने दशकहरूमा कृत्रिम बौद्धिकता र बायोटेक्नोलोजीको संयोजनले मानव जीवनलाई नै 'रि-इन्जिनियरिङ' गर्न सक्ने 'ईश्वरीय शक्ति' हासिल गर्नेछ । यति मात्रै होइन, यस्तो संयोजनले नयाँ जीवन नै निर्माण गर्न सक्ने क्षमता राख्छ । प्राकृतिक छनोटबाट जीव निर्माण हुन थालेको चार अर्ब वर्षपछि, यतिबेला हामी कृत्रिम बौद्धिकताले डिजाइन गरेको 'इनअर्गानिक' जीवन निर्माणको नयाँ युगमा प्रवेश गर्न लागेका छौँ ।

मानिसको सृष्टि परिकल्पना जैविक विकासको नयाँ शक्तिको रूपमा थपिएको छ । नयाँ जीवन सृष्टि गर्न सक्ने यो 'दैवीशक्ति' प्रयोगमा कुनै गल्ती भयो भने त्यो सानो गल्ती हुने छैन, लौकिक जगतलाई प्रभावित गर्न सक्ने गल्ती हुनेछ । खासगरी सरकार, व्यापारिक निगम र सेनाले आफूलाई आवश्यक पर्ने बौद्धिकता तथा अनुशासनजस्ता मानवीय गुणमा वृद्धि गर्न यस्तो प्रविधिको प्रयोग गर्न सक्छन् । तर करुणा, सौन्दर्यचेत तथा आध्यात्मिकजस्ता गुण उनीहरूको बेवास्तामा पर्नेछन् । बौद्धिकता र अनुशासनको दौड भइरहँदा करुणा, सौन्दर्यचेत तथा आध्यात्मिकजस्ता गुण मानिसबाट हराउन थाल्नेछन् । यो भविष्यवाणी होइन, सम्भावनाहरू मात्रै हुन् । खासमा प्रविधि विकास कता जान्छ भन्ने कहिल्यै पनि पूर्वानुमान गर्न सकिँदैन ।

बीसौँ शताब्दीमा औद्योगीकरणको प्रविधि प्रयोग गरेर तीन फरक किसिमका राजनीतिक प्रणाली अस्तित्वमा आए, फासिस्ट तानाशाह, कम्युनिस्ट र उदार प्रजातन्त्र । एक्काइसौँ शताब्दीमा पनि यस्तै हुनेछ ।

कृत्रिम बौद्धिकता र बायोटेकले पक्कै पनि संसारको कायापलट गर्नेछ र यसलाई प्रयोग गरेर फरक किसिमको समाज निर्माण गर्न सकिनेछ । मैले अघि भनेका केही सम्भावनाबाट डराउनुभएको छ भने त्यो समस्या हल गर्न तपाईंले योगदान गर्न पनि सक्नुहुन्छ । यसका लागि प्रभावकारी कदम चाल्न भने वैश्विक सहकार्य नै जरुरी हुन्छ ।

अहिले हामीले सामना गरेका समस्या वैश्विक समस्या हुन्, तिनीहरूको वैश्विक समाधान आवश्यक छ ।

जब कुनै नेताले 'मेरो देश पहिलो' जस्ता कुरा गर्छ भने उसलाई सम्झाउनुपर्छ, आणविक युद्ध वा पर्यावरणीय विनाश कुनै पनि देशले एक्लै रोक्न सक्दैन । कुनै पनि देशले एक्लै कृत्रिम बौद्धिकता वा बायो-इन्जिनियरिङलाई नियमन गर्न सक्दैन ।

प्रायः देशले भन्नेछन्, 'हामी नरसंहारकारी रोबोट बनाउन वा 'जेनेटिकल्ली इन्जिनियरिङ' गरिएको मानव शिशु बनाउन चाहदैनौँ । हामी असल मानिस हौँ तर हाम्रा दुस्मनहरूले यस्तो गर्दैनन् भनेर विश्वास गर्न सक्दैनौँ । त्यसैले उनीहरूले भन्दा पहिले यी सबै कुरा हामीले बनाइसक्नुपर्छ ।'

यदि कृत्रिम बौद्धिकता र बायो-इन्जिनियरिङका क्षेत्रमा यस्तो प्रतिस्पर्धा सुरु भयो भने यसमा कसले जित्छ भन्ने प्रश्न अर्थहीन हुनेछ र सिंगो मानवता पराजित हुनेछ ।

विगतको तुलनामा अहिले धेरै वैश्विक सहकार्य आवश्यक छ । तर विडम्बना, विश्वका शक्तिशाली नेता र देशहरूले यसलाई निरन्तर अवमूल्यन गरिरहेका छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पजस्ता नेताहरू वैश्विकता र राष्ट्रवादलाई एकअर्काका विरोधी अवधारणाका रूपमा व्याख्या गरिरहेका छन् र त्यसमध्ये एउटा रोज्न भनिरहेका छन् । यो भयंकर डरलाग्दो गल्ती हो । राष्ट्रवाद र वैश्विकताबीच विरोधाभास छैन । राष्ट्रवाद भनेको विदेशीलाई घृणा गर्नु होइन, आफ्नो

देश र देशवासीलाई प्रेम गर्नु हो । एक्काइसौँ शताब्दीमा आफ्नो देशवासीको सुरक्षा प्रत्याभूत गर्न र भविष्य सुनिश्चित गर्न हामीले विदेशीसँग सहकार्य गर्नैपर्छ ।

त्यसैले एक्काइसौँ शताब्दीको राष्ट्रवादी उत्तिकै विश्वव्यापीकरणवादी पनि हुन आवश्यक छ। अहिले वैश्विकता भनेको वैश्विक सरकार स्थापना गर्नु, सबै राष्ट्रिय परम्परा परित्याग गर्नु वा असीमित आप्रवासीका लागि सीमा खुला गर्नु होइन । बरु केही वैश्विक नियम मान्न प्रतिबद्ध हुनु हो। त्यस्ता नियम, जसले हरेक राष्ट्रको अलग विशेषतालाई अस्वीकार गर्दैन तर देश-देशबीचको सम्बन्धलाई नियमन गर्छ। यो भनेको विश्वकप फुटबलजस्तै हो ।

विश्वकप देश-देशबीच हुने प्रतिस्पर्धा हो, जहाँ मानिस आफ्नो असीमित देशभक्ति देखाउँछन् । सँगसँगै यही प्रतिस्पर्धामा अनौठो अन्तर्राष्ट्रिय सामञ्जस्यसमेत देखिन्छ । दुवै देश एउटै नियम मान्न तयार नभएसम्म फ्रान्सले क्रोएसियाविरूद्ध फुटबल खेल्न सक्दैन। वैश्विकताले यसैगरी काम गर्ने हो ।

> **शान्तिको आधारभूत अर्थ नै परिवर्तन भएको छ। अब शान्ति भन्नु युद्धको तत्कालीन अनुपस्थिति होइन, युद्धमाथिको अविश्वास हो।**

तपाईंलाई विश्वकप फुटबल मन पर्छ भने तपाईं वैश्विकतावादी भइसक्नुभएको छ। आशा गरौँ, फुटबल खेल्न मात्र नभएर पर्यावरणीय विनाश कसरी रोक्ने, खतरनाक प्रविधिलाई कसरी नियमन गर्ने र वैश्विक असमानतालाई कसरी कम गर्ने भन्ने विषयमा पनि नियम बनाउन देशहरू सहमत हुनेछन् । कृत्रिम बौद्धिकताले अमेरिकी सफ्टवेयर इन्जिनियरलाई मात्रै होइन, मेक्सिकोको कपडा कारखानाका मजदुरलाई पनि उत्तिकै फाइदा कसरी पुऱ्याउँछ भन्नेमा काम गर्नेछन् । पक्कै पनि यो फुटबलभन्दा कयौँ गुणा कठिन छ तर असम्भव होइन । असम्भव नै हो भने पनि हामीले यसअघि नै असम्भवलाई सम्भव बनाउन जानिसकेका छौँ ।

मानव इतिहासभरि कायम रहेको युद्धको डरलाग्दो जंगलबाट हामी बाहिर निस्कन सफल भएका छौँ । हजारौं वर्ष मानिस जंगलको त्यस्तो नियममा बसे, जहाँ जताततै युद्ध व्याप्त हुन्थ्यो। त्यो नियमले भन्थ्यो, दुई छिमेकी देशबीच यतिबेला युद्ध भइरहेको छैन भने अर्को वर्ष निश्चित रूपमा युद्ध हुनेछ । यो नियममा शान्ति भनेको युद्धको तत्कालीन अनुपस्थिति मात्रै थियो ।

त्यो नियममा एथेन्स र स्पार्टा वा फ्रान्स र जर्मनीबीच शान्ति छ भन्नु अहिले तत्काल युद्ध भइरहेको छैन र अर्को वर्ष उनीहरूबीच युद्ध हुन सक्छ भन्नु थियो । हजारौं वर्ष मानिसले युद्धको यो नियमबाट मुक्ति पाउन असम्भव छ भन्ने सोचिरहे तर पछिल्ला केही दशकमा मानव सभ्यताले त्यो असम्भवलाई सम्भव तुल्याइदियो र युद्धमय त्यो जंगलबाट बाहिर निकाल्यो। हामीले केही नियममा आधारित उदारवादी विश्वव्यवस्था अपनायौँ । त्यसका थुप्रै कमजोरी छन् तर यसले मानव इतिहासकै सबैभन्दा शान्त र समृद्ध युग निर्माण गरेको छ ।

शान्तिको आधारभूत अर्थ नै परिवर्तन भएको छ। अब शान्ति भन्नु युद्धको तत्कालीन अनुपस्थिति होइन, युद्धमाथिको अविश्वास हो । यतिबेला तपाईं फ्रान्स र जर्मनीजस्तै अरू सयौँ देशबीच अर्को वर्ष युद्ध हुन्छ भन्ने कल्पना गर्नुहुन्न । विश्वका केही ठाउँमा अहिले पनि युद्ध नभएको होइन । मलाई विश्वास गर्नुस्, 'मध्यपूर्व' बाट आएको हुनाले यो कुरा राम्रोसँग थाहा छ तर यसैकारण सम्पूर्ण विश्वको परिस्थितिलाई बेवास्ता गर्नु हुँदैन ।

अहिले हामी बाँचिरहेको युगमा युद्धका कारणले भन्दा आत्महत्याका कारण बढी मानिस मरिरहेका छन् । बारुदले भन्दा चिनीले बढी मानिस मारिरहेको छ। रसियाजस्ता केही देश छाडेर विश्वका प्रायः देश अर्को देश कब्जा गर्ने कल्पना गर्दैनन् । त्यसैले धेरै देशहरू कुल गार्हस्थ उत्पादनको करिब २ प्रतिशत रक्षा बजेटमा खर्च गर्छन् र त्योभन्दा कता हो कता धेरै शिक्षा र जनस्वास्थ्यमा खर्च गर्छन् । यो पहिलेजस्तो जंगलको युग होइन ।

हामी यस्तो विश्वमा बाँच्न अभ्यस्त भइसकेका छौँ । हामीलाई यो शान्ति आफैँ प्राप्त भएजस्तो लाग्छ। त्यसैले हामीले यसको हेरचाह गरिरहेका छैनौँ । नाजुक विश्व-व्यवस्थालाई बलियो बनाउन मिहिनेत गर्नुपर्ने बेला धेरै देशहरू यसलाई बेवास्ता गरिरहेका छन्, निरन्तर अवमूल्यन गरिरहेका छन् ।

विश्व-व्यवस्था अहिले त्यस्तो घर भएको छ, सबै यसमा बस्छन् तर कसैले मर्मत गर्दैन । अब केही वर्ष त हामीलाई यसले ओत देला तर हामीले यस्तै व्यवहार गरिरह्यौँ भने एक दिन यो घर ध्वस्त हुनेछ । अनि, मानव सभ्यता फेरि सर्वव्यापी युद्धको जंगलमा पुग्नेछ । त्यो जंगल कस्तो थियो भन्ने हामीले बिर्सिसकेका छौँ तर एक इतिहासकारका रूपमा मैले भनेको कुरा विश्वास गर्नुस्, तपाईं फेरि त्यहाँ फर्किन चाहनुहुन्न । त्यो तपाईंले कल्पना गर्न सक्नेभन्दा कयौँ गुणा खराब अवस्था हो ।

हो, मानव जाति यस्तै जंगलमा उद्भव भयो, हुर्कियो, हजारौँ वर्ष त्यहीँ बाँच्यो र त्यहीँ समृद्ध भयो तर अहिले हामी त्यहाँ फर्किने हो भने हाम्रो जाति नै समाप्त हुन्छ ।

यदि मानव जाति पृथ्वीबाट हरायो भने पनि संसारको अन्त्य हुने छैन। केही न केहीले सृष्टिलाई निरन्तरता दिनेछ। कतै मुसाले पो पृथ्वीको नेतृत्व गर्छन् र सभ्यता पुनर्निर्माण गर्छन् कि ! यस्तो भयो भने सायद मुसाले हाम्रो गल्तीबाट पाठ सिक्नेछन् ।

मलाई मुसामा होइन, यहाँ उपस्थित नेताहरूमा विश्वास छ। ने

(वर्ल्ड इकोनोमिक फोरमको डाभोस सम्मेलनमा इतिहासकार तथा दार्शनिक युभल नोह हरारीले राखेको मन्तव्य ।)

अनुवाद : रोहेज खतिवडा

KANTIPUR PUBLICATIONS PVT. LTD.

KMG

NIC ASIA
एन आई सी एशिया बैंक लि.
बैंक पनि साथी पनि
राम्रो पनि साथी पनि

presents

कान्तिपुर CONCLAVE
REIMAGINING CONNECTIVITY

connected by Ncell

powered by asianpaints

REIMAGINING CONNECTIVITY

'Connectivity' holds multiple perspectives, interpretations and ideals. Connectivity is what highlights our times today. We live in a digitally connected world where the exchange of trade, capital, information and people are no longer bound by geography.

The 2020 Kantipur Conclave is a two-day event that reimagines connectivity from a multifaceted lens, leveraging constructive interactions to identify opportunities on cultivating synergy, convergence, partnerships, collaborations and relationships amid the changing global dynamic.

40+ Speakers | **500+** Delegates | **12+** Thematic areas | **10+** Sessions

Associate Partner
NEPALLIFE

- Lessons from The East
- The Future of Digital World
- Mitigating Climate Change - The Big Connector
- Bridging through Literature and Arts
- Connecting Global Nepalis

- नेपालमा 'मी टू' किन अगाडि बढ्न सकेन?
- नेपाल: अगाडि कि पछाडि?
- हाती, ड्र्यागन र तरुल - बदलिदो भू-राजनीतिमा नेपाल
- प्रचण्डसँग परिसंवाद

Learning Partner: HIMALAYAN WHITEHOUSE WORLD SCHOOL — Discovering the gift in every child

Knowledge Partner: beed — consult | manage | advise

App Partner: EventsMo

Hospitality Partner: HYATT REGENCY KATHMANDU

हिरा बिजुली, नेपाली

कर्णालीमा व्यावसायिक नाटकघर जन्माउने कलाकारको कथा

सुनिता लोहनी

तस्बिर : सरोज बैजु

१२ वर्षअघि काठमाडौँमा *कर्णाली दख्खिन बग्दो छ*ले वर्षौंदेखिको कर्णालीको न्यारेटिभ भत्काइदियो । गाउँगाउँमा चामलको रक्सी पाउने तर पेट भर्न चामल नपाउने, तुइनमा झुन्डिदै विद्यालय जानुपर्ने, जागिरका लागि मुग्लान पस्नुपर्ने । नाटकमा हास्य र व्यंग्य शैलीमा कर्णालीबासीका दिनानुदिनका बाध्यता देखाइएका थिए । कर्णालीबाट आएका कलाकारले तत्कालीन गुरूकुल नाटकघरसँग मिलेर प्रस्तुत गरेको नाटकले धेरैलाई रूवाएको थियो ।

आँसु रचनामा आधारित सो नाटकका मुख्य कलाकार थिए, हिरा बिजुली नेपाली, ३० । ०४६ सालमा गाउँमा बिजुली उद्घाटन हुँदा जन्मेकाले बिजुली नाम रहन गएका उनी नाटक यात्राबारे सम्झिँदै भन्छन्, "खासमा नाटक कक्षा गृहकार्य थियो । संवाद सबै हामी विद्यार्थीले लेखेको ।" सुरूमा एक दिन मात्र देखाउने भनेको नाटक पछि ३ महिनासम्म चल्यो । हिरा भन्छन्, "सफल भएपछि भने धेरैले नाटकको श्रेय लिन खोजे ।"

हिरा मुगुको भामवाडामा हुर्के । ०६१ सालमा एसएलसी गरेपछि लहडमा काठमाडौं आए । कक्षाका साथीजस्तै उनको पनि ठूलो सपना थियो, राजधानीमा गएर पढ्ने, ठूलो मान्छे हुने । उनी सानै छँदा बुबा बिते । आमा एक्लैले हुर्काइन् । काठमाडौँमा निजी क्याम्पस भर्ना भए । संघर्षका दिन सम्झन्छन्, "मैले ल्याएको पैसा ३० हजार त ३ महिनामै सकियो ।" पछि सरस्वती क्याम्पसमा व्यवस्थापनमा भर्ना भए । सहरमा टिक्न बागबजारमा वेटरको काम गरे । तर सहरबजारमा विकृति देखेपछि बस्न मन भएन ।

काठमाडौँमा बस्ने कि मुगु फर्कने भनेर गम खाइरहेका बेला उनले मीन भामलाई सम्पर्क गरे । गाउँकै चिनेका अंकल मीन भाम नाटकमा काम गर्छन् भन्ने उनलाई हेक्का थिएन । भामले जमलको नाटकघरमा काम गर्न बोलाए, जुम्लेली नाटक *लछाल कीर्ति पैक्याल*का लागि । थोरै पैसा पाउने आशमा उनी जमल पुगे । मञ्चमा अरूले संवाद बोलेको देखेर छक्क परे । बोल्न अप्ठेरो लागे पनि मुगु फर्कनुपर्ने डरले उनलाई संवाद बोल्न साहस दिलायो ।

पहिलोपल्ट नाटक खेल्दा उनलाई रमाइलो पनि लाग्यो रे । अरूका दुःखले सजिलै मन छुने भएकाले उनले नाटक आफ्ना लागि भएको पाए । सुरूआती समय गुरूकुलमा नाटक हेर्न उनीसँग पैसा हुँदैनथ्यो । कलाकार सरिता गिरीलाई फकाएर बिनाटिकट छिर्थे ।

गुरूकुलले संविधानसभाको जागरण गर्न देशभर सडक नाटक गर्ने भयो, ०६४ सालमा । हिराले पनि भाग लिए । जुम्ला र मुगुमा नाटक देखाए । अर्को वर्ष गुरूकुलमा विद्यार्थीको रूपमा भर्ना भए र नाटकमै लाग्ने सोच बनाए । प्रचण्ड, बाबुराम भट्टराईजस्ता नेताहरू *कर्नाली दख्खिन बग्दो छ* नाटक हेर्दा रोएको देखेका थिए, हिराले । उनी पनि नाटकको प्रभाव आफ्नो गाउँमा लैजान चाहन्थे ।

०६४ सालमै मुगुमा मीन भामको सक्रियतामा कर्णाली थिएटर खोल्ने कुरा थियो । नाटक चल्यो, दान बाकसमा हिरा आफैं बसेकाले पैसा थुप्रै खसेको देखेका थिए । दिनको ३ पटकसम्म देखाइएको नाटकको पैसा अन्ततः कहाँ गयो, उनलाई थाहा भएन । कर्णाली थिएटर अलपत्र पर्‍यो । सुदूरपश्चिममा रंगमञ्चको ढोका खोल्न स्थापना भएको थियो, कर्णाली थिएटर ।

प्रचण्ड, बाबुराम भट्टराईजस्ता नेताहरू *कर्नाली दख्खिन बग्दो छ* नाटक हेर्दा रोएको देखेका थिए, हिराले ।

हिरा मुगु फर्किए, ०६७ सालमा । काठमाडौँमा संस्कृतिको व्यापार देखेपछि उनलाई चित्त बुझेन । उनका लागि संस्कृति भनेको भावना थियो । चित्त नबुझेसम्म प्रश्न गरिरहने स्वभावले सहकर्मी र गुरूहरूले अरठ्ठो भन्ने गरेको उनी सुनाउँछन् । चाहेका भए कर्णालीको चर्चालाई क्यास गर्न सक्थे तर उनको बाटो त्यो थिएन । भन्छन्, "मुख्य पत्रपत्रिकाले हाम्राबारे समाचार लेखेका थिए । खस भाषालाई काठमाडौँमा ल्यायौं । चर्चाभन्दा पनि काम ठूलो कुरा हो । त्यही काम गर्न मुगु लागेँ ।"

कर्णालीमा व्यावसायिक नाटक सुरू गर्न हिराले त्यहाँका परम्परागत स्थानीय कथा, बाजा, गीत, भाषामा आफूलाई ढाले । कर्णालीको कथालाई उनले पुनः एक पटक *गर्भछिटा*मा देखाए, ०७५ मा । ठकुरी समाजको रूढीवादी परम्परालाई पस्किएका उनले मानवको अस्तित्वकरणलाई उठाएका थिए । हिराकै लेखन र निर्देशनमा तयार भएको नाटकमा प्रमुख भूमिका उनकै पत्नी विष्णुमायाको थियो । कर्णाली आर्ट सेन्टरको प्रस्तुति रहेको नाटकले तहल्कै मच्चाएको थियो ।

कर्णालीमा नाटकबाहेक उनले लोकबाजा महोत्सव, फोटो प्रदर्शनी र चित्रकला कार्यशाला गर्दै आएका छन् । हिरालाई 'के कुराको महत्त्व रहेछ' भन्ने विषयले सधैं घच्घच्याइरह्यो । उनका लागि नाटकको मुख्य तत्त्व भनेको त्यो ठाउँको संस्कृति हो । रंगमञ्च भनेको व्यावसायिक ठाउँ होइन, समाज र देशलाई प्रतिविम्बित गर्ने दार्शनिक स्थल हो । भन्छन्, "सत्यमोहन जोशीजस्ता अन्वेषक ०२६ सालमा जुम्ला गए । भाषा र संस्कृतिको महत्त्व उहाँलाई थियो । मलाई त्यसैको महत्त्व लाग्यो र आफ्नो समुदायलाई बुझाउन खोजेको छु ।"

रङ्गमञ्चले सिकाउने भनेको जिन्दगी हो । उनी आफ्नो जीवन 'इम्प्रोभाइज' गरिरहेका छन् रे । मुगु फर्कँदा उनी सय प्रतिशत ढुक्क थिए, सही बाटोमा छु भनेर । नभन्दै त्यसले रङ देखाएको उनको दाबी छ । अहिले हुम्ला, जुम्ला र मुगुमा रङ्गमञ्चमा विकास भएको छ । नाटक संस्था खुलेका छन् र सबै चल्तीमै छन् । नाटक हेर्ने प्रचलन बढेको छ । उनी यसलाई आफ्नो उपलब्धि मान्छन् ।

१० वर्ष माहोल बनाउने र त्यसपछि व्यावसायिकता सुरू गर्ने योजना छ, हिराको । व्यावसायिक कलाकार भने कर्णालीमा बनिसकेका छैनन् । कलाकार आउने-जाने क्रम पहिलेभन्दा बढी भएकाले केही तनाव भएको उनी सुनाउँछन् । तर माहोल परिवर्तन हुनमा आशावादी छन् । भन्छन्, "रंगमञ्च सबै कलाको सम्मिश्रण हो । यसले नृत्य, भाषा, साहित्य, संगीत र कला सबै समेट्छ । एक दिन सबैले यो कुरा बुझ्नेछन् ।" ने

सरोज बैजू

तीन किताब

दिनेश काफ्ले | अनुवादक



पूर्वीय पाठ

सत्ताका खराबीबारे बोल्ने सार्वजनिक बौद्धिकहरू सधैँ चाहिन्छ, लोकतन्त्रमा । यस्तै बौद्धिकमध्ये सम्झिइने नाम हो- एडवर्ड सइद । उनको **ओरिएन्टलिज्म** गैरपश्चिमी समाज अध्ययनका लागि महत्त्वपूर्ण बौद्धिक इतिहास हो । मिसेल फुकोको अवधारणालाई केही सापटी लिएर उनले सत्ता र ज्ञानको सम्बन्ध बुझाएका छन् ।

मध्यपूर्व र अरबी समाजलाई पश्चिमले गरेको निरूपण नै किताबको केन्द्रमा छ । पश्चिमी समाज सभ्य, लोकतान्त्रिक, वैज्ञानिक तथा पूर्वीय समाज असभ्य, अलोकतान्त्रिक र अवैज्ञानिक भन्ने ठम्याइको भाष्यलाई सइदले यो पुस्तकमा मन्थन गरेका छन् । आफ्नो हितअनुकूलको भाष्य निर्माण गर्नु नै सत्ताधारीहरूको प्रमुख हतियार हो । शक्तिशालीको चरित्र प्रायः यस्तै हुने गरेकाले कमजोरको परिचय अन्यकरणमा पर्छ । शीतयुद्धताका मध्यपूर्वमा अमेरिकाले प्रत्यक्ष हस्तक्षेपसहित आफ्नै दृष्टिकोण लादेर अरब विश्वलाई परिभाषित गरेकै हो । बेलायती उपनिवेशकालमा भारतीय संस्कृतिमाथि यस्तै ज्ञान उत्पादन भयो । आज डोनाल्ड ट्रम्पका आँखामा सबै मुस्लिम देश 'आतंककारी' हुन्, यद्यपि मुस्लिम समुदायभित्र अनेक विचार-समूह छन् । नेपाललाई भोकमरी, दुःखी र गरिबको देश भनी हेर्ने एउटा मात्रै चस्मा तयार छ, अमेरिकासँग । त्यही ज्ञानप्रणालीको दर्पणमा देखिने छविले हामी 'अन्य' मा खुम्चिएका छौँ । उनीहरूका लागि पूरै नेपाल हिमाली देश या सांग्रिला हो, जो सांस्कृतिक रूपमा सत्य होइन । कोही 'अन्य' हुन नपरोस् भनेर हामी सचेत हुनैपर्छ।

अनुवादको औपचारिक विद्यार्थी र अभ्यासी भएकाले त्यससम्बन्धी सैद्धान्तिक तथा अनुभवपरक पुस्तक पनि पढिरहन्छु । विश्वविद्यालयमा नपढाइएको तर निकै महत्त्वपूर्ण संस्मरण-कृति फेला पारेँ, **इफ दिस बी ट्रेजन** । आफ्नो जीवनकालमा ३० लेखकका ६० पुस्तक अनुवाद गरेका ग्रेगोरी रबसाले यो किताबमा अनुवाद कलालाई चिनाएका छन्, स्वअनुभवका आधारमा । साथै, अनुवादका अनेक विवादबारे पनि लेखेका छन् । क्युबाली विरासत बोकेका रबसाले अमेरिकामा पढे र उतै बसे । उनको घरमा स्पेनिस बोलिन्थ्यो । विश्वविद्यालयमा साहित्य पढाउँदा ४० वर्षको उमेरमा एउटा अनुवादको काम हात लाग्यो । काम गर्दै जाँदा उनी विश्वप्रसिद्ध अनुवादक भए । ल्याटिन अमेरिकी रचनालाई अंग्रेजी भाषाबाट विश्वभरि फैलाउने श्रेय ग्रेगोरी रबसालाई जान्छ । उनले गाब्रियल गार्सिया मार्खेजदेखि मारियो भर्गास लोसासम्मका पुस्तक अनुवाद गरेका छन् ।

हुन त अनुवादकले धोका दिन्छ भन्ने धारणा चर्चित छ । तर मार्खेजले आफ्नो उपन्यास *वन हन्ड्रेड इयर्स अफ सोलिच्युड*बारे भनेका छन्, 'मूल स्पेनिसमा भन्दा रबसाको अनुवादमा मेरो उपन्यास धेरै राम्रो भएको छ । उनी हुन्थेनन् भने म सानो लेखकको रूपमा खुम्चिएर रहन्थेँ सायद ।' यो टिप्पणी एक अनुवादका रूपमा रबसाका लागि निकै ठूलो पुरस्कार हो ।

अनुवाद गर्नुअघि म कहिल्यै पूरा किताब पढ्दिनँ । सामान्यतः समीक्षा या बौद्धिक जमातमा हुने चर्चाले केही आँट दिइहाल्छ । कहिलेकाहीं परोल्थ्यो, मैले गलत गरिरहेको त छैन ? रबसा पढेपछि भने मेरो रहलपहल डर र ग्लानि पखालियो किनकि उनीसँग मेरो तरिका मिल्दो रहेछ । पूरै नपढ्नुको फाइदा छ- आख्यानको कथावस्तु र पात्र परिवर्तन हुँदै जाँदा रोमान्चित बनाउँदै लान्छ, मानौँ- आफैँले पहिलो पटक लेख्दै छु । रबसाको अनुभवमा, पहिल्यै पढिसक्दा अनुवादकसँग आफ्नै विचार, पूर्वाग्रह र समीक्षा हुन सक्छन्, जसले सिर्जनशील अनुवादमा बाधा पुग्न सक्छ । अपजसे कामै सही, अनुवादबिना भिन्न भाषा, संस्कृति र इतिहासबीच संवाद सम्भवै छैन ।

युवा जाँगरले भरिएको डाक्टर बाजारोभ मलाई आफन्तजत्तिकै प्यारो लाग्छ किनकि पुरानो समाजका मान्यता केही पनि मान्दैन, ऊ । प्राधिकारयुक्त सत्ताको विरोध गर्नुका साथै स्थापित मूल्यको भन्जन उसको ध्येय हुन्छ । उसलाई समाजले वहिष्कार गर्न या राज्यसत्ताले दमन गर्न पनि सक्छ । तर ऊ यी सारा जोखिम मोलेर नयाँ सपनाको प्रवक्ता बनिरहन्छ । एक किसिमले अराजकतावादी ऊ **फादर्स एन्ड सन्स**को प्रमुख पात्र हो । ईभान तुर्गनेभलिखित यस उपन्यासको कथा त्यो बेलाको हो, जतिबेला रूस कृषि संस्कृतिबाट आधुनिक औद्योगिक समाजमा ढल्किँदै थियो ।

युवालाई कुनै पनि आदर्शवादको पछि नलाग्न प्रेरित गर्ने बाजारोभ प्रविधिलाई मात्रै भरपर्दो ठान्छ । चिकित्सा विज्ञानकै प्रयोगका क्रममा होसियारी नअपनाउँदा उसको दुखान्त हुन्छ । विज्ञानमा मात्रै विश्वास गर्ने पात्रको समेत वीभत्स अन्त्यले सैद्धान्तिक विरोधाभास खडा गरिदिन्छ । भौतिकवादमा विश्वास गर्ने रूसी कम्युनिस्टहरूको आस्थामाथि धक्का पुगेपछि तुर्गनेभलाई असाध्यै गाली गरे । यद्यपि उनीहरूले आदर्श मानेका लेखक थिए, तुर्गनेभ । एउटा लेखकको उत्तरदायित्व आफ्नो सैद्धान्तिक प्रणालीप्रति हुनुपर्छ कि सत्यप्रति ? तुर्गनेभचाहिं कसैलाई खुसी पार्न लेख्दैनन् भन्ने पुष्टि गर्छ, *फादर्स एन्ड सन्स*ले । लेखनलाई श्यामश्वेत ढाँचामा सोच्ने नेपाली वामपन्थी या दक्षिणपन्थी लेखकले तुर्गनेभबाट पाठ लिन सक्छन् । ने

■ **प्रस्तुति : गुरुङ सुशान्त**

कवितामा राजनीतिको जिकिर

सङ्गीत

कविता चटक होइन । चाकडी धन्दा पनि होइन । आजको कविता तुकबन्दीको बन्दी हुन पनि सक्दैन । सस्ता विषयमा अति सस्तो भावनात्मक अत्याचार पनि कविता होइन । त्यसो भने कविता के हो त ? जिउँदा कविहरूबीच यो जिउँदो सवाल हाजिर छ तर कवितावारे बहस गर्न यतिखेर कसैलाई फुर्सद छैन । कविहरूलाई कि जागिरे राजनीतिले निलेको छ कि बजारले बोकाएको होमवर्कले थला पारेको छ । यही बेउछारबीच विमल निभाले आफूलाई जबर्जस्त पेस गरेका छन्- *जोकरको बन्दुक*मार्फत ।

कवि निभाको रचनाकर्मको एउटा पारा छ, गम्भीर दार्शनिक विषयलाई जनबोलीमा टक्रक्क पस्कने । *आगोनेर उभिएको मानिस* र *एउटा बाहुला नभएको बुसर्ट* आस्वाद गरिसकेका पाठकसामु उनको कवित्व-शैलीबारे बोलिरहनु पर्दैन । जसको स्मृतिपाटीमा 'कुखुरी काँ', 'गाउँ', 'एक, दुई, तीन, चार र पाँच', 'नाम', 'मतभेद', 'शब्दकोश', 'तेन्जिङ छिरिङ लामालाई', 'बाल-कविता', 'टोल', 'जीवन' जस्ता जीवन्त रचना अंकित छन्, *जोकरको बन्दुक* त्यो सूची बढाउने सामर्थ्यसहित आएको छ ।

विमल निभा मजदुर, उत्पीडित किसान, शोषितजन, किनारीजनका स्वरमा कोरस थप्ने संगीतज्ञ हुन् । कवितामा उनी ढुंगामाटोसँग खेल्ने मैला मान्छे र सडक-किनारको संघर्षशील मान्छेसँग उभिन्छन् । जनताका आन्दोलन, संघर्ष र श्रमको गाथा गाउनु उनको कवित्वको वैशिष्ट्य हो । उखान, जनबोली, किस्सा, किंवदन्ती, लोकगीत, दोहा निभाको कविताशैलीका सङ्ला स्रोत हुन् । नयाँ कविता संकलनमा पनि उनी यही पहिचानसहितको शैलीमा प्रतिबद्ध रहेका भेटिन्छन् । 'पोलिटिक्स', 'कुनै मतलव छैन', 'साँचोको झुप्पा', 'ढाड', 'वैरागी', 'म रहने छैन', 'धरती' कविताहरूले उनको मौलिकताको डबल लेनलाई चार लेनमा विस्तार गर्छन् । 'वैरागी' कविताले बहुप्रचलित रूख रोप्नेसम्बन्धी चिनियाँ उखानको शैली सम्झाइदिन्छ । त्यसैगरी 'ढाड' र 'साँचोको झुप्पा' ले मार्क्स-एंगेल्सको विश्वविख्यात *कम्युनिस्ट घोषणापत्र*को शक्तिशाली काव्यानुवाद गर्छ ।

कविताको क्राफ्ट कुँद्ने कर्तव्य कविहरूकै हो । कविताको कन्टेन्ट बुन्ने अग्राधिकार पनि कविहरूलाई नै छ । क्राफ्टका सन्दर्भमा निभाका कति कविता उखानजस्ता लाग्छन् । कति कविता बालगीतका सुललित रहनीजस्ता लाग्छन् । पढ्दा जनबोलीका 'सामान्य कुरा' जस्ता लागे पनि खासमा त्यही हो- विमल निभाको कविताको असामान्य टेक्निक । *जोकरको बन्दुक*का कविता गम्भीर पाठकका लागि त्यस्तै पौष्टिक खुराक हुन्, बजारको मिसावटबाट जोगिएका र अर्गानिक ।

व्यंग्य-लेखनमा साताव्यापी दस्तक दिइरहेका भए पनि कविता रचनामा विमल निभा निकै चयनशील र किफायती छन् । पाँच दशक लामो काव्य साधनावधिमा उनको यो तेस्रो पुस्तक-प्रस्तुति हो ।



जोकरको बन्दुक
कवि : **विमल निभा**
प्रकाशक : **सांग्रिला पुस्तक प्रालि**
पृष्ठ : १४३
मूल्य : २५० रुपैयाँ

उसो त विमल-काव्य दोहोऱ्याएर पढ्ने लती-पाठक पक्कै प्यासी थिए, नयाँ कविता किताबको । त्यो आइपुगेको छ । र, यो कतै पत्रिकामा छापिइसकेका कविताको भेला होइन । यस किताबमा नछापिएका कविताहरूकै चोइलो मुख्य छ । तरकारी वा अचारको भाँती दुई-चार वटा पूर्वप्रकाशित (तर किताबमा नसमेटिएका) कविता पनि यसमा स्वाद भर्न आएका छन् । पुस्तकभरि कुल ६० कविता छन् । पञ्चायतकालमा लेखेका र अघिल्ला संकलनमा छुटेका केही कविता पनि यसमा पढ्न पाइन्छ । एउटै कविता लेख्न कहिले वर्ष दिन र कहिले महिनौं लगाउने कविले एकै वर्ष (२०७५) को मिति राखेर धारावाहिक रचेका ३८ कविता पनि यो पुस्तकमा छन् । कविको प्रौढ काव्यचेत र समाजबोधका कारण यिनै ठूलो संख्याभित्र शक्तिशाली कविता भेटिन्छन् ।

विमल निभाको बहानामा भन्नैपर्छ- आजभोलि कविहरू कविता छाड्दै किन भागिरहेका छन् ? शासकहरू कविता प्रदेशमा किन जबर्जस्ती प्रवेश गरिरहेका छन् ? पोलिटिक्सबाट कविहरू किन भाग्दै छन् ? बेला छ, यस्ता प्रश्नमा दफाहीन गफागफ गर्नुपर्ने । त्यस्तो गफार्थ पाठकका लागि मात्रै होइन, कविहरू स्वयंका लागि पनि खुराक पस्केका छन्, निभाले । गर्नेहरू त निभा-प्रभृति कविहरूलाई 'लाउड', 'नारावादी', 'राजनीतिक' भनेर लाञ्छित गर्न खोज्छन् । तर विमल निभाको शक्ति त्यसैमा छ ।

विमल प्रकृति चित्रणमा मात्रै घोत्लिने र प्रेमविषय वरिपरि मात्रै रत्तिने कवि होइनन् । उनी त राजनीतिक नारालाई कवितारूप दिन्छन् । कवितामा प्रवेश गरेर राजनीति गर्छन् । *जोकरको बन्दुक* कवि निभाको राजनीतिक उपलब्धि हो, कविताका माध्यमबाट । ने

इतिहास रच्ने अवसर

सन्तुलित टिम र घरेलु मैदानका कारण नेपाल आशावादी

पवन आचार्य

कीर्तिपुरस्थित अन्तर्राष्ट्रिय क्रिकेट मैदान नेपाली टोलीलाई फाप्छ। त्यही मैदानमा एक दशकअघि विश्व क्रिकेट लिग डिभिजन ५ को फाइनलमा अमेरिकालाई पराजित गरेर पहिलोपल्ट आईसीसीको प्रतियोगिता जितेको नेपाली टोली अहिले घरेलु मैदानमा पहिलो अन्तर्राष्ट्रिय एक दिवसीय खेल खेल्दै छ । अमेरिकासँगको फाइनल यात्राका लागि भएको लिग चरणको खेलमा नेपाली दर्शकले मैदानमा ढुंगा प्रहार नगरेको भए र खेल अवरुद्ध नभएको भए सायद नेपालको फाइनल यात्रामा धक्का लाग्ने थियो । अवरुद्ध भएको खेलको ओभर घटाउँदा हारका बाबजुद नेपालले अमेरिकासँग फाइनल खेल्ने तय भएको थियो ।

यस पटक २२ माघमा ओमानविरुद्ध विश्वकप क्रिकेट लिग २ को पहिलो खेलमा उत्रिँदा नेपाली टोली र नेपाल क्रिकेट संघ क्यानले १० वर्षअघिको घटनाबाट निकै पाठ सिकिसकेका छन्। त्यतिबेलाको ढुंगाकाण्डपछि कीर्तिपुरमा तारजाली लगाउने काम भयो । मैदानमा केही भौतिक पूर्वाधार पनि थपिए । तर थपिएका पूर्वाधार पनि नेपालले पाएको एक दिवसीय मान्यताअनुसारका छैनन्। त्यसैले पनि कीर्तिपुर मैदानले नेपालको पहिलो अन्तर्राष्ट्रिय एक दिवसीय क्रिकेट प्रतियोगिता आयोजना गर्दा अर्को कीर्तिमान बन्ने पक्का भएको छ।

विश्वकप छनोट यात्रा मानिएको लिग २ मा नेपालले पहिलो खेल खेल्दै छ। ८ मध्ये ६ वटामा खेलमा जित निकालेको अमेरिका १२ अंकमा तालिकाको शीर्ष स्थानमा छ। ४ खेलमा जित निकालेको ओमान चौथो स्थानमा छ । ओमानले २ वटा खेल खेल्न पाएन । स्कटल्यान्ड ९ अंकमा दोस्रो र नामिबिया ८ अंकमा तालिकाको तेस्रो स्थानमा छ । घरेलु मैदानमा हुने खेलमा जित हात पार्न सके नेपालको विश्वकप खेल्ने सपनाले बिस्तारै मूर्त रूप लिने आधार तय हुनेछ ।

नेपाली टोलीका प्रशिक्षक जगत टमाटा लिग २ महत्त्वपूर्ण हुँदा सोहीअनुसार प्रशिक्षण र खेलाडीको मनोबल रहेको बताउँछन्। "घरेलु मैदानमा हुने खेलमा नतिजा आफ्नो पक्षमा पार्न सकिए विश्वकपको ढोका उघार्न मद्दत गर्छ। यो कुरा खेलाडीलाई पनि राम्ररी थाहा छ । त्यसैले सबैले आफूले सक्नेभन्दा बढी नतिजा दिन्छन् भन्ने मलाई लाग्छ," टमाटा नतिजा राम्रो हुनेमा ढुक्क छन् ।

तर अवस्था ठ्याक्कै टमाटाले भनेजस्तो छैन । कुनै समय थियो, जतिबेला नेपाल र अमेरिकाको क्रिकेट विपरीत अवस्थामा थिए। नेपाल डिभिजन ५ हुँदै माथि उक्लियो भने अमेरिका तलतिर झर्न थाल्यो। केही वर्षयता अमेरिकाले क्रिकेटमा छलाङ मारेको छ । त्यसको परिणाम भनेकै वान डे मान्यता पाएर नेपालसँगै सिरिज खेल्न आउनु हो ।

४ महिनायता नेपाली टोलीको कप्तानी सम्हालिरहेका ज्ञानेन्द्र मल्ल अमेरिका र ओमान दुवै बलियो टोली भएकाले प्रतिस्पर्धा रोचक हुने ठान्छन् । लिग २ विश्वकप छनोटको पनि यात्रा भएकाले बलिया टोलीलाई हराएरै अघि बढ्नुपर्ने उनको धारणा छ। "पोखरामा मलेसियासँग खेलिएको ३ वटा म्याचमा राम्रै अनुभव भएको छ। तर पोखरा र कीर्तिपुरको पिच फरक छ । अहिले कीर्तिपुरमा अभ्यास गर्दै छौँ। घरेलु मैदानमा पहिलो वान डे सिरिज खेल्न पाउँदा त्यसलाई अविस्मरणीय बनाउने प्रयत्न गर्छौं," उनको योजना छ ।

पूर्वकप्तान पारस कीर्तिपुरको मैदानमा क्रिकेट खेल्न पाउने क्षणको कल्पनाले पनि आनन्द मिल्ने बताउँछन् । भन्छन्, "सपना साकार भएजस्तो लागेको छ। कीर्तिपुर मैदानमा खेल्नुको अर्कै फिलिङ्स हुन्छ । २ वर्षपछि राष्ट्रिय जर्सी लगाएर खेल्न लागेको छु। त्यसैले सिरिजलाई यादगार बनाउने प्रयत्न हुन्छ ।"



नेपालले अहिलेसम्म खेलेका ६ वटा वान डे अन्तर्राष्ट्रिय म्याचमा मिश्रित नतिजा निकालेको छ। संयुक्त अरब इमिरेट्ससँग खेलेको ४ वटा खेलमा २ मा जित हात पारेको नेपालले बाँकी २ खेल विपक्षीलाई सुम्पिएको छ । त्यस्तै, नेदरल्यान्ड्ससँग खेलेको २ खेलमा १ मा जित र अर्कोमा हारको सामनागरेको छ। त्यसैले बलिया

नेपाली टोली

ज्ञानेन्द्र मल्ल (कप्तान), दीपेन्द्रसिंह ऐरी (उपकप्तान), पारस खड्का, सन्दीप लामिछाने, करण केसी, आरिफ शेख, विनोद भण्डारी, अभिनाश बोहरा, कुशल मल्ल, कमलसिंह ऐरी, सुशन भारी, रोहित पौडेल, शरद भेषवाकर र ललितनारायण राजवंशी

वैकल्पिक खेलाडी – पवन सर्राफ, सुवास खकुरेल, सन्दीप जोरा र किशोर महतो

अमेरिका र ओमानसँगको म्याच चुनौतीपूर्ण नै हुने एक दिवसीय क्रिकेटमा शतक प्रहार गर्ने नेपालका एक्ला ब्याट्सम्यान पारस खड्का बताउँछन् ।

हालै घोषित नेपाली टोलीमा स्पिनर वसन्त रेग्मी र अलराउन्डर सोमपाल कामी अटाएका छैनन् । वसन्त पारिवारिक र सोमपाल स्वास्थ्यका कारण पनि टिममा परेनन् । तर यी दुवै टिमलाई आवश्यक पर्दा जस्तोसुकै भूमिका निर्वाह गर्ने भरपर्दा खेलाडी हुन् । टिममा युवा खेलाडी कमलसिंह ऐरी, अभिनाश बोहरा र कुशल मल्लले स्थान बनाएका छन् । अभिनाश र कुशलले ट्वान्टी ट्वान्टी म्याच खेले पनि नेपालबाट ५० ओभरको खेल खेलेका छैनन् । फास्ट बलर कमलले त यही लिगमार्फत नेपाली टोलीमा डेब्यु गर्दै छन् ।

प्रशिक्षक टमाटा अनुभवी खेलाडीलाई मिस गरिए पनि नयाँबाट आश गरिएको बताउँछन् । नयाँका लागि अझ उत्कृष्ट प्रदर्शन गर्ने मौका छ । भन्छन्, "केही गरेर देखाउनुपर्छ भन्ने सोच भएका खेलाडीका लागि नयाँ हुनु अवसर पनि हो । यही अवसरलाई छोप्छन् भन्ने आशा गरेका छौं ।"

कप्तान ज्ञानेन्द्र बेन्च स्ट्रेन्थका लागि पनि नयाँ अनुहार टोलीमा हुन जरुरी रहेको तर्क गर्छन् । "पुरानाको अनुभवले टिमलाई बलियो बनाउन सहयोग गर्छ । तर नयाँ खेलाडीको जोसले टिममा नयाँ ऊर्जा सञ्चार गर्छ । नयाँ खेलाडीले यो सिरिजबाट आफूलाई प्रमाणित गर्नेमा उनी पनि आशावादी छन् ।

टिममा नयाँ अनुहारसँगै नेपालको ओपनिङ ब्याटिङ गर्ने जोडी को हुन्छ भनेर कुतूहल थपिएको छ । पछिल्लो समय नेपाली टिमको ओपनिङ लाइनअप सम्हाल्दै आएका कप्तान ज्ञानेन्द्र मल्ल ओपनरका निर्विवाद छनोट हुन् । उनलाई कसले साथ दिने भन्ने प्रश्नमा टमाटा भन्छन्, "हामीसँग अहिले ८ नम्बरसम्मै ब्याटिङ गर्ने खेलाडी छन् । ओपनिङ कसले गर्ने भन्ने खासै समस्या छैन । पारस, शरद भेषवाकर, विनोद भण्डारीहरू पनि तल्लो क्रमबाट ब्याटिङ गर्दै माथिल्लो क्रममा आएका हुन् । टिम मिटिङपछि मात्रै ज्ञानेन्द्रको जोडीको नाम आउला ।"

कसले ओपनिङ गर्नेभन्दा पनि टिमको जित महत्त्वपूर्ण हुने बताउँछन्, कप्तान ज्ञानेन्द्र । भन्छन्, "कसले ओपनिङ गर्छ वा को-को जोडी जम्छ भन्दा पनि नेपालले जित्छ कि जित्दैन भन्ने महत्त्वपूर्ण हो । टोलीलाई आवश्यक पर्दा म आफैं पनि तल्लो क्रममा जानुपर्छ । अहिले नै यो-योले, यसरी-यसरी खेल्छन् भन्नु सान्दर्भिक हुँदैन ।" उनको कूटनीतिक जवाफ छ, "जो-जोले, जहाँ-जहाँबाट वा जुन क्रममा खेले पनि नेपालको जितका लागि खेल्छन् ।" तर अनुभवका आधारमा र टिम संरचना हेर्दा ज्ञानेन्द्र र पारसको जोडीले ओपनिङ गर्ने सम्भावना बढी छ ।

ओमान, अमेरिका र नेपाल सम्मिलित त्रिकोणात्मक सिरिजका लागि कीर्तिपुर मैदानको मुहार फेर्ने काम पनि भएको छ । अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिलले एक दिवसीय म्याच गर्न केही सर्त र पूर्वाधार निर्माणमा जोड दिएको थियो । सोहीअनुसार तारजालीले बारबेर, बाउन्ड्री निर्माण, प्लेयर्स बक्सको संरचनागत सुधार आदि काम भइसकेको छ । भीआईपी प्यारापिट र पिच मर्मत पनि अन्तिम चरणमा पुगेको छ । क्युटेर मधु तामाङका अनुसार पिच खनेर नयाँ बनाउने काम भइरहेको छ । सोही कामको रेखदेख गर्न आईसीसीले श्रीलंकाली बन्दुला वार्नापुरालाई खटाएको छ । उनकै निर्देशनमा पिचको काम भइरहेको तामाङ सुनाउँछन् । ने

< ज्ञानेन्द्र मल्ल

'जनचेतनाका लागि फेसन शो'

सगरमाथा भूगोलको यस्तो बिन्दु हो, जहाँ विश्वका धेरैजसो कीर्तिमान बनेका छन् । हालै नेपाली फेसन कपडा ब्रान्ड कासाले ५ हजार ६ सय ४३ मिटर उचाइमा फेसन शो गरेर विश्व-कीर्तिमान बनाएको छ । कासाकी सञ्चालिका रमिला नेमकुलसँगको कुराकानी :

९ प्रश्न | रमिला नेमकुल

कालापत्थरमा फेसन शो गर्दाको अनुभूति कस्तो रह्यो ?

त्यहाँसम्म हिंड्दा देखिएका भूगोलचाहिं अनौठो लागेको थियो । तर पुगिसकेपछि वातावरण नौलो लागेन ।

शोको लक्ष्य कीर्तिमान राख्नु मात्रै हो ?

फेसन शो भन्नासाथै तारे होटलमा गरिन्छ भन्ने आम मान्यता छ । त्यसलाई तोड्न मैले अघिल्लो वर्ष पाटन संग्रहालयमा शो गरेकी थिएँ । त्यही सिलसिलामा सगरमाथा क्षेत्रमा शो गरेकी हुं । यसको मूल मर्म कीर्तिमानभन्दा पनि जलवायु परिवर्तनबारे जनचेतना फैलाउनु हो ।

यसमा भिजिट नेपाल कसरी जोडियो ?

शोमा सहभागी १८ देशका १२ जना थिए । भिजिट नेपाल भनेको नेपालमा आउनेहरूका लागि हो । फेरि उनीहरूले नेपालको प्रवर्द्धन पनि त गर्छन् । त्यस हिसाबमा नेपाल पर्यटन बोर्ड यसमा जोडिएको हो ।

जलवायु परिवर्तनको असर उक्त क्षेत्रमा कस्तो देख्नुभयो ?

हामी लुक्ला पुग्दादेखि नै हिउं परिरहेको थियो । त्यसैले माथि त घुंडासम्म हिउँले पुरिएला भन्ने अनुमान थियो । तर जति माथि गयो, उति सुक्खा काला पहाड पो देखिए । चिसोचाहिं एकदमै थियो । त्यहाँका बासिन्दाले यस्तो सुक्खा र कालो पहाड पछिल्लो समय देखिएको बताए ।

सगरमाथामा यस्ता कीर्तिमानी कार्यक्रम गर्ने होडबाजी चल्दा वातावरणमा झनै असर पर्दैन ?

हामी कार्बन उत्सर्जन गर्ने कुनै चीज नलिईकन त्यहां पुग्यौं । हेलिकप्टर प्रयोग गरेनौं । पदयात्रा गरेर पुग्यौं । हामीले लगेका सबै सामान कुहिने किसिमका थिए । सकारात्मक रूपमा यो ठाउँलाई उपयोग गर्न चाहेका हौं ।

सगरमाथा क्षेत्रमा फोहोरमैला कत्तिको रहेछ ?

फोहोर हाल्ने झोला लिएर गएका थियौं तर अहिले त एकदमै सफा रहेछ । रित्तै फर्कियौं ।

शोपछिको प्रतिक्रिया कस्तो छ ?

सगरमाथामा के भइरहेको छ भन्ने विश्वभर चासो हुन्छ । मैले नेपालमा भन्दा बाहिरी मुलुकबाट बढी प्रतिक्रिया पाएँ । धेरैले यस्तो कसरी सम्भव भयो भनेर उत्सुकतापूर्वक सोधेका छन् ।

अब शिखरमै न्याम्प गर्ने कि ?

उचाइ मात्र सबथोक होइन । त्यसैले अझै माथि गएर कार्यक्रम गर्नेबारे सोचेकी छैन । तर केही नयां पक्कै गर्छु ।

यो कीर्तिमानबाट मुलुकले के पाउँछ ?

विश्वमा हाम्रो मुलुकको प्रवर्द्धन भयो । दिगो पर्यावरणका फेसनसम्बन्धी सामग्री नेपालमा उत्पादन गर्न सकिन्छ भन्ने देखायो ।

▪ **मनबहादुर बस्नेत**

हिज्जे र चेहरा नमिलेको यती

किशोर नेपाल

बाँचे धेरै देख्न पाइन्छ। कुनै जमानामा नेपालका हिमशृंखला चहार्न आउने पर्वतारोहीको खोजीको विषय रहेको हुन्थ्यो, हिममानव 'यती' । हिममानवको असली नाम थियो, यती । पर्वतारोहीमध्ये कसैले त्यो हिममानवको छाया देखेको बताउँथे । कति महिला पर्वतारोहीले आफूलाई हिममानवले चिसो अँगालोमा कसेको बताउँथे । कति यतीसँग आमनेसामने भएको 'घटना' सुनाउँथे । यती त यती नै थियो । अद्भुत र अदृश्य । निराकार तैपनि चैतन्य ।

मेरो मन र मस्तिष्कबाट कान्तिपथमा रहेको नुक होटलको सम्झना अहिले पनि मेटिएको छैन । त्यो मण्डला बुक्सको अगाडितिर थियो । त्यतिखेर देशमा थोरै होटल र धेरै पर्वतारोही थिए । नुक होटलमा मैले कहलिएका पर्वतारोही र पर्वतारोहणका समाचार 'कभर' गर्न आएका पत्रकारसँग भेट्ने मौका पाएको थिएँ । तीमध्ये एक जना प्रकाशक थिए, जो आफूलाई बुकसेलरका रूपमा चिनाउन चाहन्थे । पेंसे कि पेन्तसें थियो, उनको नाम । उनी जहिले पनि कफी टेबलमा राख्ने ठूलो पुस्तक लेख्ने पर्वतारोही लेखकको खोजीमा हुन्थे । 'यती' देखेको छु भन्ने पर्वतारोहीसँग घन्टौं कुरा गरेर बिताउँथे उनी ।



यता, समयको पछिल्लो दौरानमा यतीको नाम सुन्न पाइएको थिएन । त्यो हिमप्राणी मानिसको कल्पनामा सीमित रह्यो । भिजिट नेपाल २०२० ले यतीसँग भेटघाटको अवसर जुराइदियो । युवा मन्त्री योगेश भट्टराई नेतृत्वको पर्यटन मन्त्रालयले भिजिट नेपालको पपुलर 'मस्कट' छान्यो, यती । अलिकति सोच र समझ राखेर काम गरेको भए यती नेपालको पपुलर मस्कट हुन्थ्यो । उहिले देशका नामुद कलाकार प्रमिला गिरि र ठाकुर मैनालीले बनाएको यतीको इमेज अहिलेसम्म अन्तर्राष्ट्रिय रूपमा नै लोकप्रिय छ ।

त्यसपछि सरकारले दिएको ठेक्कामा काम गर्ने केही नयाँ कलाकार नयाँ यतीको निर्माणमा लागे । उनीहरूले त्यसको स्वरूप तय गरे । एउटा 'रोबस्ट' यती निस्कियो कलाकारहरूको दिमागबाट । बराह अवतारको सुध्रिएको रूप भन्न सुहाउने । न हनुमानजस्तो, न त गणेशजस्तो । कस्तो कस्तो, गोबुलढोग । भिजिट नेपाल २०२० को मस्कट तयार भएको चक्करमा पूरै पर्यटन मन्त्रालय र पर्यटन बोर्डका कर्मचारी तथा पर्यटन व्यवसायी गदगद भए । यस्तो अनौठो मस्कट । देशको सम्पूर्ण परिस्थितिलाई प्रतिनिधित्व गर्ने ।

सानो 'दीर्घ' यतीको खासै खोजी हुँदैनथ्यो, हिजोआज । पर्यटकहरू सशंकित थिए । नेपालको पर्यटक बजार पहिलेजस्तो भरपर्दो थिएन । कतै दीर्घ यती खोज्दा ह्रस्व यतिको फेला नपरियोस् । अहिलेका पर्यटक बरू गाँजा मोल्न तयार थिए । खतरा मोल्न चाहँदैनथे । जनवरी १ मा पर्यटनका अधिकारीले नगरका मुख्य-मुख्य चोक र चौराहामा मस्कट राख्न थाले । पहिले त कसैले केही बुझेन । कतिले त नयाँ देवता स्थापना गर्न लागेको सोचे । यो के चीज आयो सहरमा फेरि ? सबै अलमलिए । पछि पर्यटन वर्षको मस्कट यती भनेपछि सबै गलल्ल हाँस्न थाले ।

सरकारको नेतृत्व स्मार्ट मानिसको हातमा थियो । उनले जनताको हाँसोको अर्थ बुझे । त्यसपछि, आव देखा न ताव । उनले मस्कट हटाउने इसारा गरे । मस्कट विस्थापित गर्न थालियो ।

यतीको नाममा यता केही भइरहेको थियो, त्यो सामान्य थियो । उता, प्रधानमन्त्री केपी ओलीले पार्टीको दोस्रो केन्द्रीय कमिटी बैठकमा बोल्दै वर्तमान सरकार र यती होल्डिङ्स प्रालिसँगको सम्बन्धबारे विशेष चर्चा गरेका थिए । उनको भनाइ थियो, 'यती होल्डिङ्सँग हाम्रो एकदम घनिष्ठ सम्बन्ध या मितेरी साइनो हो कि भने जसरी प्रचार भयो ।' प्रधानमन्त्री ओलीले कुनै अर्को अवसरमा भनेका थिए, गोकर्ण रिसोर्ट यती होल्डिङ्सलाई सञ्चालन गर्न भाडामा नदिएको भए गोकर्ण गाई चराउने टुँडिखेल बन्ने थियो । हे भगवान्, हे गोकर्णेश्वर महादेव ! यस्ता विलक्षणका गाथा त जनताले कसरी जानून् ?

गोकर्ण रिसोर्ट यती होल्डिङ्सलाई सञ्चालन गर्न भाडामा नदिएको भए गोकर्ण गाई चराउने टुँडिखेल बन्ने थियो । हे भगवान्, हे गोकर्णेश्वर महादेव ! यस्ता विलक्षणका गाथा त जनताले कसरी जानून् ?

हो, बाँचे धेरै देख्न पाइन्छ । पहिलेका मानिसको नजरमा 'यती' भन्नेबित्तिकै एउटा झुस्स दाह्री पालेको र शरीरभरि रौं उम्रेको मानिसले आकाशमा उडिरहेको हवाईजहाजमा प्यासेन्जरलाई रातो वाइन सर्भ गरिरहेको दृश्य आइहाल्थ्यो । अहिले त्यो विम्ब फरक भएको छ । यतीको सम्झना गर्दा मदन भण्डारी र पासाङल्हामु शेर्पा अमरत्वको एउटै डोरीमा बाँधिएका छन् । आकाशमा यती उडान छ । बेइजिङदेखि बम्बईसम्म, कश्मीरदेखि काठमाडौँसम्म । ने

कोल्ड ब्युटी

चिसो–चिसो मौसममा हट बनेर हिंड्न पाए कस्तो होला ? फेसनपारखीका लागि हरेक मौसम फेसनेवल हुन सक्छ । नपत्याए, मोडल आरतीसिंह ठकुरीलाई नै हेर्नुस् । कालो पाइन्ट, कालो स्वेटर अनि रातो ज्याकेटमा उनी स्मार्ट र हट दुवै एकसाथ देखिएकी छन् ।

महेश प्रधान

रोडहाउस क्याफेको ब्राउनी

कमाल कमेडी

कान्तिपुर टेलिभिजनबाट प्रसारित नेपालको पहिलो हास्य कार्यक्रम हो, कमेडी च्याम्पियन । नेपाल आइडल, भ्वाइस अफ नेपाल र हिमालय रोडिजपछि कमेडी च्याम्पियन दर्शकको रोजाइमा परेको छ । कार्यक्रम यति चर्चित भएको छ कि यसका थुप्रै एपिसोड *युट्युबमा* ट्रेन्डिङमा परेका छन् । समसामयिकदेखि सामाजिक, सांस्कृतिक, आर्थिक, ठगी र मायाप्रेमका विषयमा हाँसो र व्यंग्य प्रस्तुत गर्दै

घर र अफिसको थकानपछि तनाव कम गर्न रेस्टुराँ जाने चलन बढेको छ । रेस्टुराँ जाने संस्कृति बढेकाले होला, नयाँ-नयाँ विभिन्न टिपिकल स्वादका रेस्टुराँ खुलिरहेका छन् ।

यसैको पछिल्लो उदाहरण हो, रोडहाउस क्याफे । झम्सिखेलमा रहेको क्याफेमा स्पेसल पिज्जाका साथै ब्राउनी आइसक्रिम केक चर्चित छ । तातातो केकमा चिसो आइसक्रिम खान पाए के होला ? वाम लाइटले डेकोरेसनयुक्त क्याफे जमघटका लागि आकर्षक पनि छ ।

आएको कार्यक्रमलाई नायिका केकी अधिकारी र प्रस्तोता रिमा विश्वकर्माले निर्माण गरेका हुन् ।

विशाल भट्टराईले निर्देशन गरेको कार्यक्रममा अग्रज कलाकार सन्तोष पन्त, कमेडियन मनोज गजुरेल, अभिनेत्री ऋचा शर्मा र *जात्रा* चलचित्रका निर्देशक प्रदीप भट्टराई नवस्ट्यान्डअप कमेडियनलाई जज गर्दै छन् । दुई तिहाइको सरकारले जनतालाई महँगी, भ्रष्टाचार, स्वतन्त्रता नियन्त्रण र विकृति मात्र दिए पनि कमेडी च्याम्पियनले भने हाँसो दिएको छ । एकछिन भए पनि दुःख भुलाइदिएको छ ।

बिदा चाचाजी



अन्तराल फोटो बैंक

(विसं १९८४-२०७६)

पुरानो पुस्ताका पत्रकार 'चाचाजी' अर्थात् पन्नालाल गुप्त अब रहेनन् । एउटा सरल, सादगी र सक्रिय जीवनको आदर्श भने उनलाई चिन्नेहरूको स्मृतिमा रहिरहनेछ । ९२ वर्षको उमेरमा १५ माघ साँझ उनको निधन भयो ।

मुलुकको केन्द्रीय मुकामभन्दा टाढा रहेर स्थानीय पत्रकारितामा लामो योगदान गरेका चाचाजी धेरैका प्रिय पत्रकार थिए । नेपालगन्जको पत्रकारिताको एउटा विम्ब थिए, चाचाजी । सेतै फुलेका मसिना दाह्री, ढाकाटोपी र साइकल उनको पहिचान थियो ।

जीवनभर लोकतन्त्र र प्रेस स्वतन्त्रताको पक्षमा लडे । गान्धीवादी अहिंसात्मक विचारमा दृढ रहे । पत्रकारिताका माध्यमबाट झन्डै ५ दशक निरन्तर सेवा गरे । जीवनको उत्तरार्द्धसम्मै सम्पादकका रूपमा साप्ताहिक *किरण*लाई निरन्तरता दिइरहे ।

उनको पत्रकारिता पञ्चायतकालीन राजनीतिक आन्दोलनबाटै सुरु भएको थियो । प्रहरीले खोजी गरेपछि उनी भारत लागे । त्यहाँ उनी कांग्रेस नेताहरूको सम्पर्कमा पुगे र पत्रकारिताबाट आन्दोलनलाई सघाउन थाले । स्थिति सहज भएपछि नेपालगन्ज फर्किएर छोरा विजय गुप्तले थालेको पत्रिका सम्पादन गर्न थाले । स्थिति यस्तो आयो कि बाबुछोराले भूमिका साटेझैं भयो । छोरा विजय राजनीतिमा लागे, चाचाजी पत्रकारितामा । विजय नेपालगन्ज नगरका मेयर भए भने चाचाजी प्रेस स्वतन्त्रता सेनानी ।

साप्ताहिक *किरण*का अलराउन्डर रिपोर्टर थिए, उनी । प्रकाशक र प्रधान सम्पादक पनि उनी आफैं थिए । पत्रिका छापिने अघिल्लो साँझ अबेरसम्म बसेर डिजाइन र हिज्जेसमेत आफैं हेर्थे । पत्रिका छापिएपछि नेपालगन्जमा वितरकले बाँड्थे । बाहिर पठाउन साइकलमा च्यापेर उनी आफैं हुलाक पुग्थे । खासमा चाचाजी 'वान म्यान जर्नालिज्म' का सफल अभ्यासकर्ता थिए ।

चाचाजीले पत्रकारितालाई कहिल्यै व्यवसाय स्वीकारेनन्, न त कहिल्यै विज्ञापन माग्न कतै गए । पत्रकारितालाई मिसन ठाने । समाजसेवा र पत्रकारको सामाजिक उत्तरदायित्व माने । उनी पत्रकारितालाई लोकतन्त्रको साधन मान्दथे । पत्रकारिता आम नागरिकको जीवनपद्धति बन्नुपर्छ भन्थे । विश्वसनीय पत्रकारिताको पक्षपाती थिए, चाचाजी ।

पत्रकार सम्मेलनमा, कार्यक्रममा उनीसँग रिपोर्टिङ गर्ने पत्रकार उनका नाति पुस्ताका थिए । तर कहिल्यै कसैलाई कनिष्ठ भएको महसुस हुन दिएनन् । सबैलाई माया गर्ने हुँदा नेपालगन्जका पत्रकारले केही वर्षदेखि चाचाजीको जन्मोत्सव मनाउन थालेका थिए । गत वर्ष रथारोहणसमेत गरियो ।

सायदै त्यस्ता कुनै कार्यक्रम होलान्, निम्ता आएर पनि चाचाजी नपुगेका होऊन् । त्यसैले त रिपोर्टिङ होस् वा प्रेस स्वतन्त्रताको आन्दोलन, उनी पहिलो लहरमै रहे । नेपाली पत्रकारितालाई त्यो अभिभावकत्व, साथ र सक्रियताको अभाव सधैं खड्किरहनेछ । बिदा चाचाजी !

■ जनक नेपाल

पूर्ण पाठ nepalmag.com.np **मा**

नोटबुक

पवन आचार्य

नेता जुध्ने, गोरू नजुध्ने

यसपालि माघे संक्रान्तिमा नुवाकोटको पञ्चकन्या गाउँपालिकाको घलेभन्ज्याङमा गोरू जुधाइ हेर्ने मौका जुर्‍यो । गोरू जुधाइको पाँचौं संस्करण आयोजना गरेको गाउँपालिकामा ८ हल गोरू मात्रै सहभागी भए । पशुपतिको जात्रा सिद्राको व्यापार भनेझैं नाम गोरू जुधाइ भने पनि सांस्कृतिक कार्यक्रम र जादू प्रदर्शन मिसाइएको रहेछ ।

कार्यक्रममा दलका केन्द्रीयदेखि जिल्ला र स्थानीय तहका नेतासमेतलाई आधा घन्टाजति लगाएर उद्घोषकले आसन ग्रहण गराए । मञ्चमा १५ वटा मात्रै कुर्सी थिए । जो पहिले बोलाइए, उनैले कुर्सीमा बस्ने मौका पाए । पछि बोलाइनेहरू मञ्चमा एकछिन उक्लिए अनि पुनः झरे ।

अब गोरू जुधाउने पालो आयो । पहिलो हल गोरूलाई बारीको पाटामा ल्याइयो तर अचम्म कुरा गोरू जुध्दै जुध्दैनन् । दुवैले एकअर्कालाई नहेरेर बारीको कान्लाको घाँस पो चपाउन थाले । निर्णायकहरूले गोरूलाई आमनेसामने पार्ने निकै प्रयास गरे तर भए विफल । ८ हलमध्ये २ हल गोरू मात्रै जुधे, त्यो पनि मुस्किलले १ मिनेटजति ।

बारीमा गोरू नजुधे पनि मञ्चमा आसन नपाएको भन्दै नेताहरू भने गाँड कोराकोर गर्दै थिए । कोही फलानोलाई भन्दा मलाई किन पछि बोलाएको भन्दै आयोजकसँग बाझाबाझ गर्दै थिए । यो दृश्य देखेर काठमाडौंबाट गएका पत्रकार भन्दै थिए, 'आगामी वर्षदेखि नुवाकोटमा गोरू हैन, नेताहरू जुधाउने प्रतियोगिता राखे भो ।'

अन्य पनि जुधाउने

भिजिट नेपाल २०२० को ब्यानर प्रयोग गरेपछि गोरु जुधाउने कार्यक्रममा पनि पर्यटन बोर्डले आर्थिक सहयोग गर्दो रहेछ । विभिन्न गाउँपालिकामा आयोजना गरिएका गोरू जुधाउने कार्यक्रममा भिजिट नेपाल २०२० का ठूल्ठूला ब्यानर राखिएका थिए । पञ्चकन्यामा चाहिं गोरू नजुधेपछि कार्यक्रममा सहभागी पर्यटन व्यवसायी र टुर अपरेटरहरूले सुझाव दिए- अर्को वर्षदेखि गोरूसँगै भाले र खसी बोका पनि जुधाउने प्रतियोगिता राख्ने । केहीले कुस्ती पनि थप्न सल्लाह दिए । भाषण गर्ने मौका पाएकाले पनि गोरू मात्रै नभएर अन्य पशु पनि जुधाउन पर्ने तर्क गरे । यसो हुंदा पर्यटक भित्र्याउन मद्दत पुग्ने उनीहरूको दलील थियो । स्पेनमा हुने बुल फाइटकै जस्तो प्रतियोगिता गर्नुपर्नेसमेत उनीहरूले बताए ।

तर विश्वमा अहिले 'इथिकल टुरिजम' को प्रवर्द्धन भइरहेको र त्यसमा कुनै पनि जीवजन्तु वा पशुपन्छीको अनुचित प्रयोग,



झैंझगडा बन्देज गरिएको सबैले बिर्से । नेपालमा हुंदै आएको हात्तीपोलो पनि बन्द भइसकेको छ । पशु अधिकारकर्मीले छावा फुटबलको पनि विरोध गर्दै आएका छन् । तर पर्यटन वर्ष सफल पार्नका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने पर्यटन व्यवसायीकै सोचमा परिवर्तन आउन नसकेको कुरा पञ्चकन्यामा छताछुल्ल भयो । यस्तो सोचले पूरा होला त भिजिट नेपाल २०२० को लक्ष्य ?

होमस्टे र मोटरसाइकल

नुवाकोटमा अहिले खुबै चलेको शब्द हो- होमस्टे । काठमाडौंबाट नजिक भएकाले संघीय राजधानीमा आउने विदेशी पर्यटकलाई गाउँ लैजाने योजना बनाउनु नराम्रो होइन । तर पूर्वाधार र योजनाबिनै स्थानीय तहले एक गाउँ एक होमस्टेको अवधारणा सार्वजनिक गर्न थालेका छन् । एउटा स्थानीय तहले होमस्टेलाई प्रवर्द्धन गर्ने भनेर उद्घोष गर्नासाथ अरूले पनि त्यही सिको गर्ने । होमस्टे के हो, पर्यटकलाई कसरी आकर्षित गर्ने । उनीहरूलाई के देखाउने, कहां घुमाउने भन्ने कुनै खाका छैन तर होमस्टे प्रवर्द्धन गर्ने भनेर नारा घन्काइहाल्ने ।

पहिले-पहिले गाउँघरतिर सबैको घरमा एक हल गोरू र दुहुना गाई-भैंसी अनिवार्यजस्तै थियो तर बाटो खन्न थालिएपछि हिंड्न सजिलो भएर पशुपन्छी लाखापाखा लागेका हुन् कि के हो गाउंमा पनि दुधालु भैंसी र गाई भेट्न मुस्किल हुन थालेछ । होटलहरूमा पनि दूध-दहीभन्दा बरू कोक, फ्यान्टा र अनेक थरी जुस सर्वसुलभ ।

गोठ रित्ता तर सबैका आँगनमा थोत्रो नै सही, एउटा मोटरसाइकलचाहिं हुंदो रहेछ । मोटरसाइकल नहुने घर त भेट्नै मुस्किल । मान्छेको आर्थिक समृद्धिको मापक हुन थालेछ, मोटरसाइकल । पहिले-पहिले काँठ क्षेत्रमा देखिएजस्तै बारीमा दाउरा काट्नदेखि पर्म जानसमेत मान्छेले मोटरसाइकल प्रयोग गर्न थालिसकेछन् । कोदालीलाई क्यारिएरमा अड्याएर सरर मोटरसाइकलमा हुइँकिएर खेत खन्न जानेहरू पनि टन्नै भेटिंदा रहेछन्, अचेल । समृद्धि हाम्रै पालामा भनेको यही हो कि सायद । ने

पाल्पा सिमेन्ट इन्डष्ट्रिज प्रा. लि., सुनवल, नेपाल

थप जानकारीका लागि

काठमाडौं शाखा: ९८२४२४४११४, ९८०१९४३५५५, ९८०१९४३५४३ । भैरहवा शाखा: ९८०१९४३५१३, ९८०१९४३५१२

का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८